# वैदेशिक रोजगारबाट महिलाहरूको जीविकोपार्जनमा आएको परिर्वतन लमजुङ जिल्ला मध्यनेपाल न. पा.वडा ४ दुईपिप्लेमा गरिएको एक अध्ययन

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुर
स्नातकोत्तर तह उपाधिको लागि आंशिक आवश्यकता
परिपूर्ति गर्न तयार पारिएको
शोधपत्र


प्रस्तुतकर्ता
गौरी राना
कक्षा रोल नं. १८
सिम्बोल नं. २८३४६
रजिष्ट्रेशन न. : ६-२-०२६३-०१४३-२०१५


२०८१

# त्रिभुवन विश्वविद्यालय
# समाजशास्त्र केन्द्रीय विभाग
# कीर्तिपुर, काठमाडौं

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपुर्ति गर्न गौरी रानाले तयार पारि पेश गर्नु भएको शोधपत्र **"वैदेशिक रोजगारबाट महिलाहरूको जीविकोपार्जनमा आएको परिर्वतन (लमजुङ जिल्ला मध्यनेपाल न. पा.वडा ४ दुईपिप्लेमा गरिएको एक अध्ययन)"** शिर्षक मेरो प्रत्यक्ष सुझाव, सल्लाह र निर्देशनमा रहि तयार पार्नु भएकोले प्रस्तुत शोधपत्रको मुल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.....................................

डा. मनहरि ढकाल

शोध निर्देशक

## त्रिभुवन विश्वविद्यालय
## समाजशास्त्र केन्द्रीय विभाग
## कीर्तिपुर, काठमाडौं

### स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपुर्ति गर्न उपाधि प्राप्तिको लागि शोधार्थी गौरी रानाले तयार गर्नुभएको **वैदेशिक रोजगारबाट महिलाहरूको जीविकोपार्जनमा आएको परिर्वतन (लमजुङ जिल्ला लमजुङ जिल्ला मध्यनेपाल न.पा. वडा ४ दुईपिप्लेमा गरिएको एक अध्ययन**) विषयक शोधपत्रलाई आवश्यक मुल्याङ्कन पश्चात स्वीकृत गर्दछौ ।

शोधपत्र मुल्याङ्कन समिति हस्ताक्षर

सह.प्रा.डा. पासाङ शेर्पा ........................................
विभागिय प्रमुख

डा. गुमानसिंह खत्री ........................................
बाह्य निरिक्षक

डा. मनहरि ढकाल ........................................
शोध निर्देशक

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तहको आंशिक आवश्यकताको परिपुर्तिका निमित्त **वैदेशिक रोजगारबाट महिलाहरूको जीविकोपार्जनमा आएको परिर्वतन (लमजुङ जिल्ला मध्यनेपाल न.पा. वडा ४ दुईपिप्लेमा गरिएको एक अध्ययन**) शिर्षकमा शोधपत्र तयार पारी प्रस्तुत गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभागमा अध्ययनका क्रममा सैद्धान्तिक र समाजशास्त्रीय रूपमा व्याख्या, विचार, विमर्श र ज्ञानलाई व्यवहारिक रूपमा बुझनका निम्ति प्रेरित गर्नुहुने विभागिय प्रमुख पासाङ शेर्पा लगायत सम्पुर्ण प्राध्यापक, उप-प्राध्यापक गुरुहरू प्रति आभार प्रकट गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्न क्रममा महत्वपुर्ण समयका साथ, सुझाव, सल्लाह दिएर मार्ग निर्देशन गर्नुहुने आदरणीय गुरु प्राध्यापक - मनहरी ढकाल ज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । साथै यस शोधपत्र लेखनलाई पुर्ण तथा अन्तिम रूप दिनका निम्ति रचनात्मक टिप्पणी, सुझाव, सल्लाह दिएर महत्वपुर्ण भुमिका खेल्नु हुने बाह्य शोध-निर्दशक आदरणीय डा.गुमानसिंह खत्री ज्यूप्रति आभार प्रकट गर्दछु ।

साथै यस अध्ययन अनुसन्धानलाई पुर्ण रूपमा सफल बनाउनका निम्ति छनोट गरिएको अध्ययन क्षेत्र लमजुङ जिल्ला मध्यनेपाल न.पा. वडा ४ दुईपिप्लेका उत्तरदाताहरू त्यसै क्षेत्रका राजनितिज्ञ, शिक्षक, लगायतलाई धन्यवाद दिन चाहान्छु । यसैगरी मलाई अध्ययनका क्रममा साथ, सहयोग र आवश्यक सल्लाह सुझाव दिने सम्पुर्ण साथीहरू प्रति आभारी छु । समाजशास्त्र केन्द्रीय विभागका सम्पुर्ण पर्ति बिशेष आभार प्रकट गर्न चाहान्छु ।

**गौरी राना**

# विषयसुची


| | |
|---|---|
| सिफारिस पत्र | ii |
| स्वीकृति-पत्र | iii |
| कृतज्ञता ज्ञापन | iv |
| विषयसुची | v |
| तालिका सुची | viii |
| **अध्याय एक : परिचय** | **१-७** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अनुसन्धान प्रश्नहरू | ६ |
| १.४ अध्ययनका उद्धेश्यहरू | ६ |
| १.५ अध्ययनको महत्व | ७ |
| १.६ अध्ययनका सिमाहरू | ७ |
| **अध्याय दुई : पूर्व साहित्यको अध्ययन** | **८- ३२** |
| २.१ सैद्धान्तिक समिक्षा | ८ |
| २.२ वैदेशिक रोजगार सम्बन्धी विद्यमान ऐन तथा नीति नियम | २६ |
| २.३ अवधारणात्मक समिक्षा | ३१ |
| **अध्याय तीन : अनुसन्धान विधि** | **३३-३५** |
| ३.१ अध्ययन क्षेत्रको अनौट र यसको औचित्य | ३३ |
| ३.२ अनुसन्धानको ढाँचा | ३३ |
| ३.३ तथ्याङ्कको प्रकृति र स्रोत | ३३ |
| ३.३.१ नमुना छनोट विधि | ३४ |
| ३.३.२ अर्न्तवाता | ३४ |
| ३.३.३ अवलोकन | ३४ |
| ३.४ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण | ३५ |
| ३.५ अध्ययनको सीमा | ३५ |
| **अध्याय चार : तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण** | **३६-५५** |
| ४.१ अध्ययन क्षेत्रको परिचय | ३६ |

४.२ विप्रेषणको प्रयोगले सामाजिक अवस्था र यसमा आएको परिर्वतन ३८
४.२.१ अध्ययन क्षेत्रको जातिगत विवरण ३८
४.२.२ अध्ययन क्षेत्रको जनसंख्याको विवरण ३९
४.२.३ पेशागत विवरण ४०
४.२.४ घरको प्रकार ४३
४.२.५ वैदेशिक रोजगार अघिको पेशा ४३
४.२.६ वैदेशिक रोजगारमा सम्लग्नहरूको उमेर ४४
४.२.७ शैक्षिक अवस्था ४५
४.२.८ उत्पादनको अवस्था ४६
४.२.९ उत्पादित वस्तुको प्रयोग ४७
४.२.१० सिप तथा भाषा ४८
४.२.११ वैदेशिक रोजगारका गन्तव्य ४९
४.२.१२ जमिनमा स्वामित्व ५०
४.२.१३ वैदेशिक रोजगारका कारणहरू ५१
४.३ आर्थिक अवस्था ५२
४.३.१ आम्दानीको विवरण ५२
४.३.२ वैदेशिक रोजगारमा गए पश्चात आम्दानीमा परिवर्तन ५४
**अध्याय पाँच : वैदेशिक रोजगारीले महिलाहरूको आर्थिक अवस्था र जीविकोपार्जनमा आएको परिवर्तन ५६-७६**
५.१. आर्थिक अवस्थामा र आत्मनिर्भरता ५६
५.२ जीविकोपार्जनका नयाँ माध्यमहरू ६०
५.३ सामाजिक सहभागिता र निर्णय क्षमतामा वृद्धि ६२
५.४ आत्मविश्वास र चेतनामा वृद्धि ६४
५.५ शिक्षा र स्वास्थ्यमा सुधार ६५
५.६ वैदेशिक रोजगारबाट प्राप्त आम्दानी र उपयोग ६७
५.७ मुख्य प्राप्ति तथा समग्रतामा परिवर्तन ७०
**अध्याय छ : सारश र निष्कर्ष ७७-८२**
६.१ सारांश ७७

६.२ निश्कर्ष ८१

**सर्न्दभसुची** **८३-८५**

**प्रश्नावली** **८६-९३**

# तालिका सुची


तालिका नं. १ घढ जातिगत जनसँख्याको विवरण ३९

तालिका नं. २ वडा अनुसार जनसँख्या विवरण ४०

तालिका नं. ३ वैदेशिक रोजगारमा सँलग्न परिवारको पेशागत विवरण ४१

तालिका नं. ४ वैदेशिक रोजगारमा सँलग्न परिवारको वैदेशिक रोजगार पछिको घर वनौटको विवरण ४२

तालिका नं. ५ वैदेशिक रोजगारमा सम्लग्न अघिको व्यक्तिको पेशागत विवरण ४३

तालिका नं. ६ वैदेशिक रोजगारमा सम्लग्न व्यक्तिको उमेर समुहको विवरण ४४

तालिका नं. ७ वैदेशिक रोजगारमा सम्लग्न हरूको शैक्षिक अवस्थाको विवरण ४५

तालिका नं. ८ वैदेशिक रोजगारमा सँलग्न परिवारको उत्पादनको विवरण ४६

तालिका नं. ९ वैदेशिक रोजगारमा सँलग्न परिवारले उत्पादन गरेको वस्तुको विवरण ४७

तालिका नं. १० वैदेशिक रोजगारवाट आएका व्यक्तिमा भएको सिपको विवरण ४८

तालिका नं. ११ वैदेशिक रोजगारका लागि जाने गन्तव्य देशहरूको विवरण ४९

तालिका नं. १२ वैदेशिक रोजगारमा सँलग्न परिवारको जमिनको स्वामित्वको विवरण ५०

तालिका नं. १३ वैदेशिक रोजगारमा जाने कारणहरूको विवरण ५१

तालिका नं. १४ वैदेशिक रोजगारमा सँलग्न हुनु अघिको परिवारको मासिक आम्दानी विवरण ५३

तालिका नं. १५ वैदेशिक रोजगारमा सम्लग्न परिवारको आर्थिक सुधारको अवस्था ५४

तालिका नं. १६ वैदेशिक रोजगारवाट प्राप्त वार्षिक आम्दानीको विवरण ६७

तालिका नं. १७ वैदेशिक रोजगारमा गएका परिवारमा आएको परिवर्तनका विवरण ६८

तालिका नं. १८ वैदेशिकमा रोजगारवाट भएको आम्दानीको उपयोगिताको विवरण ७०

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वैदेशिक रोजगारका आय आर्जनका लागि आफ्नो देश भन्दा बाहिर गएर शारिरीक अथवा मानसिक श्रम गर्ने रोजगारी हो । विश्व बजारमा बैदेशिक रोजगारीका लागि विभिन्न देशका जनशक्तिहरू खपत हुने गर्दछन् । वर्तमान नेपाली वैदेशिक रोजगारको विप्रेषणले धानिरहेको अवस्था छ । नेपालले अन्तर्राष्ट्रिय श्रम बजारमा आवश्यकता अनुरूपका युवाजनशक्तिहरूलाई सिमित समयका लागि आधिकारी तवरले पढाउदै आएरहेको पाइन्छ । यसरी आफ्नो देशको सिमा पार गरी अन्य मुलुकमा आयआर्जनको काम गर्नुलाई बैदेशिक रोजगार भनिन्छ ।

विश्वको कुनै एक क्षेत्र वा मुलुकमा रहेको बेरोजगार श्रमशक्ति विश्वको अर्को क्षेत्र वा मुलुकमा रोजगारीका लागि जाने काम हुन्छ भने यस अवस्थामा वैदेशिक रोजगारीको सृजना हुन्छ । यसरी एक मुलुकको श्रम वजारको श्रमशक्ति अर्को मुलुकको श्रम वजारमा व्यवस्थित रूपमा गई रोजगार गर्नु लाई वैदेशिक रोजगार भनिन्छ (वैदेशिक रोजगार ऐन, २०६४) ।

श्रम आप्रवासनले अहिले नेपालको समाज र अर्थतन्त्रमा ठूलो प्रभाव पारेको छ । श्रमशक्तिको पलायन र त्यसको परिणाम स्वरूप सामाजिक तथा आर्थिक रेमिट्यान्सले घरायसी जीविकोपार्जनको संरचना र देशको अर्थतन्त्रलाई नयाँ आकार दिएको छ कोभिड १९ को कारणले नेपालको सामान्य माइग्रेसन ढाँचामा आमूल परिवर्तन भयो, जसले भारत र खाडी देशहरू/मलेसियामा काम गर्ने धेरै आप्रवासीहरू नेपाल फर्कन बाध्य भएका थिए । यी आप्रवासीहरूको एक महत्वपूर्ण अनुपातले आफ्नो कामको स्थानमा, नेपाल फर्कने क्रममा, र त्यसपछि आफ्नो समाजमा पुनः एकीकरण हुँदा विभिन्न भेदभावहरूको सामना गर्नुपरेको थियो (अधिकारी, २०२१) ।

विश्वको कुनै क्षेत्र वा मुलुकमा रहेको वेरोजगार श्रमशक्ति विश्वको अर्को क्षेत्र वा मुलुकमा रोजगारीका लागि जाने काम हुन्छ भने यस अवस्थामा वैदेशिक रोजगारीको सृजना हुन्छ ।

यसरी एक मुलुकको श्रम वजारको श्रमशक्ति अर्को मुलुकको श्रम वजारमा व्यवस्थित रूपमा गई रोजगार गर्नु लाई वैदेशिक रोजगार भनिन्छ (प्रसाई, २०७८) ।

विकासशील राष्ट्रहरूको सूचीमा पर्ने नेपाल शिक्षा, स्वास्थ्य, गरिबी जस्ता समस्यावाट अझै पनि उठ्न सकेको छैन । कृषि प्रधान देशको रूपमा रहेतापनि कृषि क्षेत्रको उचित विकाश हुन सकेको छैन । कृषि क्षेत्रमा निर्भर बहुसंख्यक जनताको आर्थिक स्तर अझै पनि आधारभूत आवश्यकता परिपूर्तिका लागी भौतारिनु पर्ने अवस्थामा छ (के.सी., २०७९) ।

सन् १९५० को सन्धि अनुसार नेपाल र भारतमा दुवै देशको जनतालाई स्वतन्त्रतापूर्वक आवतजावत गर्न दिइने, सम्पत्ति र सुरक्षाको अधिकार दिइएकाले पनि कुनै पनि व्यक्ति आवतजावत गर्न कुनै रोकतोक छैन । तर अन्य देशमा जाँदा राहदानी र प्रवेशाज्ञाको व्यवस्था नभइ नहुने कुराहरू हुन् । शाब्दिक अर्थमा वैदेशिक रोजगार भन्नाले स्वदेश बाहिरको नोकरी वा निश्चित ज्याला भन्ने बुझिन्छ । यसरी विश्वको वा एक देशको श्रम बजारको श्रम शक्ति अर्को देशको श्रम बजारमा व्यवस्थित रूपमा गई रोजगार गर्नुलाई वैदेशिक रोजगार भनिन्छ र विश्व श्रम बजारमा रहेका श्रमशक्तिको व्यवस्थित निर्यात गर्ने कार्यलाई वैदेशिक रोजगार व्यवसाय भनिन्छ (पण्डित, २०७७) ।

नेपालको अर्थतन्त्र मूलतः रेमिट्यान्समा निर्भर हुँदै गएको देखिन्छ । विश्व बैंकको तथ्याङ्कअनुसार सन् २०१८ मा कुल ग्राहस्थ उत्पादनमा रेमिट्यान्सको सबैभन्दा बढी हिस्सा हुनेमा नेपाल विश्वमा पाँचौं नम्बरमा रहेको छ भने दक्षिण एसियामा पहिलो रहेको छ । आर्थिक सर्वेक्षण २०१९/२० को तथ्याङ्कअनुसार कुल ग्राहस्थ उत्पादनमा यसको योगदान ४८.९ प्रतिशत पुगेको छ । यस्तै आर्थिक वर्ष २०१८/१९ मा रेमिट्यान्स प्रवाह रु. ८७९ बिलियन थियो भने २०१९/२० को पहिलो ८ महिनामा रु. ५९२ बिलियन प्राप्त भएको थियो (काप्रि र झा, २०२०)।

नेपालबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जानेहरूको संख्या २१ लाख ६९ हजार ४सय ७८ जना रहेको छ । भरखरै सार्वजनिक जनगणनाको तथ्याङ्क अनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ (३,०८,४७,८५७) मध्ये विदेशमा रहेको अनुपस्थित जनसंख्या संख्या २१,६९,४७८ देखिएको छ, जसमध्ये पुरूष हरूको प्रतिशत ८१.२८ र महिलाको प्रतिशत १८.७२ रहेको छ । वीस वर्ष अघि २०५८ सालमा घरपरिवारमा अनुपस्थित (विदेश

जानेहरू) सङ्ख्या ७,६२,१८१ थियो, जसमध्ये पुरूष ६,७९,४६९ (८९.१ प्रतिशत) र महिला ८२,७१२ (१०.९ प्रतिशत) थिए । भौगोलिक क्षेत्रअनुसार अनुपस्थित जनसङ्ख्याको विश्लेषण गर्दा तराईबाट विदेशमा गएका ८,११,८८०, पहाडबाट ९,९८,०८७ र हिमालबाट १,०७,९३६ जना देखिन्छन् । जिल्लागत आधारमा सबैभन्दा बढी काठमाडौंबाट ९७,६२६ जना विदेशमा गएका छन् भने झापा, मोरङ्ग, रूपन्देही, कैलाली आदि प्रत्येकबाट ६० हजारभन्दा बढी जनसङ्ख्या विदेशमा गएको देखिएको छ । ७७ वटै जिल्लाबाट धेरै थोरै व्यक्तिहरू विदेशिएको देखिएको छ । यसबाट कुल जनसंख्याको करिव ७.२० प्रतिशत जनसंख्या रोजगारी तथा अन्य प्रक्रियामा मुलुक बाहिर रहेको प्रष्ट भएको छ र यसको अधिकांश हिस्सा वैदेशिक रोजगारीमा नै केन्द्रित रहेको छ । स्मरणीय छ, वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार करिव ३६ हजार महिलाहरू विदेशिक रोजगारमा गएको देखिए पनि अलेखवद्ध रूपमा वैदेशिक रोजगारमा गएको महिलाहरूको संख्या पनि उल्लेख्य रहेको अनुमान गरिएको छ । खासगरी रोजगारीको अवसरको खोजी र जीविकोपार्जनको आवश्यकता पूरा गर्न बाध्यात्मक अवस्थामा रहेका मानिसहरू वैदेशिक रोजगारीको क्रममा अत्यन्त शोषित हुने गरको घटनाहरू दैनिक चर्चाको विषय भइसकेको र नक्कली कागजात वा गलत प्रक्रियाको अवलम्बन, शोषण ठगी, अनियमितता र विना सरकारी स्वीकृति विदेश जाने, खासगरी खुला सिमानाको प्रयोग गरी विना कागजात विदेशिनु, भिजिट भिषा वा इन्ट्रि भिसाका नाउँमा विना श्रम स्वीकृति वैदेशिक रोजगार बजारमा प्रवेश बेचविखन र शोषणको जोखिम आदि आम नागरिक तहसम्म बहसका विषय बनिरहेका छन् । रोजगारीको अवसरको अभाव, गरिवी, अशिक्षा, द्वन्द, सामाजिक तथा लैङ्गिक विभेद, कमजोर कानून व्यवस्था, गलत सूचना, प्राकृतिक प्रकोप, छिटो सम्पत्ति कमाउने लालसा आदि अनेकौ कारणले मानिसहरू वैदेशिक रोजगारीको क्रममा ठगिने वा जोखिमपूर्ण अवस्थामा पुगेका पाइन्छन् (के.त.वी. २०७८) ।

नेपालको सन्दर्भमा हेर्दा यहाँ रहेको जनशक्तिको पूर्ण रूपमा परिचालन भएको छैन । विशेषतः कृषिमा संलग्न वहुसंख्यक जनसंख्या अर्धवेरोजगारको अवस्थामा छन् अर्थात वर्षमा ८ महिना वेरोजगारी र कम्तीमा ४ महिना रोजगारी रहेको अवस्थाले देशमा वेरोजगारीको समस्या धेरै नै छ भन्न सकिन्छ । यसका साथै कृषिमा संलग्न अर्धवेरोजगार लगाएत शिक्षित, दक्ष व्यक्तिहरूले पनि आफ्नो क्षमता अनुसारको रोजगार नपाउदा वेरोजगारीको अवस्था बढ्दो क्रममा रहेको देखिन्छ । यसरी देश भित्रको जनशक्ति, श्रमशक्ति वेरोजगार

रहेको र पूर्णरूपमा खपत गराउन सकिने माध्ययको कमि रहेको अवस्थामा नेपालले विश्वमा श्रमशक्तिको माग रहेको राष्ट्रहरू सँग संझौता गरी देशमा रहेको वेरोजगारी जनशक्तिलाई उक्त बजारमा खपत गराउने नीति लिएको छ (दाहाल, २०७८) ।

विश्वव्यापीकरण र खुल्ला आर्थिक अर्थव्यवस्थामा श्रमको आदान प्रदान र सर्वसुलभ सस्तो श्रमको आयात तथा निर्यातबाट विकास भएको वैदेशिक रोजगार कुनै देशको सिमा नाघेर अर्को देशमा जाने प्रचलनले समाजमा व्यापकता पाउँदै गएको छ । विश्व व्यापिकरण र खुल्ला आर्थिक अर्थ व्यवस्थामा श्रमको आदान प्रदान र सर्व सुलभ सस्तो श्रमको आयात तथा निर्यातवाट विकास भएको यो शव्द कुनै देशको सिमा नाघेर अर्को देशमा जानु र श्रमको मुल्य लिनु हो । सरल रूपमा एक देशको नागरिक आफ्नो देश वाहिर श्रम गर्न जाने व्यवस्था लाई वैदेशिक रोजगार भनिन्छ । नेपाल जस्तो भौगोलिक र प्राकृतिक विविधताले सम्पन्न देश भएता पनि यसको सदुपयोग हुन नसक्दा र औधोगिक विकास हुन नसक्दा यहाको श्रमशक्ति पनि वैदेशिक रोजगारीको लागि जानु पर्ने अवस्था सिर्जना भएको छ । मानिसमा विद्यमान बहु आयामिक ईच्छा आकांक्षाले गर्दा सभ्यताको शुरु हुनु भन्दा पूर्व नै मानिसले संसारको एक ठाउँवाट अर्को ठाउँमा जाने क्रम शुरु गरिसकेका थिए । नेपाल जस्तो कृषि प्रधान मुलुकवाट यहाँको परम्परागत कृषि प्रणालीले गर्दा दुःख अनुसार फल प्राप्ती नहुनु र आफ्ना दैनिक आवश्यकता परिपूर्तिमा कठिनाईले वैदेशिक रोजगार नै नेपालीहरूका लागी भर पर्नु परेको अवस्था छ ।

नेपालमा नै अथाह सम्भावना भएर पनि आफ्ना स्रोतहरूको प्रचुर मात्रामा प्रयोग गर्न नसकी अविकसित राष्ट्रहरूको सूचिमा पर्ने गरिवी, शिक्षा, स्वास्थ्य, भोकमरी जस्ता समस्यामा अल्झिरहेको छ । कृषि प्रधान मुलुकको रूपमा चिनिने मूलुक कृषि क्षेत्रको उचित र बैज्ञानीक रूपमा विकास हुन सकेको छैन । अझै पनि कृषि जन्य उत्पादन तरकारी, चामलमा समेत भारत, चीन जस्ता मुलुक सँग आश्रीत छौं । कृषि क्षेत्रमा आश्रीत बहुसंख्यक जनताको आर्थिक स्तर अझै पनि आधारभुत आवश्यकता परिपूर्तिका लागी भौतारीनु पर्ने अवस्था नै छ ।

यस सन्दर्भमा नेपाली समाजमा वैदेशिक रोजगारी र आयले साना ठुला, अल्पकालीन दीर्घकालीन महत्वका प्रभावहरू पारेको छ नै । यस्ता प्रभावहरू हाम्रो जस्तै अवस्था भएका

अन्य मुलुकहरूमा पनि पारेकै होला । यस्ता अनेक प्रभावमध्ये विप्रेषणले महिलाहरूको जीविकोपार्जनमा आएको परिर्वतनको बारेका अध्ययनहरूको समीक्षा आवश्यक छ ।

## १.२ समस्याको कथन

बढ्दो जनसंख्या र औद्योगिकिकरणको कमिले देश भित्रका जनशक्ति त्यसै खेर गइरहेका छन । राष्ट्र भित्रका अधिक जनशक्ति कृषिमा निर्भर रहेको र अन्य रोजगारीका वैकल्पिक उपायहरू कमै भएको अवस्थामा बैदेशिक रोजगार एक महत्वपूर्ण विकल्पको रूपमा देखा परेको छ । जुन कुरा नेपाल सरकारले स्विकारेर यस व्यवसायलाई विश्वसनिय, व्यवस्थीत र सुरक्षित बनाउन ऐन, निती बनाउने तथा अन्य आवश्यक कदम चालिरहेको छ । यति महत्वपूर्ण विषय भएर पनि यस विषयमा स्थलगत अध्ययन त्यति भएको पाइदैन । आर्थिक, सामाजिक, सास्कृतिक परिवर्तन लगाएत मानवीय चेतना स्तरमा समेत आएको परिवर्तनले निश्चित पेशा व्यावसाय निश्चित कार्यमा सिमित रहने कार्य निरन्तर परिवर्तन हुदै आएको छ ( Adhakari, 1990) ।

यसका साथै नेपालमा वैदेशिक रोजगार बाट हुने वार्षिक आय र वैदेशिक रोजगारमा जाने आउनेको सांख्यिकिय रेकर्ड राख्ने मात्र काम भएको छ तर बैदेशिक रोजगारले कामदारको आर्थिक, सामाजिक तथा साँस्कृतिक पक्षमा पारेको प्रभाव, सीप र दक्षतामा परेको प्रभाव, प्रविधि हस्तान्तरण, वैदेशिक रोजगार प्रति उनीहरूको धारणा बारेमा स्थालगत तथा स्थान विशेष अध्ययन हुन नसकेको अवस्था छ र यस किसिमको स्थलगत तथा स्थान विशेष अध्ययन आफैमा एउटा अनुसन्धानको विषयवस्तु हुन सक्छ जसले गर्दा यो अनुसन्धान गर्न खोजिएको हो । श्रमिक युवाहरू वैदेशिक रोजगार प्रति आकर्षण हुनुको मुख्य कारण खोज्दै, तिनीहरूको अनुपस्थितीमा सम्बन्धीत क्षेत्र उत्पादकत्वको क्षेत्रमा परेको प्रभाव लगाएत वैदेशिक राजेगारबाट प्राप्त रकमले उनिहरूको परिवारीक जीवन तथा रहनसहनमा के-कस्तो प्रभाव परेको छ ? तिनीहरूको अनुपस्थितीमा परिवार तथा समाजले के-कस्ता समस्याहरू भेल्नु पऱ्यो ? भन्ने जस्ता सवालहरूको खोजी गर्नका लागि यो शोध मुख्य निर्देशित छ ।

यसरी वैदेशिक रोजगारमा जाने विगतवाट अहिले सम्म मानिसहरूको सामाजिक परिवर्तन कस्तो रहेको छ र विगत र वर्तमानमा कस्तो परिवर्तन आएको छ ? नेपालमा जनसंख्या

वृद्धि र औद्योगिकरणको कमिले देश भित्रको जनशक्ति त्यसै खेर गई रहेको छ । देश भित्रको अत्यधिक जनशक्ति कृषिमा भर परेको अन्य रोजगारीको वैकल्पिक उपायहरू कम भएकोले पनि वैदेशिक रोजगारी एक महत्वपूर्ण रूपमा देखा परेको छ । कृषि क्षेत्रको विकास नेपालको मेरुदण्ड भएता पनि उचित र वैज्ञानीक रूपमा विकास हुन नसकि कृषि उत्पादनमा ह्रास आउनाले आधारभूत आवश्यकता परिपूर्ति गर्नमा नेपालीहरू गाह्रो परिरहेको अवस्था छ । राजनितिक स्थिरता कायम नभएर देश विकासका क्रियाकलापहरू सुचारु रूपले संचालन हुन सकेको छैन विकासका प्रचुर सम्भावना र त्यसवाट सिर्जना हुन सक्ने लाखौं रोजगारीका वावजुत पनि नेपालीहरू वैदेशिक रोजगारीका लागि जानुपर्ने वाध्यता रहिआएको छ । वैदेशिक रोजगारीवाट प्राप्त हुने वैदेशिक मुद्राले गर्दा समाजमा कस्तो परिवर्तन ल्याएको छ ? परिवारहरूमा यसले पारेका सकारात्मक र नकारात्मक परिवर्तनहरू के कस्ता छन् ? यो अध्ययनमा उक्त सवालहरूका उत्तर खोज्ने प्रयास गरिएको छ ।

## १.३. अनुसन्धान प्रश्नहरू

यस विषयमा यस क्षेत्रवाट कसैले पनि अध्ययन नगरेको र वैदेशिक रोजगारमा वढी व्यक्ति संलग्न भएको पाईन्छ । वैदेशिक रोजगार आफैमा एक आर्थिक क्रियाकलाप हो । यसरी आर्थिक पक्षको सँगै आउने सामाजिक परिवर्तन सँग सम्बन्धित हुन्छ । गरिबी, वेरोजगारी, अरुको देखा शिखी, अध्ययन गर्न, धेरै कमाई गर्न नेपाली श्रमिकहरू वैदेशिक रोजगारमा जाने क्रमसँगै समाजमा आएको सामाजिक परिवर्तनहरू पत्ता लगाउने साथै वैदेशिक रोजगारवाट कमाएको रकमले उनिहरूको पारिवारीक जिवनस्तरमा आएको आर्थिक परिवर्तन हेर्ने सवाल सहित यो शोध निर्देशित छ । जसलाई निम्न अनुसन्धानान्मक प्रश्नहरूले विश्लेषण गरिएको छ ।

१. नेपालको ग्रामिण भागमा पुरुषहरूको बसाइँसराईले महिलाहरूको आर्थिक भुमिका र जीविकोपार्जनको अभ्यासलाई कसरी परिवर्तन गर्छ ?

## १.४. अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययनको मुल उद्देश्य वैदेशिक रोजगारमा संलग्न तथा पारिवारीक जिवन स्तरमा आर्थिक परिवर्तनको अध्ययन गरी वैदेशिक रोजगार प्रति आकर्षण वढ्नुको कारण पत्ता लगाउनु हो । यसको विशिष्ट उद्देश्यहरू निम्न प्रकार छन् ।

१. वैदेशिक रोजगारमा संलग्न परिवारको वैदेशिक रोजगारमा जान अघि र गईसकेपछिको महिलाहरूको आर्थिक र जीविकोपार्जनमा आएको परिवर्तन कारण र प्रभावबारे पत्ता लगाउन ।
२. बसाइँसराईले महिलाको स्रोत साधनमा पहुँच आयआर्जन गतिविधी र घरपरिवारमा निर्णय लिने प्रकृया बारे पत्ता लगाउने ।

## १.५ अध्ययनको महत्व

हरेक अध्ययनको आ-आफ्नै महत्व छ । यस अध्ययनले पनि वैदेशिक रोजगारवाट प्राप्त विप्रेषणले महिलाहरूमा आएको परिर्वनको अध्ययनको लागी लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं ४ दुईपिप्लेलाई लिईएको छ । यसले सो क्षेत्रमा वैदेशिक रोजगारवाट प्राप्त विप्रेषणले महिलाहरूमा आएको परिर्वनलाई प्रकाश पार्ने काम गरिने छ । यस अध्ययनको निर्ष्कषवाट भविष्यमा वैदेशिक रोजगारले समाजमा पारेको प्रभाव वारेमा थप अध्ययन गर्न र मुलुकको निती निर्माताहरूका लागि उपयोगी हुनेछ । सामाजिक, पारिवारीक तथा सांस्कृतिक रूपमा समाजलाई वैदेशिक रोजगारीले कसरी प्रभावित गरिरहेको छ, सोको वारेमा जानकारी हासिल गर्न साथै पारिवारीक संरचना, शिक्षा, स्वास्थ, रहनसहन, लवाई-खवाई, विवाह, पारिवारको तह हुदै व्यत्तिगत अवस्था र यसले समाजमा पारेको प्रभाव र परिवर्तनलाई वुझ्न यसको महत्व रहेको छ । जुन समाजशास्त्रीय हिसावले वैदेशिक रोजगार लाई बुझ्न र अध्ययन गर्न चहाने भावी अनुसन्धानकर्तालाई पनि यो एउटा जानकारी प्राप्त गर्न सहयोगी र उपयोगी रहनेछ ।

## १.६ अध्ययनका सिमाहरू

अनुसन्धानमा शोधकर्ता विधार्थी भएकाले यस अध्ययनका लागि छानीएको विषयवस्तु सिमित क्षेत्रमा मात्र गरिएको छ । जुन कारणले गर्दा यस शोधवाट आएका निष्कर्षहरू अन्य ठाउँसम्म मेल नखान सक्छ । लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं ४ दुईपिप्लेमा रहेर यस अनुसन्धान गरिएको छ ।

# अध्याय दुई
# पूर्व साहित्यको अध्ययन

## २.१ सैद्धान्तिक समिक्षा

विश्वप्रणाली भित्रका राष्ट्रहरू केन्द्र, अर्धपृष्ठ र पृष्ठक्षेत्र जस्ता वेग्ला वेग्लै क्षेत्रहरूमा विभाजित रहेका छन् । भौगोलिक केन्द्र वा केन्द्रको विश्वप्रणालीमा प्रभुत्वशाली स्थान रहेको छ । जसमा उत्पादनको उन्नत प्रणाली भएका मजबुद र शत्तिशाली राष्ट्रहरू पर्दछन् । केन्द्रका राष्ट्रहरूमा आर्थिक क्रियाकलापहरू जटिलता र पुँजी सँग्रहको स्तर सबै भन्दा बढी हुने गर्दछ । केन्द्रका राष्ट्रहरूले अत्याधुनिक प्रविधीहरू र बढी यान्त्रिकृत उत्पादनका साधनहरू प्रयोग गरेर विशिष्ट रूपमा परिस्कृत वस्तुहरूको उत्पादन गर्दछन् । केन्द्रका देशहरूले बढी मूल्य पर्ने सामानहरू अर्धपृष्ठ राष्ट्रहरू जसलाई तेस्रो विश्वका राष्ट्रहरू पनि भनिन्छ र तिनीहरू सँग शक्ति धन र प्रभुत्व कम हुने गर्दछ (वालेस्ट्रेन १९८०) ।

समग्रमा वर्तमान अवस्थामा वैदेशिक रोजगारले सहभागी व्यक्तिको पारिवारीक तथा सामाजिक सम्बन्धमा केही सुधार आए पनि यो दीर्घकालिन रूपमा रही रहन सक्ने देखिदैन । किनकी सक्रिय जनशक्तिले आफ्नो पौरख र पसिना विदेशी भूमिमा बगाइरहेका छन् । त्यसमा पनि धेरै जसो सहभागिहरू सँग सीपको अभावले सस्तो मूल्यमा एउटा अदक्ष वा अर्धदक्ष श्रमिकको रूपमा विदेशमा काम गरिरहेका छन् । जसले गर्दा आफ्नो देशमा वा सम्बन्धित क्षेत्रमा रहेको कृषि क्षेत्रपनि खेती गर्ने मानिसको अभावमा संकटमा पर्दै गएको देखिन्छ । त्यहाँबाट फर्किदा आफू र आफ्नो परिवारको लागि चाहिने विभिन्न विदेशी सामानहरू अन्य मनोरञ्जनका साधनहरूको खरिदले बचेको पूँजीपनि पुनः केन्द्र स्तरका देश वा अन्य मुलुकहरूमा गएको देखिन्छ । यसरी एकातर्फ अध्ययन क्षेत्र विश्व बजारमा पाइने बस्तुहरूको प्रयोग गर्दै विश्व व्यापीकरण तर्फ अगाडि बढेको देखिन्छ भने अर्को तर्फ यी सामाग्रीहरूको खरिद गर्दा वैदेशिक रोजगारलाई व्यवस्थित नगर्ने हो भने यसले परनिर्भरताको स्थिति सिर्जना गर्न सक्ने देखिन्छ ।

यसरी प्रभुत्व कम हुने देशवाट जाने मजदुरहरूले आर्जन गर्ने विप्रेषणले उनीहरूको आफ्नो जीवन चलाउनुपर्ने वाध्यताको कारण केन्द्र संग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाको सिर्जना

हुन्छ । लमजुङ जिल्लावाट वैदेशिक रोजगारमा जाने व्यक्तिहरूले पनि शहरी जिवन र विलाशिताको रहर गरेता पनि उनीहरूले सिमित स्रोत र साधनको कारणले गर्दा शहरी जीवन संग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाको सिर्जना भएको छ । प्रतिस्पर्धा गर्न खोज्दा धेरै समय वैदेशिक रोजगारमा रहनु पर्ने अवस्थाको रहेको छ ।

परनिर्भरताको सिद्धान्तकार ए.जी.फेन्कका अनुसार संसारमा रहेका शक्तिशाली केन्द्र राष्ट्रले उपग्रह राष्ट्रको शोषण गर्ने गरेका हुन्छन् । उपग्रह राष्ट्र केन्द राष्ट्रसंग आश्रित वा परनिर्भर भएर रहेको हुन्छ । यस्तो परनिर्भरताको सम्वन्ध विश्व व्यापीमात्र नभएर राष्ट्रिय र स्थानिय तह साथै क्षेत्रिय स्तरमा पनि हुने गर्दछ । अतिरिक्त मुल्य र पुंजीलाई मुख्य केन्द्रले आफ्ना परनिर्भरता अन्तरगत परेका क्षेत्रवाट शोषण गरेका हुन्छन् । केन्द्रका राष्ट्रले उपग्रहलाई जहिले पनि शोषण गर्ने हुनाले उपग्रह राष्ट्र कमिक रूपमा गरिव वन्दै जान्छन् । विकास उन्मुख राष्ट्रहरूले कृषि जन्य कमज्यालाका कच्चा पदार्थ उत्पादन गर्दछन् । यस्ता कच्चा पदार्थहरू सम्पन्न र विकशित राष्ट्रहरूले सस्तो दरमा खरिद गर्दछन् र आफ्नो प्रविधि प्रयोग गरी तयारी समानको रूपमा उत्पादन गरि महंगो मुल्यमा फेरी विकास उन्मुख राष्ट्रलाई वेच्ने गर्दछन् । यस्तो असमान साटासाटको प्रकृयाको कारणले विकासउन्मुख राष्ट्रहरू अल्पविकसित अवस्थामा पुग्ने गर्दछन् (देवकोटा, २०७६) ।

विश्वव्यवस्था अर्न्तगत यसका विभिन्न भागहरू (केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र) विभिन्न कुराका लागि महत्वपूर्ण हुँदै गएका विशिष्ट कार्यहरू (श्रमको उत्पादन, खाधान्न उत्पादन, कच्चा पदार्थको उपलब्धता र प्रयोगका वस्तुको निर्माण) गर्दै गए । जस्तैः- अफ्रिकाले दासको उत्पादन, पश्चिम र युरोपले किसानको उत्पादन र पश्चिम युरोपमा ज्यालादार कामदार शासन गर्ने वर्ग र सिप युक्त प्रशासकहरू रहन पुगे । आधुनिकीकरणको सिद्धान्तले देखाएको सामाजिक संस्थाप्रतिको व्यवस्थाको स्थिति, आधुनिक बन्नलाई पश्चिमी आर्थिक र सामाजिक शैलिको नक्कल गर्नुपर्ने अवस्था तथा विभिन्न देशहरूमध्ये विकासका अवास्तविक सम्बन्धहरूको सृजनाको बारेमा विश्लेषण गर्दै तेस्रो विश्व वा गरिव राष्ट्रहरू किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्वव्यवस्था सिद्धान्तको विकास गरिएको हो । जसका मुख्य व्याख्याकार वालरस्टाइन हुन् । यसलाई नव माक्सवादी वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्व व्यवस्था सिद्धान्त शुरुमा भौगोलिक विस्तार भयो र त्यसपछिको पृष्ठभूमिबाट विश्ववयापी रूपमा श्रम विभाजन भयो । यसैगरि १६ औं शताब्दिमा आइपुग्दा

पुँजीवाद नै शक्तिशाली बन्न पुग्यो । तर विश्वमा पुँजीवादको विकास समान रूपले भएन् । वालरस्टाइनका अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र मजदुर अर्धपृष्ठ क्षेत्रमा किसानहरू र पृष्ठ क्षेत्रमा बाध्यात्मक वा बाधा मजदुर रहन गए । यसरी केन्द्रमा सिपमूलक र स्वतन्त्र मजदुरहरूको वाहुल्यता हुन पुग्यो । यसका साथै केन्द्र क्षेत्रसँग भएका सिपमूलक मजदुरलाई प्रयोग गरि विकसित राष्ट्रले विश्वका विभिन्न ठाउँहरूमा उधोगधन्दा सञ्चालन गरि पुँजीवादलाई विस्तार गर्न थाले (रिट्जर, १९९२) ।

मुलुक भित्रै रोजगारीका अवसरहरू कम हुनुका कारण वैदेशिक रोजगारीलाई एक वैकल्पिक माध्यमको रूपमा लिइएको छ । जसले वैदेशिक रोजगारमा संलग्नहरूको परिवारको आर्थिक अवस्थामा सुधार ल्याउदै सामाजिक सम्बन्धहरूमा पनि प्रभाव पारेको देखिन्छ । मुख्यतः बेरोजगार र कृषिमा संलग्न भई अर्धबेरोजगार अवस्थामा रहेका व्यक्तिहरूले नै वैदेशिक रोजगार सेवालाई आफ्नो रोजगारीको माध्यम बनाएको पाइन्छ । यसको पनि वैदेशिक रोजगारमा संलग्न हुने प्रकृयामा भिन्नता पाइन्छ । जस अन्तर्गत धेरै सहभागिहरू लामो प्रक्रियाबाट अर्थात एजेन्ट तथा मेनपावर गर्दै सम्बन्धित देश पुगेको पाइन्छ । जसले गर्दा सहभागिहरूको धन तथा समयको बढी खर्च भएको देखिन्छ तर केही सहभागिहरू छोटो प्रक्रियाबाट अर्थात सिधै केन्द्रीय मेनपावरमा सम्पर्क राखेर सम्बन्धित देशमा गएको देखिन्छ । जसले गर्दा उनीहरूको धन तथा समय कम खर्च भएको पाइन्छ ।

यसरी उद्योगधन्दाहरू एशियाका अरवियन मुलुकहरूमा पुँजीवादी राष्ट्रले स्थापना गरेपछि उद्योग निर्माण तथा कार्य सञ्चालन र उत्पादन गर्नका लागि अदक्ष र अर्धदक्ष कामदारहरूको आवश्यकता पर्न गयो । जसले गर्दा अर्धपृष्ठ र पृष्ठ क्षेत्रका जस्तै नेपालबाट अदक्ष वा अर्धदक्ष श्रमिकहरू रोजगारिका लागि जान थाले । यसरी विश्वपूँजीवाद व्यवस्था अन्तर्गत नेपाल एउटा अदक्ष वा अर्धदक्ष मजदुर उत्पादन गर्ने राष्ट्रका रूपमा विकशित हुन पुग्यो । यस अनुसन्धानमा वैदेशिक रोजगारमा संलगन मजदुरहरूका बारेमा अध्ययन गर्दा कसरी अध्ययन क्षेत्रका मजदुरको आधारमा परनिर्भरता सँग जोडिएको छ भनि केलाइएको छ । साथै वैदेशिक रोजगारीका कारण समाजमा आएका परिवर्तनलाई केलाउने प्रयास गरिएको छ ।

यसरी विश्व बजारमा पाइने वस्तुहरू प्रयोग गर्दै विश्वव्यापीकरण तर्फ अगाडी बढेको देखिन्छ भने अर्कातिर विदेशी सामानको खरिद गर्दा आफुले कमाएको रकम विदेशमा नै

फर्किएको देखियो । जसको कारण वैदेशिक रोजगारले परनिर्भरताको स्थिति सृजना गरेको देखिन्छ । अतः स्थानिय क्षेत्र अथवा पृष्ठ क्षेत्रमा युवा जनशक्तिको अभावका कारण विकास निर्माण, स्थानिय घरेलु उघोग तथा साना उघोग बन्द हुने अवस्थामा छन् । त्यसैले अहिलको युवाहरू पठन-पाठनमा कम रुची राख्न थालेको र वैदेशिक रोजगारमा बढी रुची राख्न थालेको देखिन्छ । अहिले कृषि क्षेत्रमा पनि काम गर्ने युवा शक्तिको कमी महसुस भएको अवस्था छ । अध्ययन क्षेत्रमा स्थानिय स्तरमा विकासका संभावनाहरू प्रशस्त भएता पनि नाफामूलक उत्पादन हुन नसकेको कारण युवा जनशक्ति वैदेशिक रोजगार तर्फ आकर्षण वृद्धि हुँदै गइरहेको छ ।

नेपाल भारतको सन् १९५० को सन्धि अनुसार दुवै देशको जनतालाई स्वतन्त्रता पूर्वक आवत जावत गर्न दिईने, सम्पत्ति र सुरक्षाको अधिकार दिईएकोले पनि कुनै पनि व्यक्ति आवतजावत गर्न कुनै रोक तोक छैन् । तर अन्य देशमा जादाँ राहदानी र प्रवेशाज्ञाको व्यवस्था नभई नहुने कुराहरू हुन । शाव्दिक अर्थमा वैदेशिक रोजगार भन्नाले स्वदेश वाहिर नोकरी वा निश्चित ज्याला भन्ने बुझिन्छ । यसरी विश्वको वा एक देशको श्रम बजारको श्रम शक्ति अर्को देशको श्रम बजारमा व्यवस्थित रूपमा गई रोजगार गर्नुलाई वैदेशिक रोजगार भनिन्छ र विश्व श्रम बजारमा रहेका श्रमशक्तिको व्यवस्थित निर्यात गर्ने कार्यलाई वैदेशिक रोजगार व्यवसाय भनिन्छ (पण्डित, २०७७) ।

नेपालको सन्दर्भमा हेर्दा यहाँ रहेको जनशक्ति पूर्ण रूपमा परिचालन भएको छैन । विशेषतः कृषिमा संलग्न बहुसंख्यक जनसंख्या अर्धबेरोजगारको अवस्थामा छन् । अर्थात वर्षमा ८ महिना वेरोजगारी र कम्तिमा ४ महिना रोजगारी रहेको अवस्थाले देशमा बेरोजगारीको समस्या धेरै नै छ भन्न सकिन्छ । यसका साथै कृषिमा संलग्न अर्धबेरोजगार लगायत शिक्षित, दक्ष व्यक्तिहरूले पनि आफ्नो क्षमता अनुसार रोजगार नपाउँदा बेरोजगारको अवस्था बढ्दो क्रममा रहेको देखिन्छ । यसरी देश भित्रको जनशक्ति, श्रमशक्ति बेरोजगार रहेको र पूर्णरूपमा खपत गराउन सकिने माध्यमको कमि रहेको अवस्थामा नेपालले विश्वमा श्रमशक्तिको माग रहेको राष्ट्रहरूसँग संझौता गरी देशमा रहेको बेरोजगारी जनशक्तिलाई उक्त बजारमा खपत गराउने नीति लिएको छ (दाहाल, २०७८)।

धेरै इतिहासको लागि, र कम्तिमा १९८० को मध्य सम्म, वैदेशिक रोजगारको लागि श्रम प्रवास खुला सिमानाका कारण नेपाल भारततर्फ जाने मानिसको ओहोदाको विशेषता थियो ।

नेपालीलाई अर्को तर्फ जान कुनै कागजात वा अनुमति चाहिँदैन । साथै, नेपाली पुरुषहरू भारतमा ब्रिटिश सेनामा भर्ती हुनु र पछि, भारतीय र बेलायती सेनाहरू अर्को थियो । जसमा महत्वपूर्ण प्रवृत्ति जसले नेपालको धेरै बसाइसराई इतिहासलाई आकार दियो । तीव्रता संग विश्वव्यापीकरणको, नयाँ भू-आर्थिक गतिशीलता देखा पर्न थाल्यो, विशेष गरी बढेको श्रम मागहरू १९७० को दशकमा मध्य पूर्वमा तेलको बूम र पूर्वी र दक्षिणपूर्वी एशियालीहरूको वृद्धिको कारणले अर्थव्यवस्थाहरू सुदृढ भएकृ पाईन्छ । नेपाल सरकारले आप्रवासी श्रमिकको निकासीमा सहजीकरण गरेर प्रतिक्रिया दिएको छ । वैदेशिक रोजगार ऐन, १९८५ जारी भएसँगै श्रम पलायन बढेको छ, (सिजापति र लिम्बु २०१२)।

वैदेशिक रोजगारमा संलग्नका घरपरिवारको पेशागत विवरणलाई हेर्दा सबैभन्दा बढि वेरोजगार पेशा र व्यापार व्यावसाय गर्ने घरपरिवारले पेशा परिवर्तन गरेको देखियो । वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा वृद्धि सगै अपनाउँदै आएको पेशामा पनि परिवर्तन भएको देखिन्छ । यसैगरि वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोग जग्गा जमिन खरिदमा, घर निर्माणमा, व्यापार व्यावसायमा, बालबच्चाको शिक्षामा, ऋृण तिर्न र विवाहमा लगानी गरेको देखिन्छ । समग्रमा सहभागीहरूको भनाइको आधारमा अल्पकालिन रूपमा भए पनि वैदेशिक रोजगारले उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याई सकारात्मक परिवर्तन ल्याएको र यसले गर्दा समाजिक संम्वधमा पनि सकारात्मक भुमिका निभाएको पाईयो । देशमा रोजगारीको अवसर कम सृजना भएको कारण वैदेशिक रोजगारलाई वैकल्पिक माध्यमको रूपमा लिइएको हो । जसले वैदेशिक रोजगारमा संलग्न परिवारहरूको आर्थिक अवस्थामा सुधार ल्याई सामाजिक सम्बन्धमा परिवर्तन ल्याएको देखिन्छ ।

सन् १८१५ मा तत्कालिन ब्रिटिस साम्राज्यले भारतमा गोर्खा सैनिक बटालियन स्थापना गरेपछि नेपालमा वैदेशिक रोजगार शुरुवात भएको हो । सन् १८१५ भन्दा पहिलादेखि नेपाली कामदारहरू भारतको आसाम, मेघालय, मणीपुर, वर्मा, भुटान, दार्जिलिङ्ग आदि ठाउँमा आप्रवासी वा रोजगारीका लागि आवतजावत गरेको पाइएको छ । यी स्थानहरूमा नेपाली कामदारहरू जंगल फडानी, कोइला खानी, कृषि, चिया बगान, रबर खेति आदि क्षेत्रमा रोजगारीमा जाने प्रचलन बढ्दो मात्रामा छ । भारत बाहेक तेस्रो मुलुकमा गैर सरकारी क्षेत्रमा रोजगारीका लागि जाने प्रक्रिया भने करिब २ दशक अगाडिदेखि शुरु भएको हो (पोखरेल, २०७७) ।

नेपाल भौगोलिक हिसाबमा अन्य मुलुकहरूभन्दा अत्यन्तै कठिन अबस्थामा रहेको छ । जसले गर्दा आवश्यक मात्रामा विकास हुन सकेको छैन, कामको खोजीमा युवा जनशक्ति विदेशिने क्रम बढ्दो रहेको छ । नेपालमा वि.सं. २०७८ सालमा भएको राष्ट्रिय जनगणना अनुसार नेपालको जम्मा जनसंख्या २,९१,६४,५७८ रहेको छ । यसमा महिलाको संख्या जम्मा १,४२,५३,५५१ जना र पुरुषको संख्या १,४९,११,०२७ जना रहेको छ । जम्मा जनसंख्याको केहि भाग मात्र वैदेशिक रोजगारीमा गएको पाइन्छ । (के.त.वि., २०७८)

ताघ्रिङ गाविसवाट वैदेशिक रोजगारमा जाने प्रचलन तत्कालिन अवस्थामा व्रिटिस गोर्खामा संलग्न हुँदा देखि भएको हो भने यस क्रम आज सम्म पनि निरन्तर रूपमा चलिरहेको छ । हाल यसरी वैदेशिक रोजगारमा जानेको दायरा व्रिटिस गोर्खा मात्र नभएर अन्य क्षेत्र र विभिन्न मुलुकमा आफ्नो श्रम वेच्नका लागि जाने क्रम वढी रहेको अवस्था छ । वैदेशिक रोजगारीमा जाने प्रक्रियाहरू भञ्झटिलो बोझिला छन् । वैदेशिक रोजगार सम्बद्ध संस्थाहरूमा बजेट तथा स्रोत साधनको अभाव छ । सेवा कुशलता, कार्यसम्पादनका दृष्टिले छवि अपेक्षित उज्यालो बनाउन सकिएको छैन ।

यसैगरी वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी संगठनमा सुशासनको अभाव भएको आम जनगुनासो बढिरहेको, मुलुकको उच्चस्तरीय भ्रमणमा गन्तव्य मुलुकमा रहेका कामदारहरूले आफूहरू ठगीमा परेको, दुई किसिमको करार गराई फरेवमा पारी तोकिएको काम र तलव नपाएको, अत्यधिक चर्को लागत खर्च तिर्नु परेको, वैदेशिक रोजगार विभागको कार्यसम्पादनको क्रममा हुने अवान्छित चलखेलले दलाल विना कार्य गर्न नै कठिन र अधिक रकम भुक्तानी गर्नु परेको जस्ता जनगुनासो हुने गरेका छन् । विभागमा जान कर्मचारीबीचमा हुने अवान्छित प्रतिस्पर्धा, राजनीतिक शक्तिकेन्द्रहरूको उच्चदवावको प्रयोग आदिले यस विषयलाई गम्भीर अवस्थामा पुऱ्याएको छ । यी सबै परिस्थितिहरू यस क्षेत्रका समस्या र अवरोधहरू हुन् । यी कारणहरूले गर्दा आप्रवासन सुशासन कायम गर्न नसकिएको अवस्था देखिएका छन् ।

अन्तर्राष्ट्रिय श्रम बजारमा श्रमिकहरू पठाउने देशहरूमा दक्षिण एशियाली मुलुकहरूले महत्वपूर्ण हिस्सा ओगटेका छन् भन्न सकिन्छ । तसर्थ आफ्ना श्रमिकहरूको पारिश्रमिक, सेवा, सुविधा, सामाजिक सुरक्षा, पेशागत सुरक्षा जस्ता कुराहरूलाई नियमित र व्यवस्थित गर्न सार्क संगठनले साझा सहमतिका आधारमा रोजगारदाता राष्ट्रहरूसँग समझदारी

कायम गर्न संयुक्त प्रयासको थालनी गर्नुपर्ने आवश्यकता छ । यसै आवश्यकतालाई आत्मसात गरेर नै काठमाडौमा सम्पन्न सार्कको अठाह्रौँ सम्मेलनले श्रमका लागि बसाइँसराईको महत्वलाई पहिचान गरेको थियो । उक्त सम्मेलनमा सार्क क्षेत्रबाट श्रमका लागि बिदेशिने श्रमिकहरूको सुरक्षा र जिम्मेवार व्यवस्थापनका लागि संयोजन र सहकार्य गर्ने सहमति गरेको थियो । त्यसो त यस सम्मेलन पूर्व पनि सार्क मुलुकहरूले आन्तरिक रूपमा श्रमिकहरूको सुरक्षा र श्रमको लागि उपयुक्त वातावरण निर्माणका लागि न्याय व्यवस्था र प्रशासनिक संरचनाको व्यवस्था अपनाउँदै आएका थिए । यही व्यवस्थालाई थप उर्जा प्रदान गर्दै सार्क सम्मेलनले थप सहमति बनाएको हो । खासगरी दक्षिण एशियाली राष्ट्रहरूमा वैदेशिक रोजगारीमा आफ्ना श्रमिकहरू पठाउन होडबाजी हुने गरेको पाइन्छ । यस प्रकारको होडवाजीले श्रमिकहरूको तलव, सुविधा, सामाजिक सुरक्षा, पेशागत सुरक्षा जस्ता आधारभूत कुराहरूमा समस्या उत्पन्न गराउँछ । यसै होडबाजीको गलत फाइदा उठाउँछन् रोजगारदाता राष्ट्रहरू । श्रमिक पठाउने राष्ट्रहरूको यही कमजोरीका कारण उनीहरूले श्रमिकहरूको श्रमशोषण गर्न सक्छन्, उनीहरूलाई सस्तो ज्यामीका रूपमा उपयोग गर्छन् । उनीहरूलाई मानवीय दृष्टिले होइन केवल निर्जीव मेसिनका हैसियतमा व्यवहार गर्न उद्यत हुन्छन् (घिमिरे,२०७३) ।

वैदेशिक रोजगार पश्चात स्वदेशमा फर्किएका नेपाली नागरिकलाई परिवार तथा समाजमा आर्जित आर्थिक स्रोत तथा सीपलाई उद्यमसीलतामा परिणत गरी उद्यम व्यवसाय वा स्वरोजगार कार्यक्रम संचालन गरि परिवार र समाजको विकासमा उपयोग गर्न आवश्यक हुन्छ । यसको निमित्त उद्यम प्याकेजको विकासमा सहयोग, सहुलियत ऋण, वजार पहुंचमा सहयोग, सिकेको सीम संग सम्बद्ध यन्त्र उपकरण औजार आयात गर्दा सहुलियत जस्ता सुविधाहरू प्रदान हुन सकेमा स्वदेशमै रही मुलुकको आर्थिक संबृद्धिमा योगदान पुग्न सक्दछ ।

वैदेशिक रोजगारमा जाने श्रमिकहरूले विभिन्न संस्था मार्फत जादा नेपाल सरकारले तोकेको रकम भन्दा वढी रकम नतिरोस भन्नका लागी विभिन्न देशहरूमा जानको लागी अधिकतम कुल लागतलाई विभिन्न देश अनुसार फरक-फरक ढंगले निर्धारण गरी देहायवमोजिम उल्लेख गरिएको छ ।

विगतको दशकमा आप्रवासीहरूको वाह्य गमन देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक संरचनाको परिवर्तका लागि प्रभावशाली भएको छ । आप्रवासीहरूको नगद प्रवाहका कारण

नेपाल विप्रेषण अर्थतन्त्रका रूपमा उदय भएको छ । यसैगरि सन् २०१२ मा नेपाल विश्वमा कुल गाह्स्थ उत्पादनमा योगदान पुर्याउने तेस्रो सवैभन्दा वढी विप्रेषण प्राप्त गर्ने र अतिकम विकसित मुलुकहरू मध्ये सवभन्दा वढी विप्रेषण प्राप्त गर्ने मध्येका तिनमा एक हुन पुग्यो । वैदेशिक रोजगारीले वैकल्पीक जिविको पार्जनका अवसरहरू प्रदान गरेको छ भने विप्रेषणले परिवारको आयु वृद्धि गर्न मद्धत पुर्याएको छ । वैदेशिक रोजगारीका धेरै प्रभावहरू मध्ये विशेषगरि काम गर्ने उमेरका धेरैजना पुरुषहरूको जनसंख्या घर भन्दा वाहिर रहेकाले सामाजिक संरचनामा परिवर्तन आएको छ । यसका अतिरिक्त धेरै महिलाहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा श्रम शक्तिमा समाहित हुन थालेका हुनाले सांस्कृतिक मान्यताहरूमा परिवर्तन भईरहेको छ (स्थिति प्रतिवेदन,२०१५)।

वैदेशिक रोजगारमा संलग्न भएपछि आर्थिक अवस्थामा आएको परिवर्तनले उनीहरूको सामाजिक अवस्थामा प्रत्यक्ष प्रभाव परेको देखियो । वैदेशिक रोजगारमा संलग्न भई सकेपछि आम्दानी बृद्धिकै कारणले गर्दा वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा पहिला आर्थिक सरसापट तथा ऋणको लागि कसैले नपताउने अवस्थामा परिवर्तन आएको देखिन्छ । व्यक्ति तथा घरपरिवारको आर्थिक अवस्थामा परिवर्तन आएपछि समाजले उसलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आउने देखियो । त्यस्तै परिवारको पुरुष सदस्य वैदेशिक रोजगारमा संलग्न भए पछि महिलाहरू माथि दोहोरो जिम्मेवारी थपिन गई घर भन्दा बाहिर सामुदायिक कामकाजमा महिलाहरू आएको देखिन्छ । यसले गर्दा समाजमा लैङ्गिक विभेद कम गर्न सहयोग गरेको देखियो । त्यस्तै घर भन्दा बाहिरको समुदायिक काम-काजमा महिला सहभागिता हुनुको साथै सामुदायिक कार्य गर्न पाउँनु लाई महिलाहरूले अवसरको रूपमा लिएको अध्ययनको क्रममा पाईयो । जसले गर्दा समाजमा महिला सहभागिता र महिला सचेतना जस्ता कार्यहरूमा बृद्धि भएको देखिन्छ । जव व्यक्ति घर भन्दा बाहिरि समाजसंग सम्वन्ध राख्ने अवसर मिल्छ, उसले बाहिरि समाजबाट धेरै कुराहरू सिक्ने अवसर प्राप्त गर्दछ ।

नेपालबाट वैदेशिक रोजगारका लागि विदेशमा जाने थालनी करिब २०० वर्ष अघिदेखि भइ आएको पाइन्छ । त्यस्तै वैदेशिक रोजगारको शुरुवात ब्रिटिस गोर्खा सेनाबाट भएको पाइन्छ । यसरी बिगत २० वर्ष यतादेखि नेपाली कामदारहरू मुख्य रूपमा खाँडी मुलुक तथा मलेसियामा संस्थागत रूपमा वैदेशिक रोजगारको लागि जाने गरेको पाइएको छ । वैदेशिक

रोजगार भनेको नेपाली नागरिकले विदेशमा पाउने रोजगार वा श्रोत सृजना र त्यसको परिचालनका लागि बजार विकास गर्नु हो । नेपालमा वैदेशिक रोजगारको शुरुवात १६ औं शताब्दीमा राम शाहको पालाबाट भुटानका राजाको गुम्बा निर्माण गर्न सिकर्मी, डकर्मी, धातुकर्मीको रूपमा कामदार आपूर्ति र चीनमा अरनिकोलाई मूर्ति बनाउन लगे पश्चात शुरु भएको भएता पनि मूलतः भारत, संयुक्त अधिराज्य, ब्रुनाइ, मलायमा काम गर्ने लाहुरेबाट प्रथम विश्वयुद्धताका यसको विकास भएको पाइन्छ । यसरी एक देशको श्रमिक अर्को देशमा रोजगारको लागि जाने परिपाटिबाट नै वैदेशिक रोजगारको शुरुवात भएको हो ।

वर्तमान सन्दर्भमा नेपालमा वैदेशिक रोजगारीको क्षेत्र नेपालहरूको लागि रोजी रोटीको महत्वपुर्ण आधार वनेको छ । वार्षिक श्रम वजारमा आउने ५ लाख श्रमिकहरू मध्ये ५० हजारले मात्र मुस्किलले श्रम वजारमा रोजगारी पाईरहेको अवस्थामा वेदेशिक रोजगार नभै नहुने खरावीको रुपमा स्थापित भइरहेको छ । सम्पुर्ण उर्जाशिल नेपालको लागि श्रम वजारको अर्को गन्तव्य नभएसम्म रोजगारीको लागि तत्कालको लागि भरपर्दो विकल्प देखिन्न । तसर्थ वैदेशिक रोजगारीको विकृति, विसंगती र कमजोरीलाई न्युनीकरण गदै गरिव नेपाली जनताहरूको जीविको पार्जनको माध्यमको रूपमा रहेको वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित तुल्याउनु जरुरी छ (खत्री,२०७३)।

वैदेशिक रोजगारले सहभागीहरूको आर्थिक अवस्थामा सुधार ल्याएता पनि यो पेशा दिर्घकालिन रूपमा रहिरहन नसक्ने अवस्था देखिन्छ । सहभागीहरू धेरै जसोले सस्तो मूल्यमा अर्धदक्ष श्रमिकको रूपमा विदेशमा काम गरेको पाइन्छ । जसको कारण स्वदेशमा रोजगारको अभावले वैदेशिक रोजगारमा जाने गरेको पाइयो र वैदेशिक रोजगारले बजारमुखी भई रोजगारबाट फर्कदा आफ्नो परिवारको लागि विविध विलासिताका सामानहरू (टेलिभिजन, ल्यापटप, आइफोन, मोवाइल, क्यामरा आदि) खरिद गर्दा विदेशमा कमाएको पुँजी विदेशमा नै छाडेर आएको पनि पाइयो ।

वैदेशिक रोजगार विभागको इतिहास हेर्दा तत्कालिन समयमा उद्योग मन्त्रालय अन्तर्गत बि.स. २०२८ सालमा श्रम विभागको स्थापनाभै बि.स. २०३८ सालमा श्रम मन्त्रालयको स्थापना भए पस्चात यसैको मातहतमा रहेको र वैदेशिक रोजगार ऐन, २०४२ जारि भएपछि बि.सं. २०५६ सालमा श्रम विभागको नाम श्रम तथा रोजगार प्रवर्द्धन विभाग कायम भएको देखिन्छ । विभागले सम्पादन गर्दै आएको वैदेशिक रोजगार सम्वन्धी कार्यको

जटिलता र कार्यचापले गर्दा वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगार विभागको व्यवस्था भए अनुसार बि.सं. २०६५।९।१६ गते वैदेशिक रोजगार सम्वन्धी मामिला हेर्न छुट्टै वैदेशिक रोजगार विभागको स्थापना गरियो । वैदेशिक रोजगारप्रति यूवाहरूको बढ्दो चाहना र श्रम स्विकृतिको कार्यलाई विकेन्द्रित गरि छिटो, छरितो र सहज बनाउने नेपाल सरकारको धारणा अनुरूप वैदेशिक रोजगार विभागको संगठनलाई क्षेत्रियस्तरमा समेत विस्तार गर्ने गरि प्रस्तावित गरिएकोमा वि.स. २०७०।८।२६ गतेको नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयानुसार हाललाई काठमाण्डौ उपत्यका भित्रै देशगतरूपमा श्रम स्विकृति सम्वन्धी सम्पूर्ण कार्य गर्ने गरि ४ वटा कार्यालयहरू स्थापना भएका छन । देशको अर्थतन्त्रलाई क्रियाशिल बनाउन आय तथा रोजगारीको महत्वपूर्ण भूमिका रहन्छ । देश भित्र रोजगारीका अवसरहरू पर्याप्त मात्रामा उपलब्ध नहुनाले वैदेशिक रोजगारी नै नेपालका युवाहरूका लागि रोजगारीको प्रमुख श्रोत बनेकोछ । विगत लामो अवधि देखि नै वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको संख्या प्रतिवर्ष बढिरहेको छ (श्रम तथा रोजगार बुलेटिन,२०७३)।

आर्थिक वर्ष २०६७।६८ मा यसरी वैदेशिक रोजगारीमा जानेहरूको संख्या ३,५४,७१६ रहेकोमा सो संख्या करिब ८ प्रतिशतले बृद्धि भई आ.व. २०६८।०६९ मा ३,८४,६६५ जना, आ.व. २०६९।०७० मा यो संख्या करिव ८ प्रतिशतले बृद्धि भई ४,५३,५४३ जना र आ.व. २०७०।०७१ मा करिव ८ प्रतिशतले बृद्धि भई ५,२७,८१४ पुगेको छ । वैदेशिक रोजगारबाट विप्रेषणको रूपमा भित्रिने गरेको रकमको अंस दिनानुदिन बढि रहेको पाइन्छ । सन् २०११/२०१२ को आर्थिक सर्वेक्षणले सन् २०११/२०१२ मा विप्रेषणको रूपमा रु.३५९.५५ अर्ब भित्रिएको र सो रकम कुल गार्हस्थ उत्पादनको २३.५ प्रतिशत हुन आउने तथ्यलाई उजागर गरेको छ भने सन् २०१२/२०१३ मा विप्रेषणको रूपमा रु.४३४.६ अर्ब भित्रिएको र सो रकम कुल गार्हस्थ उत्पादनको २५.७ प्रतिशत हुन आउने देखिन्छ । त्यसैगरि सन् २०१३/२०१४ को पहिलो ८ महिनामा रु.३५६.७२ अर्ब विप्रेषण भित्रिएको र सो रकम कुल गार्हस्थ उत्पादनको २९.१ प्रतिशत हुन आउने देखिन्छ । उल्लेखित तथ्यहरूको आधारमा वैदेशिक रोजगारीलाई अझ बढी व्यवस्थित, मर्यादित र सुरक्षित बनाई वैदेशिक रोजगारीका लागि नयाँ नयाँ गन्तव्य खोज्नु पर्ने आवस्यकता र जिम्मेवारी प्रमुख चुनौतिको रूपमा रहेकोछ । वर्तमान तेह्रौं योजनाले श्रम तथा रोजगार सम्बन्धमा स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष सीपयूक्त र उत्पादनमूलक मानव संसाधनको सृजना गर्ने र स्वरोजगारका अवसरहरू सृजना गर्ने सोच लिएको छ । यस योजनामा स्वदेशमा मर्यादित

रोजगारका अवसरहरू सृजना गर्दै बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण गर्ने र वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने उदेश्य लिएको देखिन्छ । नेपालमा सक्रिय रूपमा काम गर्नसक्ने उमेर समूहको श्रमशक्ति अर्थात १५-५९ वर्ष समूहको जनसङ्ख्या ५६.९६ प्रतिशत रहेको छ । कुल जनसङ्ख्याको करिव ३० प्रतिशत वेरोजगार वा अर्धवेरोजगार जनशक्ति रहेको वर्तमान अवस्थामा वार्षिक ४ लाख ५० हजारभन्दा बढी व्यक्ति श्रम बजारमा प्रवेश गर्दछन् । देशभित्र पर्याप्त रोजगारीका अवसरहरू नभएकोले दैनिक करिब १५०० व्यक्ति रोजगारीका लागि विदेशिनु परिरहेको स्थिति छ (वार्षिक प्रतिवेदन,२०७२) । हाल नेपालमा १२२० अर्व ५६ करोड विप्रेषण भित्रिरहेको छ जुन जीडिपी को २४.२५ प्रतिशत हिस्सा ओगटेको पाइन्छ (नेपाल राष्ट्र वैङ्क, २०२२) । सन् १८१५ भन्दा अगाडी नेपालीहरू भारतको आसाम, मणिपुर, मेघालय, दार्जिलिङ्ग, भुटान, वर्मा आदि ठाउँहरूमा वैदेशिक रोजगारीको लागि गएको पाइन्छ । ती ठाउँहरूमा नेपाली श्रमिकहरूद्वारा कृषि, कोइला खानि, जंगल फडानी, रबर खेति, चिया बगान जस्ता आदि क्षेत्रमा रोजगारीका लागि जाने गरेको पाइन्छ । यसका साथै उनीहरूले विदेशमा सिकेका सीपलाई समेत सँगै ल्याएको पाइन्छ । जसको उदाहरण नेपालमा सञ्चालित चिया खेतिलाई लिन सकिन्छ ( गौतम, २०७८) ।

नेपालको वैदेशिक रोजगारीले मुलुकको आर्थिक सामाजिक विकासमा पुऱ्याएको योगदान महत्वपूर्ण छ । मुलुक भित्र पर्याप्त रोजगारीका अवसरको अभावमा ठूलो संख्यामा नेपाली कामदारहरू वैदेशिक रोजगारीमा जाने क्रम बढेको छ र आ.ब. ०६८ र ६९ मा मात्र ३ लाख ८४ हजार वैदेशिक रोजगारीमा गएको तथ्याङ्कले देखाएको छ । लेखबद्ध रूपमा वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरूको संख्या २४ लाख नाघिसकेको छ। नेपाली कामदारहरूका लागि खाडी मुलुक र मलेसिया प्रमुख गन्तव्यको रूपमा विकास भएको छ र मलेसियाको तीव्र औद्योगीकरण र द्रुततर विकास तथा खुला सामाजिक परिवेशका कारण नेपाली कामदारहरू मलेसिया जाने क्रम बढिरहेको छ । आ.ब. २०६८ र ६९ सम्म मलेसियामा ७,७३,९४० जना वैदेशिक रोजगारमा गएकोमा करिव ४ लाख हाल कार्यरत रहेको अनुमान गरिएको छ । उल्लेखित तथ्याङ्कले मलेसिया नेपाली कामदारहरूको लागि प्रमुख रहेको पुष्टी हुन आउँछ । नेपाली कामदार मलेसियामा बैदेशिक रोजगारीका लागि जाने क्रम ०५४/५५ देखि शुरु भएको देखिन्छ, जुन प्रतिबर्ष बढ्दो छ । नेपाली युवाहरूको दोश्रो गन्तव्यको रूपमा रहेको मलेसियामा नेपालीहरूको संख्या आ.व. ०६७/६८ मा

१,१३,९८२ रहेको थियो भने गत आ.व. मा ९८,३६७ रहेको छ । मलेसियामा कार्यरत नेपाली कामदारले रोजगारीको अवसर र स्वदेशको अर्थतन्त्रमा योगदानको साथसाथै मलेसियाको विकास र औद्योगीकरणमा पुऱ्याएको योगदानको दुवै देशको निमित्त महत्वपूर्ण रहेको छ । मलेसियामा नेपाली कामदारहरूको लगन, मेहनत र इमान्दारिताले दुई देशबीचको सम्बन्धलाई जनस्तरमा अझ मजबुत बनाएको छ साथै यसले नेपाल र नेपालीको छवी सुदृढ गर्न योगदान पुऱ्याएको छ ( वै.रो.वि.प्रतिवेदन,२०६९) ।

नेपालको वैदेशिक रोजगारीले मुलुकको आर्थिक सामाजिक विकासमा पुऱ्याएको योगदान महत्वपूर्ण छ । मुलुक भित्र पर्याप्त रोजगारीका अवसरको अभावमा ठूलो संख्यामा नेपाली कामदारहरू वैदेशिक रोजगारीमा जाने क्रम बढेको छ र आ.व. २०७२।७३ मा १२२९५४२ जना वैदेशिक रोजगारमा जाने कामदारहका लागि पुर्व श्रम स्विकृती प्रदान गनुर्को साथै ४१८७१३ जनालाई अन्तिम श्रम स्विकृति प्रदान गरिएको छ । यस अविधमा ३४०७२ जना कामदारले वैदेशिक रोजगारम जान व्यक्तिगत श्रमस्विकृती लिएका छन् रोजगारमा जाने ४०४९५३ जनाले अभिमुखीकरण तालिम लिएका छन् । (श्रम मन्त्रालय,२०७३) ।

वैदेशिक रोजगारी अर्थतन्त्रको मुख्य आधार भए पनि समस्या रहित छैन । आप्रवासनको बढ्दो क्रमसँगै विविध समस्या/चुनौतीहरू पनि थपिँदै गएका छन् । रोजगारीमा जानेहरूमा अदक्ष कामदारहरूको संख्या उच्च छ । अभिमुखीकरण तालिम विना नै विदेशिने, तालिमको अभाव तथा सीपको गुणस्तर कमजोर हुनाले नेपाली कामदारको अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धात्मक क्षमता कमजोर छ । तोकिएभन्दा अत्यधिक रकम लिनेदिने प्रचलन, अनियमितता, वैदेशिक रोजगार सम्बन्धी काम गर्ने स्थानीय एजेन्टहरू कानुनी दायरामा ल्याउन नसक्दा ठगी व्याप्त छ । रोजगारीमा गइसकेपछि पनि करार बमोजिमको काम तथा तलब नपाएको स्थिति छ । रोजगारीका नाममा मानब बेचबिखनका घटना पनि भएका छन् । तोकिएभन्दा बढी समय काममा लगाई शारीरिक र श्रम शोषण हुन गरेका छन् । जान अनजानमा अवैध वा किर्ते कागजातबाट जोखिमपूर्ण अवस्थामा नै वैदेशिक रोजगारीमा जानेहरूको संख्यामा कमी आएको छैन । अनुमति नभएको देशमा गैरकानुनी मार्गको प्रयोग गरी जानेहरू उत्तिकै मात्रामा छन् ।

त्यस्तै, वैदेशिक रोजगारीमा महिलाहरूलाई समान अवसर प्रदान गरी उनीहरूको पहुंच सुनिश्चित गर्ने सरकारी नीतिका बावजुद महिला कामदारहरूका लागि आकर्षक एवं

सुरक्षित रोजगारका गन्तव्यहरू सांघुरिएका छन् । नयाँ गन्तव्यको विस्तार हुन सकेको छैन । अभिलेखबद्ध नभई जाने प्रवृत्ति, वैदेशिक रोजगारसम्बन्धी कानूनी प्रक्रियाबारे ज्ञानको कमी, वित्तीय संस्थाहरूमा पहुँचको अभाव, रोजगारमा जाने क्रममा उत्पत्ति, पारवहन र रोजगारका मुलुकहरूमा हुने गरेको शारीरिक एवं मानसिक हिँसा, समस्यामा परेका नेपाली कामदारहरूलाई उद्दार एवं सुरक्षित गृहको अभाव, वैदेशिक रोजगारबाट फर्किएका नेपालीहरूको सीप तथा दक्षताको उपयोग हुने गरी आर्थिक सामाजिक पुनर्एकीकरणका प्रभावकारी कार्यक्रम अभावका कारण पारिवारिक कलह, विखण्डन, बालबच्चाको उचित संरक्षकत्वको अभाव आदि जस्ता विविध समस्याहरू विद्यमान छन् । (Bhandari, P.B. (2013)

वैदेशिक रोजगारसम्बन्धी सवै सरकारी निकाय काठमाण्डौ केन्द्रित छन् । तर देश वाहिर रोजगारीमा जाने मानिस मुलुकभर छरिएर रहेका हुन्छन् । अवसरको समान र उचित वितरण हुन सकेको छैन । वैदेशिक रोजगारीको जातिगत र क्षेत्रगत वितरण असमानता भएकाले सवै नेपालीहरूको अवसरमा समान पहुंच हुन सकिरहेको छैन । वैदेशिक रोजगारीको आकार र कार्य बोझअनुसार यसको व्यवस्थापन गर्ने निकायहरूको संगठनात्मक संरचना, क्षमता तथा पूर्वाधारको विकास हुन नसकेको अवस्था छ । कूटनैतिक नियोगको संस्थागत क्षमता समेत कमजोर छ । स्रोतको अभाव र न्यून जनशक्तिले गर्दा यी निकायले गन्तव्य मुलुकमा आफ्ना नागरिकहरूको हक अधिकार संरक्षणमा अपेक्षित भुमिका खेल्न कठिनाइ भएको छ । वैदेशिक रोजगारीको निमित्त १०८ मुलुकहरू खुल्ला गरिएतापनि हालसम्म जम्मा २७ मुलुकहरूमा मात्र नेपालको राजदूतावास रहेको र मुख्य गन्तव्य मुलुकहरू खासगरी, लेवनान, ओमान, बहराईन, इराकआदि मुलुकहरूमा समेत नेपाली दूतावास छैनन् भने ती मुलुकहरूले समेत नेपालमा दूतावास राखेका छैनन् । वैदेशिक रोजगार ऐन, २०६४ मा भएको व्यवस्था तथा सर्वोच्च अदालतको निर्देशनात्मक आदेशका बावजुद मुख्य गन्तव्य मुलुकहरूमा रहेका नियोगहरूमा श्रम सहचारी नियुक्त हुन सकेका छैनन् । श्रम तथा यातायात व्यवस्था र परराष्ट्र मन्त्रालय बीच समन्वयको सर्वथा अभाव देखिएको, भएका श्रम सहचारीहरूले समेत कार्यवातावरण पाउन नसकेको गुनासो आउने गरेको छ ।

नेपालवाट हरेक दिन नेपाली श्रमिकहरू दैनिक करिव १५०० को हाराहारीमा वैदेशिक रोजगारमा जानेगरेको अभिलेखवाट थाह हुन्छ । यसरी जाने व्यक्तिहरू मध्ये नेपाली महिलाहरूको संख्या करिव १० प्रतिशत रहेको छ । मानव जातिको उत्पतीकाल देखिनै आफ्नो जिविको पार्जनका लागि एक ठाउँवाट अर्को ठाउँमा गई वसाइँसराई गर्ने प्रवृति रहेको पाईन्छ । खासगरि जनसंख्याको वृद्धिदर तथा अन्तराष्ट्रिय जगतमा भएको औधोगिकीकरणको विकास, शहरीकरण सँगै मानिसहरू कामको खोजीमा विदेशजाने क्रम तिव्रगतिमा विकास भएको पाईन्छ । वैदेशिक आप्रवासनमा जाने जनसंख्याको करिव ३ प्रतिशत मानिसहरू वैदेशिक रोजगारमा जाने गरेपनि नेपालमा यसको वृद्धिदर झण्डै दोव्वर रहेको पाईन्छ । आ.व. २०६७।०६८ मा वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या ३४५७१६ रहेकोमा आ.व.२०७१।०७२ मा ५१२८८७ जना पुगेको देखिन्छ । यसरी नेपाली युवाहरू वैदेशिक रोजगारमा जान थालेको र आ.व. २०७२।०७३ को चैत्र मसान्तसम्म श्रम स्विकृति लिनेको संख्या ४५,८३,६४३ पुगेको अभिलेखवाट देखिन्छ । यसरी अभिलेखित वाहेक पनि झण्डै उत्तिकै हाराहारीमा वैदेशिक रोजगारीमा भारत लगायतका देशहरूमा रोजगारीका लागि गएको अनुमान गरिन्छ (विष्ट,२०७३) ।

नेपालीहरू विदेशिनुमा शिक्षित तथा वौद्धिक वर्गले पनि आफ्नो क्षमता अनुसारको रोजगार नपाउनु, गरिबी, सिजनेबल रोजगार, साथिभाई गएको देखेर, धेरै कमाइ गर्न र भर्खरै बामे सर्न लागेको घरेलु उधोगबाट उत्पादित सामानले विदेशी उत्पादनसित प्रतिस्प्रर्धा गर्न नसकेर धारासायीमा पर्न गयो । यसरी नेपालीहरू रोजगारको लागि विदेश जाने प्रचलन शुरु भएको हो ।

यस अध्ययनमा विशेषगरी खाँडी मुलुकहरूमा रोजगारको लागी संलग्न घरपरिवार र रोजगारीबाट फर्केर आएका स्वयंम व्यक्तिलाई उत्तरदाताको रूपमा लिएको छु । यसरी वैदेशिक रोजगारीमा संलग्न भइसकेपछि सम्बन्धित क्षेत्रको परिवार तथा समाजमा कस्तो आर्थिक प्रभाव पारेको छ । यसैगरि वैदेशिक रोजगारीले सामाजिक सम्बन्धमा के–कस्तो प्रभाब छ र वैदेशिक रोजगार सम्बन्धि उनिहरूको धारणा के कस्तो छ भन्ने कुरा यस अध्ययनमा प्रष्ट्याएको छ । यस अध्ययनमा २०६० देखि २०६८ सम्ममा खाडि मुलुकमा रोजगारको लागि नेपालबाट गएका कामदारहरूको संख्या निम्न छन् । जुन खाडी मुलुकमा साउदी अरबमा ५५,९०,५५ जना , मलेसियामा ९००८९९जना, यु.ए.इ. मा ३८७७५१ जना,

कतारमा ८५,८७,४२ जना , युरेपियन मुलुक अमेरिकामा ३०४९ र दक्षिण कोरिया १७८४४ जना कामको लागी आफ्नो भूमि छाडेर वैदेशिक रोजगारमिा गएको तथ्याङ्क रहेको छ ( वै.रो.वि.,२०६८)।

नेपालमा वि.सं.२०३८ सालमा श्रम विभागको स्थापनादेखि २०६९ सालमा आएर श्रम तथा रोजगार मन्त्रालयको स्थापना गरिएको देखिन्छ । यस मन्त्रालयले नेपालको आन्तरिक श्रम व्यवस्थापन र वैदेशिक रोजगारलाई पनि व्यवस्थित, मर्यादित बनाउँदै श्रमिकका हक हीतको संरक्षणमा आफ्नो भूमिकालाई कन्द्रित गर्दै आएको पाइन्छ । आन्तरिक श्रम क्षेत्रलाई थप व्यवस्थित गर्दै र वैदेशिक रोजगारीको व्यवस्थापनबाट मुलुकको कुल गार्हस्थ उत्पादनमा महत्वपूर्ण योगदान गर्न सफल भएको विप्रेषण भित्र्याउने वातावरणको सृजना गर्न यस मन्त्रालयले आफ्नो भुमिकालाई अझ प्रभावकारी बनाउँदै आएको छ । त्यसो त यस मन्त्रालयले अपेक्षित रूपमा आफ्ना गतिविधिहरूलाई व्यवस्थित गर्न नसकिरहेको भन्ने गुनासाहरू पनि जनमानसबाट आउने नगरेका होइनन् । तथापि जे जति कार्यहरू यसले गर्दै आएको छ त्यसबाट श्रम व्यवस्थापनमा क्रमशः सुधार हुँदै आएको कुरा भने सत्य हो । श्रम क्षेत्रको विकास र व्यवस्थापन भन्नेवित्तिकै आन्तरिक श्रम बजारको सृजना, उचित वातावरण र व्यवस्थापनले निर्धारण गर्ने कुरा भन्ने बझ्नु जरुरी हुन्छ । निश्चय नै श्रमशक्ति रहे बसेकै स्थानमा श्रमका सबै अवसरहरू उपलब्ध हुन्छन् भन्न सकिन्न । त्यसका लागि श्रमिकहरू जिविकोपार्जनका लागि श्रमको अवसर प्राप्त गर्न आफू बसेको स्थानबाट आन्तरिक वा वाह्य रूपमा स्थानान्तरण हुनुपर्ने हुन्छ । यसै स्थानान्तरणलाई नै श्रमका लागि बसाइँसराई भनिन्छ । श्रम क्षेत्रको व्यवस्थापनका लागि त्यस्तो वसाइँसराईको अवस्था, प्रक्रिया र प्रवृत्ति अनि आवस्यकता र यथार्थताको अध्ययन आवश्यक हुन्छ । श्रमका लागि दक्षिण एसियाली मुलुकका तीन करोड साठी लाख जनता आफ्नो जन्मस्थानभन्दा टाढा गई बसोबास गरिरहेका छन् । यस क्षेत्रबाट प्रत्येक वर्ष बीस लाखको संख्यामा खाडी मुलुक तथा दक्षिणपूर्वी एसियामा बसाईंसराई गरिरहेको वर्तमान अवस्थालाई आधार मान्ने हो भने यो संख्यामा अझैं उल्लेखनीय बढोत्तरी हुने संभावना टड्कारो देखिन्छ । यसरी श्रमका लागि बसाइँसराई गर्नेहरूमध्ये उच्चदक्ष श्रमिकहरूको प्रमुख गन्तव्य यूरोप, अमेरिका, अष्ट्रेलिया, क्यानाडा, जापान आदि मुलुकहरू छन्भने प्राय अर्धदक्ष तथा अदक्ष कामदारहरूको गन्तव्य भने मलेसिया, कतार, यु.ए.ई., साउदी अरेविया, बहराइन, कुवेत, इजरायल, कोरिया आदि मुलुकहरू हुने गरेको देखिन्छ (घिमिरे,२०७३) ।

मुलुकभित्र पर्याप्त मात्रामा आयमूलक रोजगारीको अवसर सिर्जना हुन नसकेको बर्तमान अवस्थामा श्रम बजारमा आउने नेपाली युवाहरूलाई आधुनिक ज्ञान, सीप दिलाई फलदायी वैदेशिक रोजगारका अवसरहरू उपलब्ध गराउन आवश्यक छ । यसैगरी वैदेशिक रोजागारीको माग अनुसारको तालिम र दक्षता प्रदान गरेर वैदेशिक रोजगारीमा पठाउने र वैदेशिक रोजगारीमा अदक्ष कामदारको उच्च आकारलाई घटाई देशगत तथा पेशागत विविधिकरण गरी सुरक्षित वैदेशिक रोजगारको विकल्प प्रदान गर्ने र त्यसबाट प्राप्त हुने आर्थिक एवं गैर(आर्थिक लाभलाई गरिबी निवारण तथा राष्ट्रको दिगो आर्थिक, सामाजिक विकासका लागि लगानी गर्नु आजको आवश्यक भएको छ । यसका निमित्त सर्वप्रथम नेपाल सरकारको आप्रवासन नीतिको तर्जुमा गर्ने, वैदेशिक रोजगारीलाई अर्थतन्त्रमा पुऱ्याएको योगदान अनुसार प्राथमिकिकरण गरी स्रोत साधनको विनियोजन गर्ने तर्फ ध्यान पुग्न जरुरी देखिन्छ । यसैगरी विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्षम हुने गरी मुलुकको यस सम्बन्धी कानूनी तथा संस्थागत संरचनामा सुधार गरी सेवाग्राहीको आवश्यकता र चाहना अनुसार सेवा प्रवाह गर्न सक्षम संगठनको विस्तार हुन जरुरी भइसकेको छ । यस्तै भर्खरै स्थापना भएको वैदेशिक रोजगार प्रबर्द्धन बोर्डलाई दीर्घकालिन योजना सहित क्रियाशील गराउने सहित यस क्षेत्रलाई सुव्यवस्थित र उत्पादक बनाउन आवश्यक छ । यस्तै वैदेशिक रोजगारलाई व्यवहार र सुविधा दुवै दृष्टिले सम्मानित गर्दै जान आवश्यक देखिन्छ ।

गरिबी न्यूनीकरणमा योगदान शहस्राब्दी विकास लक्ष प्रगति प्रतिवेदन २०१३ अनुसार वैदेशिक रोजगारका लागि आफ्नो परिवारका सदस्यहरूलाई पठाउने परिवारहरूमा वैदेशिक रोजगार र विप्रेषणले उल्लेखनीय अनुपातमा गरिबी न्यूनीकरणमा योगदान पुऱ्याएको कुरा अभिलेख गरिएको छ । तर यसको अन्य जनसङ्ख्या र आन्तरिक आप्रवासीहरूका माझ त्यस्तो योगदान देखिंदैन । सन् १९९० देखि २०१३ को बिचमा राष्ट्रिय गरिबीको रेखामुनि रहेको जनसङ्ख्या ४२ प्रतिसतबाट २३.८ प्रतिसतमा घट्न पुग्यो । शहस्राब्दी विकास लक्षको प्रतिवेदनले पनि नेपालको गरिबीको स्तर घट्ने क्रममा सन् १९९६ र सन् २००४ को बिचमा १.५ प्रतिसतले र सन् २००४ र २०११ को बिचमा २.५ प्रतिसतले वृद्धि भएको उल्लेख गरेको छ । यसरी गरिबीको स्तर घट्ने क्रम वृद्धि हुनुमा सोही अवधिमा वृद्धि भएको श्रम स्वीकृतिको सङ्ख्यासँग मेल खान्छ । गरिबी निवारणका लागि विप्रेषणको मुख्य प्रभाव परिवारको तहमा देखिएको छ ।

जीवनस्तरको मापन गरी देशमा रहेको गरिबीको अवस्था थाहा पाउनका लागि घरपरिवारको समृद्धिसँग सम्बन्धित विविध विषयहरू जस्तैः घरपरिवारको उपभोग, आय, सेवा सुविधामा पहुँच, आवास तथा आवासीय सुविधाको उपभोग, शिक्षा, स्वास्थ्य, रोजगारी, वचत तथा ऋण, विप्रेषण, जग्गाको स्वामित्व र उपयोग आदि समावेश गर्न सकिन्छ । हाल नेपालमा निरपेक्ष गरिबीको दर २०।२७ प्रतिशत रहेको छ त्यसमध्ये ग्रामिण गरिबी २४.६६ प्रतिशत रहेको छ । सो गरिबी सख्यामा बहुसंख्यक दलित समुदाय रहेका छन् भौगोलिक अवस्था अनुसार दलित समुदायको बसोबास ग्रमिण क्षेत्रमा हुने, बिकासात्मक पूर्वाधार न्युन पहुंच , गुणस्तरिय शिक्षा, मानव विकासका गतिविधिमा समेत (आय, आयु ,शिक्षाको स्तर) जस्ता बिषयमा समेत दलित समुदायको सहभागिता न्यून रहेको छ हालसम्मको चौथो सर्वेक्षेण अनुसार गरिबीको दर क्रमशः घट्दै गएको छ । दलित समुदाय परम्परा देखि कृषि तथा ज्यालादारी पेसामा जीविकोपार्जन गरिरहेका समूह हाल अन्तरपुस्ता विस्तारै परिवर्तन आएको देखिएको छ

विश्व बैंकको जानकारीअनुसार विप्रेषणको अधिकांश मात्रा दैनिक उपभोग र ऋण भुक्तानीका लागि प्रयोग हुने गरेको छ। राष्ट्रिय जिवनस्तर सर्वेक्षण सन् २०१०/११ अनुसार परिवारले प्राप्त गर्ने कुल विप्रेषणको करिब ७९ प्रतिसत दैनिक उपभोगका लागि र ७ प्रतिसत ऋण भुक्तानीका लागि प्रयोग भएको थियो । अनुसन्धेता र नीति निर्माताहरूले विप्रेषणको महत्वलाई विस्तृत रूपमा लेखाजोखा गरेअनुसार गरिबी न्यूनिकरणमा योगदान पुऱ्याइ रहेको विप्रेषण नेपालका लागि अपवाद होइन । उदाहरणका लागि, दक्षिण भारतको केरला राज्यबाट व्यापक रूपमा खाडी मुलकतर्फको श्रम आप्रवासनका कारण विप्रेषणमा भएको वृद्धिले त्यस राज्यको गरिबीको तह १२ प्रतिसतले घटाउन योगदान पुऱ्यायो । नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय आप्रवासी कामदारहरूको सबभन्दा बढी सङ्ख्या भएको धनुषा जिल्लामा विप्रेषणको प्रभाव अध्ययन गरेर आप्रवासी कामदार पठाउने परिवारहरूको उपभोग आप्रवासी कामदार नपठाउने परिवारहरूको भन्दा उच्च पायो । यस्तो आयको अधिकांश हिस्सा खाद्यान्न र विहेवारीका लागि खर्च गर्ने गरिएको र बाँकी रकम जमिन खरिदका लागि खर्च गरेको पाइयो (वै.रो.स्थिति प्रतिवेदन, २०१५) ।

यसरी ग्रामिण क्षेत्रमा उत्पादन र रोजगारीको अबसर कम हुने र कृषि पेशा पनि जीवन धान्ने खालको हुँदा वार्षिक थप भएका श्रम शक्तिहरूलाई रोजगारको समस्या परिरहेको छ ।

यहाँका उधोग तथा कलकारखानाहरूमा रोजगारीको खोजिमा नै ग्रामिण क्षेत्रबाट शहर पसेको पाइन्छ । शहरमा पनि जनसंख्याको अत्यधिक चाप र आन्तरिक बसाइसराइका साथै कामको खोजिमा आउने, खुल्ला सिमानाका कारण हुने बाह्य बसाइसराई एवं कामको खोजीमा यहाँ आउने भएकाले पनि बेरोजगारी ऊन बिकराल समस्याको रूपमा देखिएको छ । यहि कुरालाई ध्यानमा राखि नेपाल सरकारले मुलुकभित्र दिर्घकालिन व्यवस्थामा सुधार गर्दै आइरहेको छ (पण्डित, २०७७) ।

नेपालमा श्रम क्षेत्रलाई व्यवस्थित गर्न छुट्टै राष्ट्रिय श्रम नीति, २०५६ कार्यान्वयनमा ल्याइएको थियो । उक्त नीतिको मार्ग निर्देशनअनुसार श्रम क्षेत्रलाई संगठित र व्यवस्थित गर्नेतर्फ केही सकारात्मक कार्यहरू भएको पाइन्छ । तथापि श्रम तथा रोजगारको क्षेत्रमा थप प्रयासहरू गरी न्यायोचित, स्वस्थ एवं मैत्रीपूर्ण श्रम सम्बन्धको विकासमा योगदान गर्ने गरी श्रम तथा रोजगार नीति, २०६२ लाई अँगालिएको छ । यस नीतिले अनौपचारिक क्षेत्रलाई समेत समेट्ने गरी सामाजिक सुरक्षा प्रणालीको विकास गर्दै श्रम बजारलाई क्रमशः सुरक्षित, स्वास्थ, प्रतिस्पर्धी एवं लचिलो बनाउँदै लैजानुको साथै व्यवसायजन्य सुरक्षा स्वास्थ्यको प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ । यस उद्देश्य प्राप्तिका लागि श्रम बजारको लचकता, लगानी मैत्री वातावरण र न्यूनतम सामाजिक सुरक्षाबीच सन्तुलन कायम गर्दै जाने ठोस नीति तथा कार्यनीतिहरू निर्दिष्ट गरिएका छन् ।

ठगी नियन्त्रणको निमित्त वैदेशिक रोजगार विभागको अनुसन्धान क्षमता प्रभावकारी बनाउन पनि उत्तिकै जरुरी भएको छ । वैदेशिक रोजगारीको अन्तरबस्तु बुझेर इन्साफ दिन विशिष्ठकृत मुद्धाहेर्ने वैदेशिक रोजगार न्यायाधिकरणको स्थापना भएको छ । संस्था स्थापना गर्दाको हतारो यसको व्यवस्थापनमा देखिन सकेको छैन । छिटो छरितो न्यायिक निरूपण गर्न सक्षम गराउने गरी यससंस्थाको क्षमता विकास गरीन पनि उत्तिकै ध्यान पुग्नु पर्ने अवस्था छ । यसैगरी वैदेशिक रोजगारीको वितरण मुलुकको सवै क्षेत्रमा भएको सन्दर्भमा वैदेशिक रोजगारीको ठगी सम्बन्धी अनुसन्धानकसरी तल्लो तहमा पुऱ्याउने भन्ने सम्बन्धमा समेत उचित नीति अवलम्बन गर्नु पर्ने समय आइसकेको छ ।

## २.२ वैदेशिक रोजगार सम्बन्धी विद्यमान ऐन तथा नीति नियम

वैदेशिक रोजगार ऐन जारी भएको दुई दशकपछि सरकारको भूमिका वैदेशिक रोजगारसम्बन्धी सेवा उपलब्ध गराउने निजी एजेन्सीहरू र व्यक्तिहरूलाई नियमन गर्ने, विदेशमा सुरक्षित र मर्यादितकामको प्रवर्द्धन गर्ने र जान लागेका आप्रवासीहरू र तिनीहरूको गन्तव्यहरूको सङ्ख्यामा नियन्त्रण गर्नुभन्दा पनि आप्रवासी श्रमिकहरूको अधिकार र कल्याणतर्फ बढी झुकाव रहेको देखिन्छ । वैदेशिक रोजगारका लागि आप्रवासी कामदारहरूको सङ्ख्यामावद्धि हुँदै जाँदा सरकारले आप्रवासी कामदारहरूको सुरक्षाको माग लगायत नयाँ कानुनी र प्रशासनिक चुनौतिहरूको सामना गर्नु पऱ्यो । यसैगरी, सरकारले श्रमिक आप्रवासनाट नेपालमा हुने सामाजिक-आर्थिक प्रभावलाई समेत ध्यान दिनु परेको थियो । तसर्थ, परिवर्तित आवश्यकताहरूलाई सम्बोधन गर्न सन् २००७ मा एउटा नयाँ ऐनको तर्जुमा गरिएको थियो । वैदेशिक रोजगार ऐन, २०६४ र यससँग सम्बन्धित नियमहरू ले नेपालबाट वैदेशिक रोजगारका लागि आप्रवासनसँग सम्बन्धित सबै विषयलाई समेट्दछन् । कानुन र सम्बद्ध नियमहरूले विदेशमा रहेका आप्रवासीहरूको सुरक्षा र कल्याणलाई उनीहरूका अधिकारहरूको संरक्षण गर्ने र आप्रवासन प्रक्रियालाई सहजता प्रदान गर्ने खालका काम कार्वाहीलाई नियमित एवं अनुगमन गर्ने प्रावधानको माध्यमद्वारा प्रवर्द्धन गर्ने गर्दछ । यी प्रावधानहरूमा वैदेशिक रोजगार कल्याणकारी कोषको सिर्जना, बीमा, पूर्व प्रस्थान तालिम तथा अभिमुखीकरण, आप्रवासी कामदार र उनीहरूका परिवारहरूलाई क्षतिपूर्ति, आप्रवासी कामदारहरूको उद्धार र उनीहरूको फिर्ति पर्दछन् । यसका अतिरिक्त, अनुगमन संयन्त्रहरूसम्बन्धी प्रावधानहरू पनि निर्दिष्ट गर्दछन्, जस्तै अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्क, उजुरी दर्ता गर्ने, अनुसन्धान गर्ने र निर्णय गर्ने तथा मुद्धाको किनारा लगाउने र दोषिमाथि सजाय गर्ने न्यायाधीकरणको व्यवस्था आदि । यी प्रावधानहरू ऐन जारी गरिएपछि स्थापित वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड र वैदेशिक रोजगार न्यायाधीकरणजस्ता विभिन्न संस्थागत संयन्त्रहरूमार्फत कार्यान्वयन गरिएका छन् । श्रम सहचारीहरू श्रम आप्रवासीहरूको उजुरीहरू र पीडाको क्षतिपूर्तिका लागि सहजीकरण गर्ने भूमिकाको लागि गन्तव्य मुलुकहरूमा नेपाली दुतावासहरूमा कर्मचारी नियुक्ति गरिएको छ । आप्रवासी कामदारहरूको कल्याण कोषको

सिर्जना वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड अन्तर्गत गरिएको थियो भने काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्कको स्थापना गरिएको थियो (श्रम आपव्रासन प्रतिवदेन २०१५) ।

तेह्रौ त्रिवर्षिय योजनाको आधारपत्रमा उल्लेखित सरकारी नीति संरचनामा आधारित रहेर वर्तमान राष्ट्रिय रोजगार नीतिको नीर्माण गरिएको छ यसले नेपालको समग्र विकास लक्ष्य हासिल गर्ने कार्यमा वढी प्रभावकारीता र सामानजस्यतालाई सुनिश्चित गर्नेछ । यो नीति श्रम तथा रोजगार नीति २०६२ मा आधारित रहेर तयार पारिएको छ साथै यो नीतिको कार्यन्वयनका क्रममा सिकिएका पाठलाई पनि विचार गरिएको छ । यसवाहेक औधोगिक नीति, कृषि नीति, राष्ट्रिय युवा नीति, सुचना प्रविधि नीति, ट्रेड युनियन ऐन समेतका रोजगारका उल्लेखित उद्धेश्य प्रति सान्दर्भिक नीतिको विषयमा यस नीतिले ध्यान पुर्याएको छ । वैदेशिक रोजगारले नेपालको ग्रामिण क्षेत्रमा आर्थिक संवृद्धि ल्याउन सहयोग पुर्याइ गरिवी न्युनिकरणमा नीकै सहयोग पुर्याएको छ । नेपालका करिव ५६ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गरिरहेका छन् । औषतमा विदेशमा वस्ने नेपालीले प्रतिवर्ष ८०,४६२ विप्रेषण प्राप्त गर्दछ (राष्ट्रिय रोजगार नीति,२०७१) ।

विदेशमा श्रम आप्रवासनको बढ्दो चुनौतिहरू र गतिशिलतालाई मध्यनजर गर्दै सन् २०११/२०१२ मा वैदेशिक रोजगार नियमावली, २०६४ मा आवश्यक परिमार्जन गरिएको थियो र यो ऐन हाल पुनरावलोकनको अवस्थामा छ । यो प्रक्रिया सम्पन्न भइसकेपछि श्रम आप्रवासन सुरक्षित, अझ राम्रो र सम्मानजनक हुने अपेक्षा गरिएको छ । एउटा वैदेशिक रोजगार नीतिको सन् २०१२ मा घोषणा गरिएको थियो । यो वैदेशिक श्रम रोजगारको बढ्दो प्रवृत्तिहरूको सामाजिक-आर्थिक आयतनलाई सम्बोधन गर्ने गरी लक्षित सरकारको पहिलो नीति हो । यस नीतिले रोजगारीका लागि आप्रवासन प्रक्रियाको व्यवस्थापनमा हुने गरेको अनियमितताहरू र सुशासनको अभावलाई प्रमुख समस्याको रूपमा पहिचान गरेको छ । यसले यथेष्ठ जानकारी प्राप्त नगरेका र पूर्व तयारी बेगर गएका आप्रवासी कामदारहरू शोषण तथा सङ्कटोन्मुख स्थितिहरूको ठूलो जोखिममा रहेको कुरा पनि पहिचान गरेको छ । यसले महिला श्रमिक आप्रवासीहरूको बढ्दो प्रवृत्तिलाई स्वीकारगर्नुका साथै उनीहरूले आप्रवासन प्रक्रियाको क्रममा सामना गर्नु पर्ने समस्याहरूलाई पनि पहिचान गरेको छ । यसका अतिरिक्त, यसले नेपालमा रहेका उनीहरूका परिवारहरूका सवालहरूलाई मध्यनजर

गर्दै फिर्ती हुने आप्रवासीहरूको लागि पुनःएकीकरण प्रक्रियाका लागि रणनीति तय गर्नुपर्ने आवश्यकता औंल्याएको छ ।

सरकारले वैदेशिक रोजगार व्यवसायलाई नियमन गर्नका लागि केही निर्देशिका र कार्यविधि प्रयोग गरेको छ : वैदेशिक रोजगारका लागि घरेलु कामदारहरूपठाउने विषयसँग सम्बन्धित निर्देशिका, २०७२; अभिमूखिकरण तालिम संस्था दर्ता र नवीकरणसम्बन्धी पुस्तिाका, २०७१; व्यक्तिगत श्रम स्वीकृति प्रक्रियासम्बन्धी निर्देशिका, २०७०; सीपयुक्त तालिम भएका मानव स्रोतहरूका लागि उद्देश्यमूलक सहायता विस्तारपुस्तिका, २०७१; र वैदेशिक रोजगारीमा जाने कामदारहरूका लागि स्वास्थ्य परीक्षण गर्ने संस्थाको सूचिकृत प्रक्रियासम्बन्धी मापदण्ड, २०७० ।

श्रम तथा रोजगार मन्त्रालय श्रम तथा रोजगार मन्त्रालयले नेपाल सरकारको नियमावली, २०१२ (कार्य विभाजन) अनुसार श्रम तथा रोजगारसँग सम्बन्धित नीति, योजना र कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्नका लागि अग्रणी भूमिका निर्वाह गर्दछ । मन्त्रालय भित्र, वैदेशिक रोजगारसँग सम्बन्धित सबै कामहरू वैदेशिक रोजगार तथा अन्तर्राष्ट्रिय श्रम सम्बन्ध महाशाखाद्वारा सञ्चालन गरिन्छ । नयाँ कानुनहरू प्रस्ताव नभएको अवस्थामा मन्त्रालयले कानुनमा आवश्यक परिमार्जन गरी लागु गर्ने गर्दछ । वैदेशिक रोजगार ऐन, २००७ जारी भएदेखि यता मन्त्रालयले सन् २०११ मा जारी गरेका नियमहरू परिमार्जन गऱ्यो र सन् २००८ मा प्राविधिक इन्टर्नहरू जापान पठाउने व्यवस्थापन सम्बन्धी निर्देशिका, सन् २०१२ मा व्यक्तिगत प्रक्रियामार्फत श्रम स्वीकृति प्राप्त गर्ने निर्देशिका र सन् २०१५ मा वैदेशिक रोजगारका लागि घरेलु कामदारहरू पठाउने व्यवस्थापनसम्बन्धी निर्देशिका जारी गऱ्यो । मन्त्रालयले हाल वैदेशिक रोजगार ऐनमा आवश्यक परिमार्जन गर्नका लागि पुनरावलोकन गरिरहेको छ। राष्ट्रिय रणनीतिमूलक कार्य योजनाका प्रमुख व्यवहारिक आकर्षणहरू देहाय अनुसार रहेका छन् : फिर्ति भएका कामदारहरूको सामाजिक-आर्थिक पुनः एकिकरण; विप्रेषणसँग सम्बन्धित नीति तर्जुमा; वैदेशिक रोजगारीका लागि सामाजिक लागतमा न्यूनिकरण; काठमाडौं केन्द्रित वैदेशिक रोजगार सेवाहरूलाई स्थानीय तहसम्म विकेन्द्रिकरण; महिलाहरूका लागि सुरक्षित र मर्यादित वैदेशिक रोजगारीका अवसरहरूमा सुधार; बालबच्चाले अभिभावकबाट पाउने बात्सल्यता गुमाउने परिस्थिति, प्रौढहरूको रेखदेखमा हुने कमी (युवाहरूको अनुपस्थितिमा

स्याहर शुसारको अभावको सामना गरिरहेका व्यक्तिहरू) लाई सामाजिक सुरक्षाको प्रत्याभूतिमा समावेश; अनियमित आप्रवासीहरू, खासगरी महिला कामदारहरूको दस्तावेजीकरण; भारतमा हुने आप्रवासनसम्बन्धी अनुसन्धान र यसका परिणामलाई अझ बढी व्यवस्थित प्रक्रियाको विकास गर्नका लागि प्रयोग; नेपाली दुतावासहरू र महावाणिज्य दुतहरूका कार्यालयहरू तथा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको क्षमता विकास; फिर्ती भएका कामदारहरूलाई सामाजिक-आर्थिक पुन:एकीकरण लक्षित तालिम कार्यक्रमहरूमा स्रोत व्यक्तिको रूपमा प्रयोग; राजदुतहरू र महावाणिज्य दुतहरूको जिम्मेवारीमा वैदेशिक रोजगारका सवालहरूलाई समावेश गरी श्रम कुटनीतिलाई पक्ष पोषण; जिल्ला अस्पतालहरू र श्रम कार्यालयहरूमा मनोसामाजिक विमर्श सेवाहरूको प्रावधान; सबै प्रमुख तालिम संस्थानहरूमा सञ्चालन हुने तालिम कार्यक्रमहरूमा वैदेशिक रोजगार विषय समावेश; र श्रमिक आप्रवासीहरूका लागि सुरक्षित आवासहरूको उचित व्यवस्थापन । राष्टिय् रणनीतिमलूक कार्य योजनाले अपेक्षित परिणामहरूपद्रान गनर्का लागि जिम्मवोर निकायहरू, परिणामको प्रत्येक क्षत्रेका लागि समयसीमा र बजटे (करिब कलु बजटे नपोली रूपयैाँ ५.३ बिलियन वा अर्मेरिकी डलर ४८.४ मिलियन) निधार्रण गदर्छ । राष्टिय् रणनीतिमलूक कार्य योजनाले सरकार, विकास साझेदारहरू र निजी क्षत्रेबिच सयंक्ुत वित्तीय व्यवस्थापनको परिकल्पना गरको छ (श्रम आपव्रासन प्रतिवेदन, २०१५) ।

हरेक समाजमा मानवीय अर्थतन्त्र, संस्कार र यसबाट निर्मित संस्कृतिको एउटा अन्तर सम्बन्धबाट समाज निर्देशित भएको हुन्छ । समाजको पूर्णत: सुदृढीकरणको लागि त्यहाँको संस्कृति अप्रत्यक्ष चल हो भने सरकारी नीति नियम र मानवीय क्रियाकलाप प्रत्यक्ष चलहरू हुन । यसै सन्दर्भमा वैदेशिक रोजगारको प्रक्रियाकाबारेमा कुरा गर्दा कुनै पनि व्यक्ति एकै चोटि वैदेशिक रोजगारमा संलग्न हुन सक्दैन । यसका लागि पनि विभिन्न किसिमका संजाल रहेको हुन्छ । त्यसमा पनि आफ्नो समाजका वा वरिपरिका व्यक्तिहरू कसरी वा कुन प्रक्रियाबाट वैदेशिक रोजगारमा संलग्न हुने गर्दछन् । त्यस कुराले पनि वैदेशिक रोजगारीको प्रक्रियामा प्रभाव पारेको देख्न सकिन्छ (के.सी., २०७९) ।

सन् १९५० पछि अर्थव्यवस्था खुल्ला रूपमा अगाडी बढ्न थालेको पाइन्छ । सन् १९६३ पछि नेपाली आप्रवासीहरूलाई विविध ठाउँमा दु:ख दिएको, रोजगारीमा गएका व्यक्तिले दु:ख पाएका समाचारहरू प्रकाशमा आउन थालेपछि निजि क्षेत्रहरूको सहभागिता पनि विभिन्न

देशहरूमा वृद्धि हुन थालेको पाइन्छ । नेपाल सरकारले वि.सं. २०२८ सालमा श्रम विभाग र वि.सं. २०३८ सालमा श्रम मन्त्रालयको गठन गरि श्रमलाई व्यवस्थित र परिमार्जित गर्दै लाने निति लिएको हो (डाँगी, २०८०)।


नेपाल सरकारले वि.सं. २०३८ सालमा वैदेशिक रोजगारलाई व्यवस्थित रूपमा विकास गर्न श्रम मन्त्रालयको गठन गरि श्रमलाई व्यवस्थित र परिमार्जन गर्दै लाने निति लिन थालेको पाइन्छ। यसरी मन्त्रालयको गठन भएपछि विशेषगरि वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरि आउनसक्ने जटिल समस्याको समाधानका लागि वि.सं. २०४२/०३/०२ बाट वैदेशिक रोजगार ऐन लागु गरियो । हाल आएर यस ऐनलाई संशोधन गर्न वि.सं. २०६४/०५/१९ बाट लागु हुने गरि संशोधित वैदेशिक रोजगार ऐन २०६४ निर्माण भएको छ । यस ऐनमा वैदेशिक रोजगारसम्बन्धी कानूनलाई संशोधित गर्न बनेको ऐन प्रस्तावना वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गरि सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगारसम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न वान्छनिय भएकाले व्यवस्थापिका संसदले ऐन बनाएको छ (वैदेशिक रोजगार ऐन, २०६४)।

नेपालीको वैदेशिक रोजगारलाई व्यवस्थित गर्न वि.सं. २०४२ सालमा वैदेशिक रोजगार ऐन तर्जुमा गरिएको थियो यस ऐन पुर्ण कार्यन्वयन हुँदा नहुँदै वि.सं.२०४६ को जनआन्दोलन र त्यसको परिणाम स्थापना पश्चात प्रजातान्त्रिक शासन व्यवस्था अन्तर्गत नेपालमा खुला अर्थतन्त्रको अभ्यास हुन थाल्यो । नेपालीहरू आफ्नो पेशा वा रोजगारीको लागि जहाँसुकै जान स्वतन्त्र भए । उनीहरूले आफ्ना रोजगारीमा परम्परागत गन्तव्यलाई परिवर्तन र विस्तार गर्दा नया नया आकर्षक रोजगार मुलुकहरू खोजी गर्न थाले । देशमा विद्यमान सम्पुर्ण जनशक्तिलाई रोजगार दिन तत्काल सम्भव नदेखिएको अवस्थामा सरकारले पनि वैदेशिक रोजगारीलाई खुला गर्ने नीति लियो । नेपाल सरकारले औपचारीक रूपमा वैदेशिक रोजगारीलाई खुला गरेपछि यसको वजार विस्तार र विकास गर्न संसारमा विविध मुलुकको खोजी गर्दा हाल सम्म विभिन्न ११० मुलुकमा जान र पठाउन सक्ने गरि स्विकृति प्रदान गरेको छ । नेपालवाट वैदेशिक रोजगारीमा जाने कामदारको सुरक्षा र सुविधाको लागि रोजगारदाता मुलुक र कामदार पठाउने मुलुकका विच द्विपक्षीय श्रम सम्झौता हुनु जरुरी हुन्छ तर हाल सम्म यस्तो सम्झौता दक्षिण कोरिया,जापान, सँयुक्त अरव ईमिरेट्स र वहराइन गरि चार मुलुक सम्म मात्र सम्झौता सम्पन्न भएको छ भने अन्य मुख्य गन्तव्य

मुलुकहरू सँग प्रारम्भ गरिएको छ । वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्नका लागि पुरानो वैदेशिक रोजगार ऐन, २०४२ खारेज गरि वैदेशिक रोजगार ऐन २०६४ र नियमावली २०६४ समेत तर्जुमा गरि कार्यन्वयनमा ल्याइएको छ । यस ऐन तथा नियमावलीमा उल्लेखित व्यवस्थालाई अध्यावधिक र समसामयिक तुल्याउन वैदेशिक रोजगार नीति २०६८ लाई सरकारले तर्जुमा गरि उक्त नीति कार्यन्वयन गर्न रणनीतिक योजना वनाइरहेको छ (राई, २०७३)।

## २.३ अवधारणात्मक समिक्षा

वैदेशिक रोजगारको कारणले मध्यनेपाल नगरपालिका वडा नम्बर ४ का मानिसहरूको जीवन पद्धतीमा आएका परिवर्तनहरूलाई यस अध्ययन मार्फत प्रस्तुत गर्न खोजिएकोछ । वैदेशिक रोजगारमा जानुका कारणहरू र त्यसपछिका प्रभावहरूलाई यस अध्ययनमा खोतल्ने प्रयास गरिएकोछ । अविकसित देशका मानिसहरू रोजगारको खोजीमा विकसित मुलुक हरूतिर गई आर्थिक उपार्जन मार्फत आफ्ना जिवन भोगाई लाई सहज वनाउने क्रममा आएका सामाजिक र आर्थिक परिवर्तनलाई यस अध्ययनमा समेटीएको छ । जुन विषयवस्तुलाई प्रस्द्दयाउनको लागि अवधारणात्मक ढाँचाको रुममा निम्म अनुसारका तालिकामा प्रस्तुत गर्न सकिन्छ ।



लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं ४ दुईपिप्लेबाट वैदेशिक रोजगारमा संलग्न हरूको अवस्था र यसले समाजमा ल्याएको परिवर्तनलाई यस अध्ययनमा समावेश गरिएको छ । जसमा मुख्य गरी आर्थीक अवस्थामा आएको परिवर्तन र सामाजिक रूपमा आएको परिवर्तनलाई केन्द्रित गरिएको छ । आर्थिक परिवर्तनको अवस्था अन्तरगत जग्गा जमिनको अवस्था, घरको वनौटमा आएको परिवर्तन, खर्चको अनुपात, वचतको अवस्था कस्तो रहेको छ । वैदेशिक रोजगारमा जानेको जग्गा र जग्गा खरिदको अवस्थालाई आर्जित आम्दानीवाट घरको वनौटको अवस्थामा आएको परिवर्तन, आम्दानी अनुसारको खर्चको विवरण र वचतको अवस्थालाई हेरिएको छ ।

सामाजिक अवस्था अन्तर्गत वैदेशिक रोजगारीले सामाजिक सम्वन्धमा कस्तो परिवर्तन ल्याएको छ भन्ने सम्वन्धमा अध्ययन केन्द्रित रहेकोछ । जसमा खानामा कस्तो परिवर्तन आएको छ । स्वास्थ्य सुविधाको प्रयोगमा आएको परिवर्तनका कुरालाई आधार मनाइएको छ । शिक्षामा कस्तो परिवर्तन आएको छ । आफ्ना सन्तानहरूलाई कस्तो विधालयमा पढाइरहेका छन् । वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको वैवाहिक सम्वन्धमा कस्तो परिवर्तन आएको छ । यसले पारिवारीक जिवनमा कस्तो परिवर्तन देखा परेका सो कुरा यहाँ देखाइएको छ । सुचना र प्रविधिको क्षेत्रमा आएको परिवर्तन र यसले समाजमा ल्याएको परिवर्तन लाई अध्ययनको क्रममा समावेश गरिएकोछ ।

# अध्याय तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट र यसको औचित्य

यस अध्ययनमा मध्यनेपाल नगरपालिका वडा नं. ४ अर्न्तगतको दुईपिप्लेबाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको पारिवारिक, सामाजिक, आर्थिक, साँस्कृतिक र महिलाहरूको जीविकोपार्जनमा आएको परिवर्तनको बारेमा अध्ययन गर्न इच्छा भएको हुँदा रम्घा गा.वि.स लाई नै अध्ययनको क्षेत्र छनौट गरिएको हो । यस भन्दा अगाडी यस वडामा कसैले पनि महिलाहरूको जीविकोपार्जन सम्बन्धित जानकारी नलिएको हुँदा मलाई यस विषयमा अध्ययन गर्न बढि जिज्ञासा लागेको हो । तसर्थ अध्ययनको लागि वडा नं. ४ का महिलाहरूलाई छनौट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

अनुसन्धान गर्दा अन्वेषणात्मक र वर्णनात्मक दुबै ढाँचाको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको बारेमा गुणात्मक तथ्यहरूको संकलनमा वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । विषेशगरी बैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले महिलाहरूको जीविकोपार्जन आएको परिवर्तन सामाजिक, आर्थिक अवस्थाको बारेमा अध्ययन गरीएको छ । यो अध्ययन अनुसन्धान गर्दा सम्बन्धित क्षेत्रमा गएर प्रत्यक्ष रूपमा महिलाहरूसँग प्रश्न सोधेर, अवलोकन गरेर मिश्रीत रूपमा पनि गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनका लागि निर्धारण गरिएका उद्देश्यहरूको परिपूर्ति गर्नको लागि विभिन्न प्रकारका तथ्याङ्कहरूको संकलन गरिएको छ । यस अध्ययन तथा अनुसन्धानलाई यथार्थपर बनाउनका लागि सम्बन्धित क्षेत्रमा गइ अनुसन्धानर्ताले एत्तरदाता महिलाहरूसँग प्रत्यक्ष संलग्न भई आवश्यक तथ्याङ्कहरू संकलन गर्नका लागि अवलोकन, अन्तरर्वाता, प्रश्नावली जस्ता प्राथमिक श्रोतका पद्धतिको प्रयोग गरिएको छ भने द्धितीय तथ्याङ्कका श्रोतको रूपमा

लेख, प्रतिवेदन, पुस्तक, पत्रपत्रिका लगाएतका विभिन्न क्षेत्रबाट प्रकाशित प्रकाशनहरूलाई लिइएको छ ।

### ३.३.१ नमुना छनोट विधि

यस शोधपत्र लेखन कार्यका लागि नमुना छनोटको लागि मध्यनेपाल नगरपालिका - ४ दुईपिप्ले बजारमा गाउँमा बसोबास गर्ने समुदायका वैदेशिक रोजगारमा गएका १०० घरधुरी मध्ये simple random sampling विधिबाट ५० घरपरिवारलाई नमुनाको रूपमा छनोट गरेको छु । यो विधि अनुसार घरधुरी उत्तरदाताके छनोट गर्दा सर्वप्रथम त्यस समुदायमा बसोबास गर्ने राजनितिक कर्मी, शिक्षक र अगुवाहरूको सहायताबाट प्रेत्यक घरधुरीको सुची तयार पारेको छु । जस मध्ये वैदेशिक रोजगारमा गएका घरहरूलाई प्रत्येक १ घर छोडि दोस्रो घरलाई उत्तरदाता मानि कुल ५० घरधुरीलाई उत्तरदाताको रूपमा छनोट गरिएको छ । यसरी छनोट गरीएका प्रत्येक घरका मुख्य एक जना सदस्यलाई तयार गरीएका प्रश्नावली सुचि बमोजिम अर्न्तवार्ताका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.३.२ अन्तर्वाता

यसअध्ययन क्षेत्रसित सम्बन्धित व्यक्तिहरूसँग प्रत्यक्ष र सम्बन्धित विषयमा तयार पारिएका प्रश्नावलीका आधारमा उत्तरदाता र शोधकर्ताबिच व्यवस्थित र दोहोरो कुराकानीको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस क्रममा ३० घरधुरीमा अर्न्तवार्ताका लागि वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई समावेश गरिएको छ र बाँकी २० घरधुरीमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई समावेश गरिएको छ । यसरी वैदेशिक रोजगारमा जानु भन्दा अगाडी र वैदेशिक रोजगारबाट फकिर्सेपछि उनीहरूको घरपरिवारका साथै महिलाहरूको जीविकोपार्जनमा आएको परिवर्तन हेर्ने भएकोले अर्न्तर्वाता लिइएको हो ।

### ३.३.३ अवलोकन

यस अध्ययन तथा अनुसन्धानमा मध्यनेपाल न. पा. वडा नं ४ मा महिलाहरूको पेसा, शिक्षा, जनसंख्या, आर्थिक स्थिती, घरको प्रकार, आम्दानिको आयस्रोत, जमिनको स्वामित्व, सिप तथा भाषा आदिको कस्तो स्थिती रहेको छ सो कुरा जान्नका लागि अवलोकन विधि अपनाइएको छ । अवलोकन गर्दा मध्यनेपालका महिलाहरूको आर्थिक स्थितीमा साथै

त्यहाँका महिलाहरूको जिवीकोपार्जनमा आएको परिवर्तनबारे चर्चाका साथै कसरी र किन परिवर्तन भयो त्यसमा अवलोन गरी अध्ययन क्षेत्रको बारेमा त्यहाँका महिलाहरूसँग प्रत्यक्ष कुरा गरी तथ्याङ्क संकलन गर्ने र अवलोकन गर्दा महिलाहरूको आर्थिक स्थिती कस्तो छ ? परिवारमा पहिलेको अवस्था र अहिलेको अवस्थामा के कस्ता परिवर्तन आएका छन् त्यसलाई पनि विषेश जोड दिइएको छ।

## ३.४ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण

यस अध्ययन सफल हुनुमा तथ्याङ्कको प्रभावकारी विश्लेषण तथा प्रस्तुतिकरणमा पनि चर पर्ने हुँदा विभिन्न श्रोतहरूबाट प्राप्त भएका तथ्याङ्कहरूलाई प्रकृति अनुरूप विश्लेषण गरिएको छ । विश्लेषण गर्नु पूर्व उक्त संकलित तथ्यहरूलाई सरल तरिकाले सबैले बुझ्ने गरी वर्गिकरण र तालिकीकरण गरिएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई आवश्यक मात्रामा तथ्यपरक बनाई बिश्लेषण र वर्णन गरिएको भने सख्यात्मक तथ्याङ्कहरूको ब्याख्या र विश्लेषण पनि गरिएको छ ।

## ३.५ अध्ययनको सिमा

यस अध्ययनको लागि मध्यनेपाल न.पा. वडा नं ४ बाट बैदेशिक रोजगारमा संलग्न भएको केहि व्यक्तिहरूलाई छनोट गरिएको छ । यस अध्ययनले सबै समाजको प्रतिनिधित्व गर्न सक्दैन । जसले गर्दा यस अध्ययन विषयको बारेमा मात्र अध्ययन गरिने शीर्षक अनुसार उचित नहुन सक्छ । यो अध्ययन गर्दा समयको सीमा र आर्थिक कुराहरूको सिमा भित्र परिएको छ ।

# अध्याय चार

# तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

## ४.१ अध्ययन क्षेत्रको परिचय

नेपालको मध्यभागमा, ईशानेश्वर महादेवको काखमा अवस्थित यस मध्यनेपाल नगरपालिका लम्जुङ्गको १० वटा गा. बि. स. (जिता, तान्द्रङ टक्सार, सुर्यपाल, रम्घा, समिभञ्ज्यङ, भोर्लेटार, इशानेश्वर, करापू, बाङ्गे र नेटा) लाई समेटेर २०७३ सालमा यस मध्यनेपाल नगरपालिकाको नामाकरण गरि घोषणा गरिएको हो । काठमाण्डौबाट १८० कि.मी पश्चिम तथा पोखराबाट ३२ कि.मी पूर्वमा अवस्थित यस मध्यनेपाल नगरपालिका गण्डकी प्रदेश अन्तर्गत लम्जुङ्ग जिल्लाको एक व्यापारीक केन्द्र भोर्लेटारमा पर्दछ । यो नगरपालिकाको पूर्वमा सुन्दरबजार नगरपालिका, पश्चिममा रूपा गाँउपालिका, कास्की जिल्ला, दक्षिणमा ब्यास नगरपालिका, तनहुँ जिल्ला तथा उत्तरमा क्व्होलासोथार गाँउपालिका र केहि भाग बेसीशहर नगरपालिका रहेका छन ।

११३.८६ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको २०७८ सालको जनगणना अनुसार जम्मा ६४२७ घरधुरि रहेका छन । ११,८९५ महिला र १०,०७६ पुरुष गरि जम्मा २१,९७१ जनसंख्या रहेको छ । शिक्षाको क्षेत्रमा हेर्दा जम्मा ७८.९ % साक्षरता प्रतिशत रहेको छ, जसमा पुरुष साक्षरता ८७.८ प्रतिशतर महिला साक्षरता ७१.६ प्रतिशत रहेको छ ।

यस नगरपालिकामा मुख्य जातिको रूपमा गुरुङ्ग, ब्राह्मण, क्षेत्री, नेवार, मगर, दुरा, कामी आदि रहेका छन् भने नेपाली लोक संगीतमा दुर्लभ मानिने ठाडोभाका लोक गीतको जन्मथलो मानिने यस क्षेत्रमा बिभिन्न जातिय तथा परम्परागत नृत्यहरू पनि छन् । जसमा घाटु, चुड्का, कौरा र परम्परागत तिजका गित तथा नृत्यहरू यस नगरपालिकाका सर्वाधिक लोकप्रिय संस्कृतिहरू हुन् ।

नगरवासिहरू आंसिक रूपमा जागिरे, व्यापार र वैदेशिक रोजगारिमा संलग्न भयतापनि कृषि नै मुख्य आर्थिक स्रोत रहेको छ । मादी, खहरे, गोल्यङ्दि, रिस्ति, चर्दि, मिदिम, पिस्ति जस्ता खोलाका काखमा रहेका फाटहरू उर्भर र सदाबाहार छन् ।

हरेक बर्ष हिन्दुहरूको महान पर्व शिवरात्रिको अवशर पारेर हजारौं श्रदालु भक्तजनहरू हाम्रो यस नगरको काखमा रहेको प्रसिद्ध धार्मिक स्थल इशानेश्वर महादेव मन्दिरको दर्शन गर्नका निम्ति आउने गर्दछन् । यसै गरी नाग भैरवको मन्दिर, मालिका मन्दिर, जल्पादेवी मन्दिर, जिता भयर थान मन्दिर आदि धार्मिक स्थलले आफनो छुटै अस्तित्व बोकेका छन् ।

अन्तमा स्थानिय स्वायत्त निकायको रूपमा कार्यरत यस नगरपालिकाले नगरपालिकामा आफ्नो सेवाहरू सर्वशुलभ र छिटोछरितो रूपमा उपलब्ध गराउनका साथै सफा खानेपानी, यातायात सुविधामा सुधार गरी, महिला जनजाति तथा पिछडिएका वर्ग र समुदायमा सामाजिक सेवा उपलब्ध गराउन पूर्वाधारहरूको स्थापनामा सहयोग गर्ने उन्नत् कृषि प्रणाली, सामुदायिक वन उपभोक्ता समितिलाई क्रियाशिल पार्न तथा वातावरणीय सन्तुलन कायम राख्ने कार्यमा सहयोग पुऱ्याउने, सहरी क्षेत्रको सरसफाई, ल्याण्डफिल्ड साइट, पशुऔषधालय, व्यवस्थित बसपार्क तथा रंगशाला निर्माण, कालोपत्रे तथा ढल निकासको कार्यक्रमलाई प्राथमिकता दिने र चरणवद्ध रूपमा शहरी पूर्वाधार श्रृजना गर्दै जाने, प्राकृतिक सौन्दर्यता र सास्कृतिक धरोहरहरूको संरक्षण र सम्बर्धनका साथै पर्याटकिय महत्वलाई उजागर गर्ने लक्ष्य लिई आफ्नो स्रोत र साधनको भ्याएसम्म अबिरल गतिमा अघाडि बढी रहेको र यस नगरपालिकालाई बिभिन्न सरकारी तथा गैरसरकारी संघसस्थाले सहयोग गरि अहम भुमिका खेलिरहेका छन् । विकासको क्रममा हेर्ने हो भने नगरपालिका स्थापना पूर्व नै यस क्षेत्रमा बाटो, विजुली, खानेपानी, शिक्षा, स्वास्थ्य, टेलिफोन, जस्ता भौतिक पूर्वाधारहरू लगभग दुइ तिहाइ नगरबासिले उपभोग गरिसकेका थिए भने नगरपालिका स्थापना पश्चात उक्त भौतिक सुविधाहरू क्रमबद्ध रूपमा न.पा.को सम्पुर्ण क्षेत्रमा विस्तार गर्न नगरपालिका निरन्तर रूपमा लागि परेको छ । शिक्षाको क्षेत्रमा हेर्ने हो भने, यस नगरमा जम्मा ४६ सरकारी, ७ निजि र १ बाल बिकास केन्द्र सञ्चालनमा रहेका छन । नेपाल सरकारले तोकिएको मापदण्ड र सेवा सुविधाको आधारमा नमुना विधालयको रूपमा परिचित मंगला मा.वि यसै नगरको चिनारी हो । यस नगरका शत प्रतिशत नगरवासिले विधुत सेवा उपभोग गर्न पाएका छन् भने यातायातको क्षेत्रमा १८ कि.मि कालोपत्रे पक्कि सडक, ३४ कि.मि ग्राभेल सडक र २३० कि.मि कच्चि सडक रहेका छन् । यस नगरको प्रमुख आर्थिक केन्द्र भोर्लेटार , रामबजार, दुइपिप्ले, र सोतिपसल हाम्रो छिमेकि जिल्ला तनहुँको सदरमुकाम दमौलीसँग पक्कि सडकले जोडिएको हुदा बजार व्यवस्थापनका लागि सहज मानिन्छ ।

मध्यनेपाल नगरपालिका वडा नं ४ को दुईपिप्लेवाट वैदेशिक रोजगारमा गएको व्यक्ति र परिवारसँग आधारित रही यस अध्ययनको लागि क्षेत्र छनौट गरिएको छ । यस अध्ययनको क्षेत्र मा (४ नं वडामा) १२०४ घरधुरीमा कुल जनसंख्या ४१४७ रहेको छ । जसमा पुरुषको संख्या १८७६ र महिलाको संख्या २२७१ रहेको छ । यसअध्ययन क्षेत्रसित सम्बन्धित व्यक्तिहरूसँग प्रत्यक्ष र सम्बन्धित विषयमा तयार पारिएका प्रश्नावलीका आधारमा उत्तरदाता र शोधकर्ताबिच व्यवस्थित र दोहोरो कुराकानीको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस क्रममा ३० घरधुरीमा अर्न्तवार्ताका लागि वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई समावेश गरिएको छ र बाँकी २० घरधुरीमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई समावेश गरिएको छ । यसरी वैदेशिक रोजगारमा जानु भन्दा अगाडी र वैदेशिक रोजगारबाट फकिर्सेपछि उनीहरूको घरपरिवारका साथै महिलाहरूको जीविकोपार्जनमा आएको परिवर्तन हेर्ने भएकोले अर्न्तर्वाता लिइएको हो । जसमध्य दुईपिप्ले वाट ५० घरपरिवारवाट वैदेसिक रोजगारमा सम्लग्न रहेका छन् । यसरी वैदेशिक रोजगारमा गएका परिवार मध्यवाट उदेश्यमुलक नमुना छनौटको विधि (प्रश्नावलीमा सहभागि र उत्तर दिन चाहने उत्तरदाताहरू) प्रयोग गरि ५० घरपरिवारलाई यस अध्ययनका लागि उदेश्यमुलक नमुना छनौटको प्रयोग गरि छानीएको छ । वैदेशिक रोजगारमा सँलग्न परिवारको विप्रेषणको प्रयोगले महिलाहरूको सामाजिक आर्थिक अवस्थामा आएको परिवर्तनलाई यस खण्डमा विभिन्न उपशिर्षक वनाई व्याख्या र विश्लेषण गरिएको छ । जसमा लैंङ्गिक, शैक्षिक, उमेरगत, पेशागत लगायत विभिन्न कोणमा गएर सामाजिक पक्षहरूलाई तथ्याङकको आधारमा गएर व्याख्या विश्लेषण गरि अध्ययनलाई अझ प्रभावकारी वनाउने कोशिष गरिएको छ ।

## ४.२ विप्रेषणको प्रयोगले सामाजिक अवस्था र यसमा आएको परिर्वतन

### ४.२.१ अध्ययन क्षेत्रको जातिगत विवरण

लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका अन्तर्गत वडा नं ४ को दुईपिप्लेमा रहेका जाति जातजातिको जनसँख्याको अवस्थालाई यहा उल्लेख गरिएको छ । यस वडामा ८ जातजाति तथा अन्य गरि कुल ९ जातिको वितरण रहेको छ । जसलाई विस्तृत रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ । यस न.पा. मा रहेका जातिय जनसँख्यालाई आधार मान्ने क्रममा वडा नं. ४ का वैदेशिक रोजगारमा गएका विभिन्न जातिय परिवारलाई प्रतिनिधित्व

गराउनका लागि पनि तलको तालिका उपयोगि रहने हुनाले तलको तालिका प्रस्तुत गरिएको छ । यस ठाउँ मिश्रित जातजाति को वसोवास भएको ठाउँ भएकोले वडा नं ४ को समग्र वासिन्दाको जनसंख्यालाई लिई अध्ययन गरीएको छ, टोल विशेष आधिकारीक तथ्याङ्क नभेटिएकोले समग्र वडा कै जनसंख्या उल्लेख गरीएको छ ।

तालिका नं.१

जातिगत जनसँख्याको विवरण

| क.सं. | जाति जनजाति | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | क्षेत्री | ६८७ | ३१५ | ३७२ |
| २ | व्राम्हण | ६७५ | ३१० | ३६५ |
| ३ | गुरुङ्ग | ६५९ | ३०१ | ३५८ |
| ४ | नेवार | ६४६ | २९५ | ३५१ |
| ५ | कामी | ३७३ | १६८ | २०५ |
| ६ | मगर | ३५५ | १५८ | १९७ |
| ७ | दुरा | ३३७ | १५० | १८७ |
| ८ | सार्की | २३१ | १०३ | १२८ |
| ९ | अन्य | १८४ | ७६ | १०८ |
| | जम्मा | ४१४७ | १८७६ | २२७१ |

स्रोतः के.त.वि.२०७८

माथि दिएको तालिका अनुसार यस क्षेत्र अन्तरर्गतको न.पा. मा रहेका ८ ओटा जाति तथा जनजातिको वसोवास रहेको छ । व्राम्हण, क्षेत्री जातिको मुख्य वसोवास रहेको यस क्षेत्रमा तमाङ, कामी, राई, दमाई, सार्कि तथा अन्य जातको वसोवास रहेको छ ।

### ४.२.२ अध्ययन क्षेत्रको जनसंख्याको विवरण

लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका अन्तर्गत वडा नं ४ को दुईपिप्लेलाई लिएको भएता पनि यस अध्ययनमा वडा स्तरमा रहेको महिला पुरुषको जनसँख्याको अनुपातलाई तालिका मार्फत विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा रहेको जनसँख्याको वितरणलाई तलको तालिका मार्फत व्याख्या गरिएको छ ।

तालिका नं.२

वडा अनुसार जनसँख्या विवरण

| वडा नं.४ | परिवार संख्या | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| जम्मा | १२०४ | ४१४७ | १८७६ | २२७१ |

स्रोतः के.त.वि.२०७८

प्रस्तुत तालिकामा अध्ययनक्षेत्र अन्तरगत रहेको लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका अन्तर्गत वडा नं ४ को दुईपिप्लेमा रहेको महिला तथा पुरुषको जनसँख्याको अनुपातलाई प्रस्तुत गरेको छ । यस न.पा. मा पुरुष भन्दा महिलको जनसंख्या वढी रहेको देखिन्छ । नेपालको कुल जनसंख्या पनि महिलाको जनसंख्या वढी रहेको छ । यस वडामा कुल जनसंख्या ४१४७ रहेको जसमा १८७६ जना पुरुषको र २२७१ जना महिलाको संख्या रहेको छ भने देशको महिला र पुरुषको अनुपातलाई हेर्दा देशको अवस्था सँग मिल्दो जुल्दो देखिन्छ ।

### ४.२.३ पेशागत विवरण

कुनैपनि समाज तथा समुदायमा पेशा भन्नाले त्यस क्षेत्रका व्यक्तिले गर्ने कार्य वा रोजगारलाई बुझ्न सकिन्छ । यो मुख्य रूपमा जीविकोपार्जन वा जिवीका अर्थात जीवन संचालन गर्नका लागि अपनाइने बाटो वा माध्यम हो । पेशालाई पनि परम्परागत तथा आधुनिक वा नयाँ गरी विभाजन गर्न सकिन्छ अर्थात पेशामा पनि समय र ठाउँ अनुसार परिवर्तन गर्न सकिने अवस्था रहेको छ । यसै गरी पेशाले आर्थिक पक्षसँग नजिकको सम्बन्ध राखेको हुन्छ । यसले प्रत्यक्ष रूपमा व्यक्ति वा परिवारको आय आर्जनमा असर पार्नेगर्छ किनकी पेशा नै अर्थोपार्जनको माध्यम हो । यसका साथै पारिवारीक पेशाले पनि वैदेशिक रोजगारसँग सम्बन्ध राखेको हुन्छ । किनकी यही पारिवारीक पेशाले उनीहरूको परिवारको जीवन वा जीविका राम्रो संग चलिराखेको अवस्थामा वैदेशिक रोजगार वैकल्पिक माध्यम बन्न सक्छ तर अन्यथा यो बाध्यात्मक अवस्था हुन जान्छ । मानिसले आफ्नो जिविको पार्जनको लागि विभिन्न काम तथा व्यवसाय सञ्चालन गरेको हुन्छ । नेपाल खास गरिकन कृषि पेशामा आधारित देश हो यसका अलावा मानिसहरूले अन्य पेशा पनि अँगालेका छन् । यस अध्ययन क्षेत्रका वासिन्दाहरूको पनि विभिन्न पेशा व्यवसाय रहेको देखिन्छ । हुनत वैदेशिक रोजगारमा सम्लग्न हरूको पनि परिवारको पेशालाई प्रभावित गरेको देखिन्छ ।

यद्यपी यस अध्ययन क्षेत्रमा रहेका ५० घर परिवारको पेशागत विवरणलाई तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

वैदेशिक रोजगारमा सँलग्न परिवारको पेशागत विवरण

| क.सं. | पेशा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २४ | ४८ |
| २ | व्यापार | ६ | १२ |
| ३ | नोकरी | ८ | १६ |
| ४ | मजदुरी | १२ | २४ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८१

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रको ५० घरपरिवारको मानिसहरूको मुख्य पेशाको रूपमा कृषि पेशालाई अँगालेको देखिन्छ । उक्त तालिका अनुसार ४८ प्रतिशत भन्दा वढी घर परिवारको मुख्य आय आर्जनको पेशा कृषि रहेको देखिन्छ । त्यस्तै व्यापार व्यवसायमा सम्लग्न परिवारको सँख्या १२ प्रतिशत छ भने नोकरीमा सम्लग्न परिवारको सँख्या १६ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा सम्लग्न हुनु अघिको परिवारको आय आर्जनका यी विभिन्न स्रोतहरू रहेका थिए भन्ने यस तालिका वाट देख्न सकिन्छ । कुल घरधुरी मध्ये बहुसंख्यक घर कृषि पेशामा रहेको पाइयो । उक्त पेशाले पनि वर्षभरी खान नपुग्ने तथा आफ्ना अन्य आवश्यकताहरू पुरा गर्नका लागि वैदेशिक रोजगारमा गएको अवस्था देखियो । तालिकामा कृषि वाहेक देखिएका अन्य परिवारको पेशा भएपनि कृषिलाई सवैले अँगालेका तथा केहिले क्रमशः वैदेशिक रोजगारमा संलग्न सदस्यहरूले पठाएको पैसाले व्यापार गरेको देखियो अर्थात वैदेशिक रोजगारले व्यक्तिको पारिवारिक पेशामा क्रमश परिवर्तन गरेको कुरा देखियो । जसले हिजोको समाजमा रहेको परम्परागत पेशालाई अहिले क्रमिक रूपमा परिवर्तन गर्दै गएको वा समाजमा हिजोको दिनमा एउटै पेशा (कृषि) अंगाल्ने परिवारले अहिले आएर यसको वैकल्पिक पेशा (व्यापार) अंगाल्न थालेको देखियो । यसैगरी नोकरीमा संलग्न भएको पारिवारीक संरचना एकात्मक देखियो यसरीहेर्दा वैदेशिक रोजगारले परम्परागत पेशामा विस्तारै विस्तारै परिवर्तन ल्याउन थालेको देखिन्छ ।

### ४.३.४ घरको प्रकार

यस अध्ययन क्षेत्रमा मानिसहरूको अरु आर्थिक पक्ष जस्तै घरको वनौटले पनि आम्दानीको स्रोतलाई सँकेत गरेको हुन्छ । नेपालको ग्रामिण क्षेत्रका अधिकाँश वनौटको अर्ध पक्की खालको हुने गर्दछन् । स्थानिय स्रोतवाट प्राप्त हुने ढुँगा तथा माटोलाई प्रयोग गरेर घरहरूको निर्माण गरिएको हुन्छ । वैदेशिक रोजगारमा सम्लग्न परिवारको घरको वनौटले पनि देख्न सकिन्छ कि उक्त वैदेशिक रोजगार वाट प्राप्त हुने रकम कति सम्म घर निर्माणमा खर्च भएको होला घरको विकासलाई आर्थिक विकासको कसीवाट हेर्दा के कस्तो अवस्था रहेको छ भनेर व्याख्या र विश्लेषण गर्न तलको तालिकाको प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

वैदेशिक रोजगारमा सँलग्न परिवारको वैदेशिक रोजगार पछिको घर वनौटको विवरण

| क.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | पक्कि घर | १८ | ३६ |
| २ | ढुंगा माटोको घर | २६ | ५२ |
| ३ | कच्ची घर | ६ | १२ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

माथि उल्लेख गरिएको तालिका अनुसार यस अध्ययन क्षेत्रमा रहेका अधिकाँस घरहरू अर्धपक्की तथा ढुगा माटो तथा काठवाट निर्मित भएका छन् । ५२ प्रतिशत भन्दा वढी घरहरू ढुगा माटो तथा काठ लगाएर वनाईएको छ । आर्थिक अवस्थामा आएको सुधारको कारणले गर्दा केही घरहरू आधुनिक पनि वनेका देखिन्छन् । ३६ प्रतिशत घरहरू सिमेन्ट प्रयोग गरि वनाएको देखिन्छ । निकै कम तथा १२ प्रतिशत घरहरू मात्र कच्ची रहेका छन् । यसरी वैदेशिक रोजगारीका कारण आम्दानीमा वृद्धि भई घरको वनौटमा पनि आधुनिकता आएको देखिन्छ ।

### ४.२.५ वैदेशिक रोजगार अघिको पेशा

अध्ययनका लागि वैदेशिक रोजगारमा गएर फर्किएका व्यक्तिसँग लिएको सुचनाको आधारमा अध्ययन क्षेत्रका परिवारवाट वैदेशिक रोजगारमा सम्लग्न हुने युवाहरूको वैदेशिक रोजगारमा जानुअघि कस्तो पेशामा सँलग्न थिए भन्ने यस अध्ययनको महत्वपुर्ण सवाल पनि हो । सामान्यतया युवा पुस्ताले देशभित्र अवसर नपाएपछि वैदेशिक रोजगारको वाटो रोजेको देखिन्छ । समग्र देशको यस अवस्थालाई केलाउँदा यस वडा का युवाहरू त्यस्तै अवसरको खोजीमा वैदेशिक रोजगारको सम्लग्न भएको देखिन्छ । यस तथ्यलाई प्रस्तुत गर्नकालागि तलको तालिका लाई नियाल्दा अझ महत्वपुर्ण हुन सक्छ ।

तालिका नं. ५

वैदेशिक रोजगारमा सम्लग्न अघिको व्यक्तिको पेशागत विवरण

| क.स. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १० | २० |
| २ | अध्ययन | २० | ४० |
| ३ | मजदुरी | १० | २० |
| ४ | वेरोजगार | ४ | ८ |
| ५ | अन्य | ६ | १२ |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

माथिको तालिकामा वैदेशिक रोजगारमा संलग्न व्यक्तिको विदेश जानुअघिको पेशागत विवरणलाई दिएको तथ्याङ्कलाई हेर्दा उत्तरदाता मध्ये वैदेशिक रोजगारमा सम्लग्न हुनुभन्दा पहिला ४० प्रतिशत युवाहरू अध्ययनमा सँलग्न भएको पाईयो । अध्ययनलाई विचमा छाडेर सुनौलो भविश्यका लागि धेरै व्यत्तिहरू वैदेशिक रोजगारमा सम्लग्न भएको पाईयो । कृषि पेशामा सम्लग्न २० प्रतिशत युवाहरूको सँलग्नता रहेको पाईयो । मजदुरीमा सम्लग्न २० प्रतिशत, वेरोजगार ८ प्रतिशत र अन्य १२ प्रतिशत रहेको छ अन्य भन्नाले कुनै पेशा नभएका र पेशाको पहिचान नभएको भन्ने वुझिन्छ । यसरी हेर्दा अध्ययनमा सम्लग्न युवाहरू नै सवैभन्दा वढी वैदेशिक रोजगारमा सँलग्न भएको पाउन सकिन्छ ।

### ४.२.६ वैदेशिक रोजगारमा सम्लग्न हरूको उमेर

वैदेशिक रोजगारमा सँलग्न हरूको उमेरको अवस्थालाई हेर्दा कुन उमेर समुहका मानिसहरू यस्ता उमेर समुहमा सम्लग्न रहेका छन् भन्ने तथ्य पत्ता लगाउन सजिलो हुन्छ । आफ्नो जिवनको उर्जाशिल समयमा वैदेशिक रोजगारमा सम्लग्न हँदा देशको विकास प्रक्रियामा धक्का लाग्ने हुन्छ । यस अध्ययन क्षेत्रका मानिसहरू जो वैदेशिक रोजगारमा सँलग्न छन् । उनीहरूको उमेरको अवस्थालाई आँकलन गर्नका लागि पनि सवाल गरिएको यस अवस्थालाई तलको तालिकाको माध्यमवाट प्रस्तुत गरिएको छ । जुन निम्न तथ्याङ्क मार्फत प्रस्तुत गरिएको छ ।

तालिका नं. ६

वैदेशिक रोजगारमा सम्लग्न व्यक्तिको उमेर समुहको विवरण

| क.स. | उमेर समूह | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | २० देखि २५ सम्म | ६ | १२ |
| २ | २५ दखि ३० | १२ | २४ |
| ३ | ३० देखि ३५ | १० | २० |
| ४ | ३५ देखि ४० | १२ | २४ |
| ५ | ४० देखि माथि | १० | २० |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

माथिको तालिकामा अध्ययन क्षेत्रवाट वैदेशिक रोजगारमा रहेका व्यक्तिको उमेर समुहलाई उल्लेख उल्लेख गरिएको तथ्यलाई हेर्दा ५ उमेर समुहमा विभाजन गरि अध्ययन गर्न खोजिएको छ । सामान्यतया १८ वर्षपछि वैदेशिक रोजगारीमा सँलग्न हुन सकिने भएपनि यस अध्ययनमा २० वर्षभन्दा माथिका उत्तरदातालाई समावेश गरिएको छ । सवैभन्दा वढी युवाहरू २५ देखि ३० वर्ष उमेर समुहका २४ प्रतिशत रहेका छन् । उमेर समुह ३५ देखि ४० का व्यक्ति २४ प्रतिशत र ३० देखि ३५ वर्षको समुह र ४० वर्ष देखि माथिको २० प्रतिशत रहेका छन् । यसरी हेर्दा उर्जाशिल समय वैदेशिक रोजगारको लागि खर्चेको अवस्था रहेको छ । वैदेशिक रोजगारमा युवाजनशक्ति जाँदा त्यसको असर परिवार र सामाजिक

रूपमा सकारात्मक भन्दा धेरै नकारात्मक पर्ने देखिन्छ आर्थिक दृष्टिकोणले वैदेशिक रोजगारलाई सकारात्मक रूपमा लिएता पनि सामाजिक रूपमा यसको असर नकारात्मक हुनजान्छ ।

### ४.२.७ शैक्षिक अवस्था

सामान्यतया नेपाली श्रमिकहरूको रोजगारीको गन्तव्य भनेको खाडी देशहरू नै हुन् । हुनत नेपालीहरू श्रमकै खोजीमा विश्वका धेरै देशहरूमा पुगीसकेका छन् । हाम्रो देशका श्रमिकहरूको शैक्षिक अवस्थाको कारणले गर्दा पनि विकशित राष्ट्रहरूमा सजिलैसँग रोजगारीको पहुँच हुन सकिरहेको देखिदैन । रोजगारमुलक शिक्षाको कारणले गर्दा पनि नेपालीको श्रम वढी खाडी राष्ट्रमा सिमित भएको देखिन्छ । रोजगारीको स्तर र कमाईको निर्धारण शिक्षाले निर्धारण गर्ने कारणले पनि शिक्षाको महत्वपुर्ण भुमिका रहेको हुन्छ । त्यसैले अध्ययन क्षेत्रमा शैक्षिक अवस्थाको स्तरको लागि जानकारी हासिल गनशैक्षिक अवस्थालाई लिईएको छ । जुन तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

तालिका नं. ७

वैदेशिक रोजगारमा सम्लग्न हरूको शैक्षिक अवस्थाको विवरण

| क.स. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | १० | २० |
| २ | प्रावि तह | ६ | १२ |
| ३ | मा.वि. तह | २४ | ४८ |
| ४ | उ.मा. वि.तह | ६ | १२ |
| ५ | विश्वविध्यालय तह | ४ | ८ |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

माथिको तालिकामा यस वडा वाट वैदेशिक रोजगारमा सँलग्न व्यत्तिहरूको शैक्षिक अवस्थालाई प्रस्तुत गरिएको छ । तालिकामा हेर्दा ४८ प्रतिशत युवाहरू माध्यामिक स्तरको पढाई पुरा गरेको देखिन्छन् भने २० प्रतिशत साक्षर मात्र रहेका प्रावि तह अध्ययन गर्ने १२ प्रतिशत रहेका उमावि तह १२ प्रतिशत र विश्वविधालय तहका ८ प्रतिशत रहेको देखिन्छ ।

वैदेशिक रोजगारमा जानेको सँख्या अधिक मात्रमा कम शिक्षा हासिल गरेको देखिन्छ । कम शिक्षा हासिल गरेको व्यक्ति वैदेशिक रोजगारमा संलग्न हुँदा प्राय तल्लो स्तरको काममा सहभागी रहने हुन्छ यसरी तल्लोस्तरको काममा सहभागी भएर आउँदा सिपको विकास नहुने र सिकेको कामको प्रयोग नेपालमा नहुने हुदा पुन विदेशमानै सो कामको लागि जानुपर्ने अवस्था रहेको देखिन्छ भने अर्कोतिर आर्थिक रूपमा पनि कम आम्दानी हुने काममा सहभागिहुनु पर्ने अवस्था रहेको छ जसले आर्थिक रूपमा पनि खासै परिवर्तन गर्न नसकेको अवस्था पाउन सकिन्छ । शिक्षित जनशक्ति वैदेशिक रोजगारमा जाँदा कम शिक्षा आर्जन गरेको जनशक्ति भन्दा आम्दानीको हिसावले र सिपको हिसावले पनि राम्रो अवस्था रहेको पाउन सकिन्छ ।

### ४.२.८ उत्पादनको अवस्था

जसको परिवारवाट कोही सदस्य वाहिर गएका छन् भने त्यसको परिवारले आफ्नो जमिनमा गर्ने आर्थिक उत्पादनमा पनि महत्वपुर्ण भुमिका खेलेको हुन्छ । अध्ययन क्षेत्रका परिवारले उत्पादन गर्ने विभिन्न खाले खाद्यवाली, नगदेवाली तथा अन्य वालीले केहि न केही रूपमा सवल वनाउन भुमिका खेलेको हुन्छ । यसले गर्दा वैदेशिक रोजगारमा सँलग्नले पठाएको रकम केही मात्रामा वचत हुन गई समग्रमा परिवारको परिवारकै सामाजिक तथा आर्थिक हैसियतको वृद्धि हुन पुग्दछ । यस तथ्यलाई तल दिएको तालिका वाट पष्ट पार्न सकिन्छ ।

तालिका नं.८

वैदेशिक रोजगारमा सँलग्न परिवारको उत्पादनको विवरण

| क.स. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | तरकारी वाली | १० | २० |
| २ | खाद्यान्न वाली | ३६ | ७२ |
| ३ | नगदेवाली | ४ | ८ |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

माथि दिएको तालिकोमा रहेको तथ्याङ्कलाई हेर्दा अध्ययनक्षेत्रका वासिन्दाले खाद्यवाली सवैभन्दा वढी उत्पादन गर्ने गरेको देखिन्छ । खाद्यवाली अन्तरगत धान, मकै, कोदो, गहुँ आदि पर्दछ । त्यस्तै ८ प्रतिशत घरपरिवारले नगदेवाली र १४ प्रतिशत घरपरिवारले तरकारी वाली र त्यसवाट केही आय आर्जन गर्ने गरेको उक्त तथ्याङ्कले प्रस्तुत गर्दछ । वैदेशिक रोजगारले गर्दा कृषि पेशामा कहि कतै कमी आएको भएपनि कृषि पेशामा लाग्नको लागि पनि कोही उत्प्रेरित भएको तथ्यले देखाउँदछ । खाद्यवाली वालीमा सवैभन्दा वढी संलग्न रहेको सम्वन्धित तथ्यले अझैपनि परम्परागत तरिकालेनै खाद्यवाली लगाउनुले जीवनस्तर अझै तल नै पर्नु को प्रमुख कारण हो ।

## ४.२.९ उत्पादित वस्तुको प्रयोग

अध्ययन क्षेत्रका घरपरिवारले उत्पादन गरेका विभिन्न खाद्यवस्तुलाई के कसरी प्रयोग गरेका छन् भन्नका लागि पनि अनुसन्धान गरिएको थियो । स्थलगत अध्ययनको कममा उक्त क्षेत्रका घर परिवारले उत्पादन गरेका वस्तुलाई घरकै आवश्यकता पुरा गर्नका लागि देखि लिएर कसैले विकि वितरण सम्म गर्ने गरेको कुरा तथ्याङ्क संकलनको कममा वताईएको थियो । उक्त तथ्यलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ९

वैदेशिक रोजगारमा सँलग्न परिवारले उत्पादन गरेको वस्तुको विवरण

| क.स. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | विकिका लागि | १४ | २८ |
| २ | घरका लागि मात्र | २० | ४० |
| ३ | घरलाई नै नपुग्ने अवस्था | १६ | ३२ |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८१

माथि तालिकामा उल्लेख भए अनुसार वैदेशिक रोजगारमा संलग्न घरपरिवारले उत्पादन गरेका विभिन्न खाद्यवस्तुलाई के कसरी प्रयोग गरिएको रहेछ भन्ने कुरा देखाउन खोजिएको छ । यस खाले गतिविधिले पनि घरको आर्थिक अवस्थालाई मजवुद वनाउने साथै वैदेशिक रोजगार वाट प्राप्त रकमलाई वचाउन सहयोग गर्दछ । माथिको तालिकामा उल्लेख

भएअनुसार २८ प्रतिशत घरपरिवारले उत्पादन गरेको अन्नवाली विक्रिको लागि प्रयोग गर्न पुग्ने त्यस्तै ४० प्रतिशतले अन्नवाली साथै नगदेवाली घरपरीवारको लागिमात्र पुग्ने गरेको वताईको माथिको तथ्यवाट वुझ्न सकिन्छ । ३२ प्रतिशत घरपरिवारको आफैंले उत्पादन गरेको खाद्यवस्तुले आफैलाई पनि नपुग्ने देखिन्छ । यस तथ्यलाई हेर्दा खाद्यवस्तुको अभावको कारणले पनि वैदेशिक रोजगारमा जानेको सँख्या उच्च रहेको देखिन्छ ।

### ४.२.१० सिप तथा भाषा

सामान्य अर्थमा सीप भन्नाले कुनै पनि व्यक्तिले गर्ने काम वा जानेको कामलाई जनाउँछ । वैदेशिक रोजगारको सम्बन्धमा सीपले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कतिपय अवस्थामा व्यक्तिहरू वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडी कुनै सीप सिकेको अवस्थामा सीप अनुसारको काम पाएका हुन्छन् । जसले गर्दा आम्दानी पनि बढि हुने गर्दछ भने कतिपयले विदेशमा काम गर्ने सिलसिलामा विभिन्न प्रकारको सीप सिकेको पाइन्छ । यसै सन्दर्भमा सहभागीहरूले विदेशमा कुनै सीप सिके वा सिकेनन भनी यहाँ तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १०

वैदेशिक रोजगारवाट आएका व्यक्तिमा भएको सिपको विवरण

| क.स. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | सिपको विकास भएको | ३४ | ६८ |
| २ | सिपको विकास नभएको | १६ | ३२ |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८१

माथिको तालिकामा देखिएको तथ्याङ्कलाई हेर्दा सिपको विकास गरेर आउने उत्तरदाताहरू ६८ प्रतिशत रहेका छन् । नयाँ कुनै सिप नसिक्नेहरू ३२ प्रतिशत रहेका तथ्याङ्कले देखाउँछ । यसरी हेर्दा विदेशमा सिकेको सिप नेपालमा प्रयोग गर्न सकेको खण्डमा यसले स्वरोजगारलाई पनि टेवा दिन सक्ने देखिन्छ । कतिपय सहभागीहरू सामान्य कामदारको रूपमा विदेश जाने गरेकोले गर्दा सीपमुलक काममा संलग्न हुन नपाएको कुरा वताए भने केही सहभागीले सीप (बेकरी, कुक, मेसिनरी काम) आर्जन गरी अवका दिनमा त्यो सिपलाई

नेपालमा प्रयोगमा ल्याउने वताए । यसैगरी केही सहभागीले पुनः वैदेशिक रोजगारमा संलग्न हुदा उक्त सीपको कारणले बढि लाभ हुने कुरा वताए । यसरी वैदेशिक रोजगारमा सिकेको सीप नेपालमा उपयोग गर्न सके वा उपयोग गर्ने वातावरण सृजना हुनसके आफु र आफ्नो परिवारको जीविका राम्रैसँग सञ्चालन गर्न सकिने कुरा सहभागीबाट बुझियो ।

## ४.२.११ वैदेशिक रोजगारका गन्तव्य

वैदेशिक रोजगारका मुख्य देशहरू मध्ये खाडी राष्ट्रहरू मानिन्छन् यस वाहेक मलेशिया वैदेशिक रोजगारको अर्को महत्वपुर्ण देशमा पर्दछ नेपालको लागि कमाईको हिसावले दक्षिण कोरियालाई महत्वपुर्ण गन्तव्यको रूपमा रहेको श्रम वजार भनेर वुझिन्छ ।

तालिका नं. ११

वैदेशिक रोजगारका लागि जाने गन्तव्य देशहरूको विवरण

| क.सं. | देशको नाम | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | मलेशिया | १६ | ३२ |
| २ | युएइ | ६ | १२ |
| ३ | कतार | १२ | २४ |
| ४ | साउदी अरव | ८ | १६ |
| ५ | कुवेत | ४ | ८ |
| ६ | अन्य | ४ | ८ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

मथिको तालिका दिईएको तथ्याङ्कलाई हेर्दा सवैभन्दा वढी ३२ प्रतिशत व्यक्तिहरू श्रम वजारको लागि मलेशियामा गएको पाउन सकिन्छ । कतारमामा २४ प्रतिशत रहेको साउदी अरवमा १६ प्रतिशत रहेको पाउन सकिन्छ भने युएई मा १२ प्रतिशत र कुवेतमा ८ प्रतिशत रहेको पाउन सकिन्छ । अन्य देश अन्तरगत युरोप लगायतका अन्य सम्पन्न देश पर्दछन् । यो अध्ययन, अध्ययन क्षेत्रमा गएर गरिकएको स्थलगत अध्ययनको नतिजा हो ।

### ४.२.१२ जमिनमा स्वामित्व

जमिन भनेको व्यक्ति वा परिवारको अचल सम्पती हो, जहाँ व्यक्ति रहन्छ, आफ्नो पेशा सञ्चालन गर्ने गर्दछ वा आफ्नो जीवीका सञ्चालनको माध्यम बनाउछ । तर अहिले आएर जमिनलाई नगद वा खण्डिकरण गरी घरघडेरीमा बिक्री गरिरहेको अवस्था छ । जसलाई हिजोका दिनहरूमा खेतीपाती गर्ने वा अन्न उब्जाउनका लागि प्रयोग गर्ने गरिथ्यो । यसैगरी व्यक्ति वा परिवारसँग भएको जमिन पनि वैदेशिक रोजगारसँग सम्बन्धित रहन्छ । किनकी आफ्नो जमिन कम र भएको जमिनमा पनि खेतीपाति राम्रो नहुने अवस्था भएमा आफू र आफ्नो परिवारको जिवीका चलाउन व्यक्ति वैदेशिक रोजगारमा संम्लग्न हुनु पर्ने अवस्था रहन्छ । वैदेशिक रोजगारमा सँलग्न परिवारको आर्थिक अवस्था अन्तरगत जमिनको पहुचलाई पनि लिन सकिन्छ । जमिन माथि कस्तो परिवारको कस्तो सम्वन्ध छ साथै त्यस जमिनमा हुने उव्जनिले त्यस परिवारको आम्दानीमा कस्तो र कति टेवा दिएको छ र दिनसक्छ भन्ने कुरा पनि महत्वपुर्ण मानिन्छ । यसरी जमिन माथि हुने स्वामित्व र त्यसको उपयोगिताले परिवारको आर्थिक अवस्थामा आउने परिर्वनलाई पनि विश्लेषण गरेर हेर्न सकिन्छ । यस अध्ययन क्षेत्रका परिवार सँग के कति जमिन माथि स्वामित्व रहेको छ र त्यसले के कस्तो महत्व राखेको छ भन्ने कुरा तलको तालिकामा दिइएको तथ्याङ्क वाट हेर्न सकिन्छ ।

तालिका नं. १२

वैदेशिक रोजगारमा सँलग्न परिवारको जमिनको स्वामित्वको विवरण

| क.सं. | जमिन | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | १-५ रोपनी | १० | २० |
| २ | ५-१० रोपनी | ३२ | ६४ |
| ३ | १० देखि माथि | ८ | १६ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

माथिको तालिकामा दिइएको तथ्याङ्क अनुसार अध्ययन क्षेत्र ग्रामिण ईलाका भएको हुनाले जमिन माथिको स्वामित्व अलि कमनै देखिन्छ । ग्रामिण क्षेत्रको जमिनमा उव्जनी पनि

समथर जमिनमा भन्दा कमनै हुने गर्दछ । १० रोपनी भन्दा ज्यादा जमिन हुने परिवारको सँख्या जम्मा १६ प्रतिशत मात्र रहेको देखिन्छ त्यसैगरि ५ रोपनी भन्दा कम जमिन हुने परिवारको सँख्या २० प्रतिशत भन्दा कम देखिन्छ । यस क्षेत्रको जमिनमा प्रायः एक बालि मात्र लाग्ने र अन्य बालिहरूका लागि आकाशे खेतीमा भर पर्नु परेको अवस्था तथा परम्परागत खेती प्रणालीका आधारमा खेती गरिने भएकाले उत्पादन पनि त्यति नहुने बताए । जसले गर्दा अहिलेका युवाहरूमा खेती पाती प्रतिको धारणामा परिवर्तन आई वैकल्पिक पेशाका रूपमा वैदेशिक रोजगार लगाएत अन्य पेशा अंगालेको कुरा बताए ।

### ४.२. १३ वैदेशिक रोजगारका कारणहरू

नेपालमा प्रसस्त रोजगारीको सम्भावना हुँदाहुदैं पनि यहा भईरहने राजनैतिक अस्थिरताको कारणले गर्दा नया नयाँ उद्योग खुल्न नसक्दा रोजगारीको अवसर सिर्जना हुन सकेको छैन । देशको यहि विषम परिस्थितिको कारण्ले गर्दा थुप्रै युवाहरू वैदेशिक रोजगारीमा जान वाध्य भएका छन् । घरको आर्थिक अवस्था सुधार्ने देखि गरिवीको कारणले गर्दा मानिसहरू वैदेशिक रोजगारमा जान विवश भएको देखिन्छ । दैनिक रूपमा वैदेशिक रोजगारका लागि हजारौ युवा विदेशमा श्रमको लागि गईरहेका छन् । देशको लागि यो अवस्था सन्तोषजनक नभएता पनि वैदेशिक रोजगारका कारणवाट प्राप्त वैदेशिक मुद्राले गर्दा वैदेशिक रोजगार लाई लोभ्याएको छ, भने देशको अर्थतन्त्रमा टेवा दिईरहेको छ । अध्ययन क्षेत्रका युवाहरूको वैदेशिक रोजगारका कारणहरू के रहेछन् भनी विचार गरि हेर्दा भेटिएका कारणहरू निम्न रहेका छन् ।

तालिका नं. १३

वैदेशिक रोजगारमा जाने कारणहरूको विवरण

| क.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | गरिवीको कारण | १० | २० |
| २ | घरपरिवारको सल्लाहमा | १६ | ३२ |
| ३ | साथीभाई गएको देखेर | १४ | २८ |
| ४ | धेरै कमाई गर्न | १० | २० |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

माथिको तालिकालाई हेर्दा गरिवीको कारण विदेश जानेको सँख्या २० प्रतिशत रहेको पाईयो । नेपालमा वसेर राम्रो रोजगारी नपाईने र पाईहाले पनि पारिश्रमिक अत्यन्तै थौरै हुने कारणले गर्दा विदेश जानेहरू पनि प्रसस्त रहेको पाईन्छ । यसरी घरपरिवारको सल्लाहमा विदेश जानेको सँख्या ३२ प्रतिशत रहेको छ भने साथीभाई गएको देखेर विदेश जानेको सँख्या पनि २८ प्रतिशत रहेको छ । धेरै कमाई गर्न भनि विदेश जानेको सँख्या २० प्रतिशत रहेको उल्लेखित तथ्याङ्कवाट देख्न सकिन्छ ।

## ४.३ आर्थिक अवस्था

समाजको क्रियाकलाप अगाडी वढाउनको लागि आर्थिक क्रियाकलाप सञ्चालन हुनु अत्यन्तै जरुरी हुन्छ । आर्थिक क्रियाकलाप पछि समाजमा नयाँ खालका सम्वन्ध हरू वन्ने तथा पुराना किसिमका सम्वन्धहरू मझवुद वन्दै जाने हुन्छन् । आधुनिक समाजमा मुल रूपमा आर्थिक क्रियाकलाप सञ्चालन भैरहेका हुन्छन् । आर्थिक क्रियाकलाप अन्तरगर आम्दानीको विवरण, स्रोतहरू, उत्पादनका साधनहरू आम्दानीको स्तरहरू चर्चा गरिन्छ । यस अध्ययन क्षेत्रमा भएका आर्थिक गतिविधिहरूलाई यस खण्डमा प्रस्तुत गरिएको छ । वैदेशिक रोजगारमा सम्लग्न हुनुपुर्व परिवारले गरेका आर्थिक गतिविधिलाई स्थलगत अध्ययनवाट र सर्वेक्षणवाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरि प्रस्तुत गरिएको छ ।

### ४.३.१ आम्दानीको विवरण

आम्दानी भन्नाले विशेषत कुनै पनि व्यक्ति वा परिवारले गरेको पेशाको आधारमा संकलित नगद वा जिन्सीलाई बुझ्न सकिन्छ । जुन पेशासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । त्यसै गरी आम्दानीको पनि वैदेशिक रोजगारसँग सम्बन्ध देखिन्छ । किनकी कुनै पनि परिवारको आम्दानीले उनीहरूको जिविका चलाउन नसकीने अवस्थामा बैदेशिक रोजगार एउटा राम्रो माध्यम बन्न पुग्छ । यस अध्ययन क्षेत्रका घरपरिवारको आय आर्जनको अवस्थाको विविधता रहेको देखिन्छ लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका अन्तर्गत वडा नं ४ को दुईपिप्लेका वासिन्दाहरूको आम्दानीको मुख्य स्रोत कृषि रहेको हुँदा वार्षिक आम्दानी पनि निम्न देखि उच्च रहेको देखिन्छ । केहि परिवारको आम्दानी उच्च रहेको देखिय पनि धेरै परिवारको आम्दानी निम्न रहेको पाईन्छ । वैदेशिक रोजगारमा सम्लग्न ५० परिवारको

वैदेशिक रोजगारमा सम्लग्न हुनुभन्दा पहिलाको आम्दानी विवरणलाई तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

तालिका नं. १४

वैदेशिक रोजगारमा सँलग्न हुनु अघिको परिवारको मासिक आम्दानी विवरण

| क.सं. | मासिक आम्दानी | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | १ हजार देखि ५००० | १६ | ३२ |
| २ | ५हजार -१०००० | २४ | ४८ |
| ३ | १०००० देखि माथि | १० | २० |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

माथी प्रस्तुत गरिएको तालिकामा वैदेशिक रोजगारमा जानु अघिको ५० घर परिवारको मासिक आम्दानीमा घरमा लाग्ने सवै खर्च कटाएर मासिक रूपमा वचेको पैसालाई प्रस्तुत गरिएको छ । जसमा यस अध्ययन क्षेत्रका घर परिवारको मासिक आम्दानी निम्न रहेको देखिन्छ । यस क्षेत्रमा १ हजार देखि ५ हजार सम्म मासिक आम्दानी गर्ने घरपरिवारको संख्या ३२ प्रतिशत रहेको देखिन्छ । मासिक रूपमा ५ हजार देखि १० हजार रूपैया सम्म आम्दानी गर्ने परिवार संख्या ४८ प्रतिशत रहेको छ । २० प्रतिशत घर परिवारको आय आर्जन मासिक रूपमा १० हजार भन्दा वढी रहेको देखिन्छ । मुख्य पेशा कृषि र केहि परिवारको मात्र व्यवसाय र नोकरी रहेको हुदा पनि मासिक वचतमा कम रहेको दखिएको हुनसक्छ । अध्ययन गरिएका सवै घरहरूको आम्दानी वैदेशिक रोजगारमा जानुभन्दा पहिला ज्यादै कम भएको पाइयो । जसले गर्दा आफ्नो जीवनलाई सजिलो र राम्रोसंग संचालन गर्नका लागि परिवारका सदस्यहरू वैदेशिक रोजगारमा संलग्न भएको कुरा वताए । जसले केही हदसम्म आफ्नो आर्थिक स्थितिमा केही सुधार आएको र समाजमा पनि आफ्नो हैसियत केही राम्रो भएको कुरा वताए । अर्थात हिजो सामान्य चाड पर्व मान्नलाई पनि साहुको घर हात थाप्नु पर्ने परिवार अहिले आएर वैदेशिक रोजगारबाट प्राप्त पैसाले आफ्ना कार्यहरू सजिलोसंग संचालन गरिरहेको र हिजो खानाकै लागि समस्या सृजना हुने परिवारमा अहिले आएर लाउन खानको समस्या नरहेको कुरा धेरै सहभागीहरूले बताए । यसरी केहि हदसम्म

भए पनि वैदेशिक रोजगारीले सामाजिक सम्बन्ध परिवर्तन गर्न वा तोडन सफल भएको देखिन्छ ।

### ४.३.२ वैदेशिक रोजगारमा गए पश्चात आम्दानीमा परिवर्तन

अध्ययन क्षेत्रका परिवारका सदस्यहरू वैदेशिक रोजगारमा सम्लग्न भैसकेपछि उनीहरूले पठाएको वैदेशिक पहिला खर्च मुद्राले गर्दा परिवारको आर्थिक अवस्थामा निकै सुधार आएको देखिन्छ । हुन त कति परिवारको आर्थिक अवस्थामा त्यति सुधार नआएको पनि हुन सक्छ । लाखौ रूपैया खर्च गरेर विदेश जाने र भनेजस्तो काम र दाम नपाएपछि कतिपय परिवारका सदस्यहरूको अवस्था झन खराव पनि भएको पाईन्छ । त्यसैले विदेशमा गएर जागिर खाँदैमा सवैको आम्दानीमा सकारात्मक वृद्धि हुन्छ भन्न सकिदैन । उक्त तथ्यलाई प्रश्ट्याउनका लागि अध्ययन क्षेत्रको वैदेशिक रोजगारमा सँलग्न परिवारको आर्थिक अवस्थामा आएको वदलावलाई तलको तालिका वाट प्रस्तुत गर्न खोजिएको छ ।

तालिका नं . १५

वैदेशिक रोजगारमा सम्लग्न परिवारको आर्थिक सुधारको अवस्था

| क.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | आम्दानीमा वृद्धि | ४० | ८० |
| २ | आम्दानीमा वृद्धि नभएको | १० | २० |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८१

माथिको तालिकामा प्रस्तुत गरिएको उत्तरदाताहरू मध्येमा धेरै परिवारको आर्थिक अवस्था सुधार अन्तरगत पैसा वचत गर्न थालिएको पाईयो । आफ्ना सन्तानको लागि शिक्षाको लागि खर्चमा वृद्धि देख्न सकिन्छ । त्यसैले उत्तरदाता घरपरिवार मध्ये ८० प्रतिशत घरपरिवारको आर्थिक अवस्थामा सुधार आएको तथ्याङ्कमा देख्न सकिन्छ । २० प्रतिशत घरपरिवारको आम्दानीमा खासै फरक नआएको कुरा तथ्यले वताएको छ । आर्थिक अवस्था सुधार गर्ने आशामा विदेश गएका तर सोचेजस्तो आम्दानी नहुने र दलालको कारण ठगीमा पर्ने जस्ता समस्याले गर्दा आर्थिक अवस्था झन विकराल रूप वन्दै गएको कुरा प्रस्तुत

तथ्यले देखाउँछ । वैदेशिक रोजगारमा संलग्न हुदाको ऋण र घरखर्च गर्दा लागेको ऋणको कारण पनि वैदेशिक रोजगारमा जानेको ऋणभएको पाउन सकिन्छ ।

# अध्याय पाँच

# वैदेशिक रोजगारीले महिलाहरूको आर्थिक अवस्था र जीविकोपार्जनमा आएको परिवर्तन

## ५.१ आर्थिक अवस्था र आत्मनिर्भरता

वैदेशिक रोजगारीमा श्रीमानहरू जानु महिलाहरूका लागि केवल पारिवारिक एकल जिम्मेवारी मात्र होइन, आर्थिक व्यवहारको केन्द्रमा आफै उभिनु पर्ने अवस्थाको सुरुवात पनि हो । लमजुङ जिल्लाका महिलाहरूका अनुभवले देखाउँछ कि वैदेशिक बसाइँले महिलाहरूलाई आर्थिक रूपमा सचेत, सक्रिय र आत्मानिर्भर बनाएको छ । उनीहरूले आफ्नो जीवनमा आएको यो परिवर्तनलाई आत्मगौरवका रूपमा अनुभव गरिरहेका छन् ।

नेपालमा जनसंख्याको आधा जनसंख्या ओगटेका महिलाहरूको विभिन्न अवस्थाको बारेमा अध्ययन र अनुसन्धान गर्दा वास्तवमा नै निकै दयनिय भएको पाइन्छ । यसमा पनि अधिकाशं महिलाहरूको अवस्थालाई हेर्दा यिनीहरूको अवस्था हरेक पक्षमा दयनिय रहेको छ । वर्तमान अवस्थालाई हेर्ने हो भने महिलाहरूले आफुलाई सक्षम र परिमार्जित गर्दै गएको देखिन्छ । जीविकोपार्जनको लाीग हिजो ढिकी जातो मेलापात, घाँरदाउरा गरेर जीवन निर्वाह गर्ने महिलाहरू रेमिट्न्स भित्रीसके पछि परम्परागत पेसालाई विस्तारै छोड्दै आफैं आत्मानिर्भर भएर अगाडि बढेको पाइन्छ । सामाजिक संरचना, ईकाइहरू, धर्मसंस्कृति, आर्थिक राजनैतिक सिकाई तथा नातासम्वन्धको स्वरूपमा तथा भुमिकामा भएको सुचांकलाई यहाँ सामाजिक परिवर्तको रूपमा हेर्ने कोसिस गरिएको छ । नाता सम्वन्धमा आएको परिवर्तन, जातिय संगठनमा आएको परिवर्तन, राजनैतिक संस्था, जिवनसंग सम्वन्धित परिवर्तन, परम्परागत मुल्य मान्यता, रितिरिवाजमा आउने परिवर्तन आदिलाई परिवर्तको सुचक मानिए तापनी यस अध्ययनमा वैदेशिक रोजगारका कारण परिवार तथा सामाजिक सम्वन्धमा आएको परिवर्तनलाई यहाँ उल्लेख गरिएको छ । त्यस्तै शिक्षामा आएको परिवर्तन, उपचार पद्धतिमा आएको परिवर्तन साथै प्रविधिमा आएको परिवर्तन, लवाइखवाई, वचतको अवस्थामा आएको परिवर्तन साथै खर्चको अवस्था र जग्गा जमिन तथा पेशामा आएको परिवर्तलाई सामाजिक सम्वन्धमा वैदेशिक रोजगारीका कारण परिवर्तनहरू देखा परिरहेको छ । परिवारहरू दिनानुदिन एकल परिवारमा विभाजन भईरहेको

छ भने वैवाहिक सम्वन्धमा पनि तनावको स्थिति सिर्जना भईरहेको छ । आर्थिक अवस्थामा क्रमिक सुधार आईरहेको छ भने दुखसुख गरेर भएपनि आफ्ना वालवच्चालाई नीजि स्कुलमा पढाउने संस्कारको विकास भईरहेको कुराहरूलाई अध्ययन गरिएको छ । निर्णय प्रकृयामा महिलाहरूको उल्लेख्य सहभागिता भएको पाईन्छ, गाउँ समाजमा निर्धक्क भएर आफ्ना कुराहरू राख्न सक्ने भएको पाईन्छ ।

नेपाल जस्तो विकासोन्मुख राष्ट्र राजनितिक अस्थिरता, उद्योग धन्दाको विकास नहुनु, देशभित्रै रोजगारको व्यवस्था नहुनुले आज दैनिक हजारौ दक्ष तथा अर्धदक्ष युवाहरू देश छोडेर विदेशीनु पर्न बाध्यता रहेको छ । देशको मुख्य अर्थतन्त्रनै वैदेशिक रोजगारवाट प्राप्त रेमिटेन्सले भएको अवस्थामा, ग्रामिण क्षेत्रमा परम्परागत कृषी खेतीबाट आधुनिक प्रक्रियामा जान नसक्नु, केहि मात्रमा व्यवसायिक कृषी तथा तरकारी फलफुल उत्पादनले सहज बजारीकरण नहुन राज्यले नेतृत्वादायी भुमिका खेल्न नसक्नुले पनि आज प्रत्येक घरबाट विदेशिने चलन दैनिकी जस्तै बनेको छ । ग्रामीण क्षेत्रमा स्वास्थ्य, शिक्षा, यातयात, सञ्चार लगायतका क्षेत्रमा अझैपनि सहज पहुच नपुगेको अवस्था छ । यस अध्ययनको मुख्य उदेश्य वैदेशिक रोजगारबाट प्राप्त रेमिटन्सले परिवारको जिविकोपार्जन र आर्थिक अवस्थामा आएको परिवर्तनलाई बुझ्न मद्दत गर्दछ । उत्तरदाताको परिवारको वैदेशिक रोजगारमा जानुभन्दा पहिले र पछिको घरको आर्थिक अवस्था, जिविकोपार्जन, पेशागत परिवर्तन इत्यादिमा आएको परिवर्तनको अनुभव यस प्रकार रहेको छ ।

उत्तदाता मेलिना वि.क भन्नुहुन्छ, "म अहिले ३३ बर्षको भए मेरो घरमा १ छोरा, १ छोरी र श्रीमान हुनुहुन्छ । ७ बर्ष पहिले म सहकारी ( फाइनन्स) मा नगद संकलन गर्ने रोजगारी पेशामा सम्लग्न थिए, मेरो श्रीमानले ज्याला मगदुरी गर्नुहुन्थ्यो । सहकारीको रोजगार र ज्याला मजदुरीले घर परिवार सञ्चालन गर्न निकै कठिन भएको हुदा श्रीमानलाई विदेश पठाउने निर्णय गर्यौ । श्रीमानलाई वैदेशिक रोजगारमा पठाउनका लागी ऋण खोजि विदेश ( इजरायल) पठाए, तत्पश्चात वैदेशिक रोजगारीमा राम्रो आम्दानी भयो मासिक रूपमा ५० हजार रेमिटेन्स पठाउनु भयो भने १ बर्षमा भित्रमा ऋण चुक्ता गरियो । श्रीमानको विदेशमा मासिक रूपमा राम्रो आम्दानी भएकाले मैले सहकारीको जागिर छोडेर आफ्नै सानो व्यवसाय सञ्चालन गर्न निर्णय गरे । दुईपिप्ले बजारमा कस्मेटिक पसल सुरुवात गरे जसका कारण राम्रो आम्दानी प्राप्त भएको छ । पसल सञ्चालनबाट हुने आम्दानी र रेमिटेन्सले घर

परिवार सञ्चालन (जिविकोपार्जन) र आर्थिक रूपमा सबल हुन सहयोग गर्नुका साथै बैक तथा वित्तिय (सहकारीमा) रकम बचतमा पनि मदत पुगेको छ ।"

अप्सरा राना मगर भन्नुहुन्छ, म अहिले ३२ बर्षको भए मेरो परिवार ५ जनाको छ । म आजभन्दा ५ बर्ष भन्दा पहिले तनहुँ जिल्ला रिसिङ गा.पा वडा न. ७ मा निर्वाहमुखि कृषी पेशा गरेर परिवार चलाउथ्यो । गाँउमा कृषी पेशाले जिवन गुजारा तथा जिविकोपार्जन गर्न निकै कठिन हुने हुनाले श्रीमानलाई वैदेशिक रोजगारमा पठाउने निर्णय गरेउ । गाँउमा मोटरबाटो, शिक्षा, स्वास्थ्य, इन्टरनेट सेवामा पहुच नहुदा श्रीमान विदेश गए पश्चात लम्जुङ जिल्ला मध्यनेपाल न.पा ४ दुईपिप्लेमा अस्थायी बसाइ-सराई गरि आयौ । वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सले घरपरिवार सञ्चालन तथा सिटिभिटिले सञ्चालन गरेको ३ महिने ब्युटिपार्लर सम्बन्धी तालिम प्राप्त गरी आफ्नै ब्युटीपार्लर सञ्चालन गरे । गाँउमा गुजारामुखि कृषीले परिवारको जिविकोपार्जन गर्न पनि कठिन हुन्थ्यो भने हाल रेमिटेन्स र व्युटिपार्लर सञ्चालनबाट हुने आम्दानीले आर्थिक अवस्थामा सुधार हुनुका साथै बालबच्चालाई निजि विद्यालयमा अध्ययन, स्वास्थ्य तथा इन्टरनेट सेवामा पहुच हुनुका साथै अन्य सेवा-सुविधामा पनि सहज भएको छ। व्युटिपार्लर सम्बन्धी तालिम पनि दिने गरेको छु।

सुमित्रा तामाङ, ३५ वर्षीया महिला, विगत पाँच वर्षदेखि श्रीमान कतारमा छन् । पहिले उनलाई आर्थिक हिसाब किताबको जिम्मेवारी थाहा थिएन । परिवारको सबै खर्च श्रीमानको हातबाट हुने हो, सोच्न जरुरी ठान्दिनथिन् । तर अहिले भने श्रीमानले महिनामा एक पटक पैसा पठाउछन् र त्यो पैसाबाट घर खर्च, बालबालिकाको पढाइ, खेतबारीको जोहो, सबै उनले व्यवस्थित गर्नुपर्छ। सुरुमा उनलाई यो बोझ जस्तो लागे पनि क्रमश : उनले बचत, योजना र प्राथमिकता छुट्याउने सीप सिकेर्का छन् । अहिले उनी सहकारीको नियमित सदस्य बनेकी छिन् जहाँ उनले मासिक बचत गर्ने बानी बसालेकी छिन् ।

सारादा थापा, ४२ वर्षीय महिला, आफ्नो जीवनमा आएको परिवर्तनको कथा भावुक ढंगले सुनाउँछिन् । श्रीमान मलेसिया गएको ७ वर्ष भयो । पहिला उनी गाँउको कुनै आर्थिक गतिविधिमा सरिक थिइनन् तर अहिले अहिले उनको खुद्रा किराना पसल खोलेीक छन् जसबाट सानो आम्दानी हुन्छ । उनेले भनिन् "पहिला पैसा खर्च गर्ा डर लाग्थ्यो, भएपनि अब त म आफैँले कमाउँछु बजेट मिलाउछु अनि थोरै भएपनि बचत गर्छु ।" उनी गाँउमा आर्थिक निर्णय लिन सक्ने महिला मध्ये एक बनेकी छन् ।

माया गुरुङको अनुभव पनि यत्तिकै प्रेरणादायक छ । श्रीमानको बैदेशिक बसाइँपछि उनले घरको जिम्मेवारी मात्र नभई आर्थिक उन्नयतर्फ समेत ध्यान दिएकी छिन् । उनी गाँउमा सुन्तला खेती सुरु गर्ने महिला टोलीमा आबद्ध छन् । सुरुमा लगानीको डर पनि उनले बैदेशिक आम्दानीबाट थौरै लगानी गर्दै व्यवसाय बढाएकी छन् । अहिले उनी मासिक केहि हजार कमाउँछिन्, जसले उनलाई आर्थिक रूपले आत्मानिर्भर बनाएको छ ।

फुलमा आलेले त बाखापालन व्यवसाय सुरु गरेकीछन् । उनी भन्छिन् "श्रीमानले पैसा पठाउनु भयो, मसँग योजना थियो । मैले त्यसैलाई उपयोग गरेर तीन वटा उन्नत जातको बाखा किने अहिले त्यो संख्या बढेर १२ वटा पुगेको छ । उनलाई गाँउमा 'सफल गृहणीउद्यमी' भनेर चिनिन्छ । उनले अरु महिलालाई पनि साना व्यवसाय गर्न उत्प्रेरणा दिने काम गरेकी छन् । यस्तो सफलताको मूलमा उनको आत्मानिर्भरता र श्रीमानको विदेशी बसाइँले दिएको अवसर रहेको छ ।

हरिमाया वि.क, जो पहिले श्रीमानकै भरमा घर चलाउने महिला थिइन, अहिले खेतको उत्पादन बिकी गर्ने, बजारमा मूल्य बुझ्ने र व्यापारको लाभगणना गर्न सक्ने भइ सकेकी छन् । उनी भन्छिन् "अहिले पैसा आफैँको हो भन्ने भावना छ । खर्च गर्नु अघि सोचिन्छ, लगानीको बाटो हेर्छु ।" श्रीमानले पठाएको पैसालाई उनले केवल खर्च गर्न नभई व्याज पाउने ठाउँमा लगानी गर्ने निणर्य आफैँबाट गरिरहेकी छन् ।

कमला माझी, एक ३५ वर्षीय महिला, अहिले गाउँको महिला बचत समुहको कोषाध्यक्ष बनेकी छिन् । उनले समुह मार्फत स- साना ऋण उपलब्ध गराउने काम गर्छिन् । पहिले उनी बहिल्यै हिसाब किताब नजानेको बताउछिन् तर अहिले उनी आर्थिक रिपोर्टिङ, लाभ हानि मूल्याङकन, मासिक बचत व्यय राख्न सक्ने भएकी छन् । उनको सीप र आत्मानिर्भरता देखेर गाउँकै अन्य मानिसहरूले उनलाई सल्लाहाकारको रूपमा हेर्न थालेका छन् ।

जानुका श्रेष्ठको अनुभव पनि त्यस्तै छ । श्रीमान साउदी गएका केहि बर्षमै उनले घरको आर्थिक जिम्मेवारी आफ्नो हातमा लिए पछि विभिन्न लघुवित्त संस्थाबाट तालिम लिई साना ऋण लिएर तरकारी खेती सुरु गरिन् । पहिले नगद नहुने उनी अहिले दैनिक आम्दानी गर्न

सक्षम भएकी छन् । उनले भनेकि छन् "जब म आफैँ पैसा कमाउँछु छोरीको स्कुल फी पनि म नै तिर्छु ।"

यी महिलाहरूको अनुभवले देखाउँछ नि श्रीमान वैदेशिक रोजगारीमा जानुले महिलालाई नकारात्मक रूपमा मात्र नभई सशक्त बनाउने अवसर पनि दिएको छ । उनीहरू आर्थिक व्यवहारको अग्रपंक्तिमा उभिएर, आफ्नो परिवारको मात्र होइन, समुदायको पनि वित्तिय र सामाजिक परिवर्तनमा योगदान गरिरहेका छन् । आत्मानिर्भर केवल कमाइ मात्र होइन, सोच, योजना, निर्णय र कार्यान्वयनमा देखिन थालेको छ । यसले लैगिक भूमिकामा पारेको असर उल्लेखनीय छ र महिला अब केवल गृहणी होइनन् एक सक्षम आर्थिक योजनाकार पनि बनेका छन् ।

## ५.२ जीविकोपार्जनका नयाँ माध्यमहरू

वैदेशिक रोजगारीमा श्रीमानहरू गइसकेपछि महिलाहरूका लागि घरभित्र मात्र सीमित रहने परम्परागत भूमिकाबाट बाहिर निस्कने अवसर सृर्जना भएको छ । पारिवारीक आवश्यकताहरू पूर्ति गर्नुपर्ने बाध्यताले महिलाहरूलाई नयाँ स्वरोजगारका माध्यमहरूमा संलग्न हुन प्रेरित गरेको देखिन्छ । लमजुङ जिल्लाका महिला सहभागिहरूको अनुभवले देखाउछ कि उनीहरूले कृषि, पशरपालन, खुद्रा व्यवसाय, सेवा क्षेत्र जस्ता विविध माध्यमबाट जीविकोपार्जका नयाँ ढोका खोलेका छन् ।

*शान्ति घले,* ३९ वर्षीय महिला, पहिले घरेलु काममा सिमीत थिइन् । श्रीमान मलेसिया जानु अगाडी सम्पूर्ण जिम्मेवारी उनकै काँध आयो । सूरुमा कठिन भएपनि उनले आफूले बाली गर्ने खेतमा तरकारी खती सुरु गरिन । नियमित रूपमा स्थानीय बजारमा तरकारी पुऱ्याउन थालिन । अहिले उनले तरकारी बेचेर मासिक रु १५ देखि २० हजारसम्म आम्दानी हुन्छ । उनले भनेकी छन् , "यो काम मैले बाध्यताले थाले, अहिले चाहिँ मेरो पहिचान बनेको छ ।"

*लिलामाया तामाङ,* जसका श्रीमान साउदी अरेयिबामा छन् केही वर्षअघि सुकुम्बासी जीवन विताइरहेकी थिइन् । श्रीमानले विदेशबाट पठाएको थोरै पूँजीलाई उपयोग गर्दै उनले साना साना पालेका कुखुराहरूलाई क्रमशः व्यवसायिक रूपमा विस्तार गरिन् । अहिले उनले गाँउमै एउटा कुखुरा फम सन्चालन गरेकी छन् । उनी भन्छिन् "अहिले मलाई लाग्छ, वैदेशिक रोजगारीको पैसा मात्र होइन, त्यसले खोलिदिएको ढोका महत्वपूर्ण हो ।"

*नरमाया थापा,* ४० वर्षीय महिला, वैदेशिक आम्दानीलाई आधार बनाएर गाँउमै कपडाके पसल सन्चालन गर्छिन् । सुरुमा बजारको अनुभव नभए पनि अहिले उनले स्थानीय माग बुझेर सामान ल्याउने, ग्राहकसँग व्यवहार गर्ने र मुनाफा गणना गर्ने सीप हासिल गरेकी छन् । उनको पसलले उनलाई मात्र होइन, छिमेकी महिलाहरूलाई पनि नयाँ सोचको बाटो देखाएको छ ।

*दुर्गा गुरुङको* कथा अझ रोचन छ । श्रीमान कतारमा गएका थिए । घरको बाँझो जमिनलाई उपयोग गर्दै उनले घाँस खेती र बाख्रा पालन थालिन । गाँउमा पशुसेवा कार्यलयबाट तालिम लिएर अहिले उनले बाख्राको सुधारिएको जात पालेकी छिन् । उनी भन्छिन् “पहिला हात मुख जोर्न गाह्रो थियो, अहिले चाहिँ आम्दानीकै स्रोत बनेको छ ।” उनले केहि महिला समुहहरूसँग मिलेर कृषि सहकारी गठन गर्ने सोचसमेत बनाएकी छन् ।

*सिता आले* एक जना युवा महिला, श्रीमान विदेशिएपछि गाँउमा विना काम बीनुभन्दा सेवा क्षेत्रमा केहि गर्ने सोचिन । उनले गाँउकै स्कुलमा बालबालिकालाई खाजा र टिफिन उपलब्ध गराउने सानो क्यानटिन सञ्चालन गरिन् । दैनिक सानो आम्दानी भएपनि त्यसबाट उनले आर्थिक स्वावलम्बनको अनुभूति गरिन् । “कमाइ कम भएपनि आत्मासम्मान ठूलो भयो” उनले मुस्कुराउदै भनिन् ।

*सरस्वती वि.* क, जसका श्रीमान कोरियामा छन्, उनले भने सोलार लाइट, ग्यास र घरेलु सामाग्री बिक्री गर्ने खुद्रा व्यवसाय सञ्चालन गरेकी छन् । यो व्यसायको सुरुवात उनले श्रीमानबाट आएको थोरै पूँजीबाट गरेकी हुन् । आज उनी मासिक नियमित आयआर्जन गर्दै आएकी छन् र गाँउका अरु महिलाहरूलाई व्यवसायमा लाग्न उत्प्रेरणा दिइरहेकी छन् ।

पवित्रा रानाले वैदेशिक आम्दानीको उपयोग गरेर गाँउमै तालिम लिएर सिलाइकटाइ सुरु गरिन । सुरुमा केवल छिमेकीको कपडा सिलाउथिन् अहिले भने नजिकैको बजारसम्म सेवा विस्तार गरेकी छिन् । अहिले उनले तीन जना युवतीहरूलाई प्रशिक्षणसमेत दिइरहेकी छन् । उनी भन्छिन् “अब त अरुको मात्र होइन, आफ्नो जीवन पनि सुध्रिने बाटोमा छ ।”

यी महिलाहरूको अनुभवले देखनउँछ कि वैदेशिक रोजगारमा श्रीमानहरू जानुले महिलाहरू स्वतन्त्र रूपमा नयाँ जीवनयापनका बाटोहरू खोज्न र आत्मानिर्भर हरन मद्वत गरेको छ । पारिवारी जिम्मेवारी बहन गर्नुपर्ने अवस्था, साथै सीमित आम्दानीका स्रोतले उनीहरूलाई

सिर्जनात्मक बन्न बाध्य बनायो । फलस्वरूप उनीहरूले नयाँ स्वरोजगारका माध्यमहरू अपनाउदै आत्माबल र सामाजिक प्रतिष्ठा हासिल गरेका छन् । यि उदाहरणहरूले देखाउछ कि महिलाहरूको जीविकोपार्जनमा आएको परिवर्तन केवल व्यक्तिगत मात्र होइन, सामाजिक रूपान्तरणतर्फको यात्रा पनि हो ।

## ५.३ सामाजिक सहभागिता र निर्णय क्षमतामा वृद्धि

श्रीमान वैदेशिक रोजगारमा गएपछि घरको सम्पूर्ण जिम्मेवारी महिलाहरूको काँधमा आउँछ । सुरुमा यो जिम्मेवारीले तनाव र दबाब सिर्जना गरे पनि क्रमश : महिलाहरू आफ्ना निर्णय क्षमताहरूको अभ्यास गर्न थाल्छन् । यसले उनीहरूलाई पारिवारीक, सामाजिक र आर्थिक क्षेत्रमा सक्रिय बनाएको देखिन्छ । लमजुङ जिल्लाका सातजना महिलाहरूको अनुभवबाट यस्ता परिवर्तनहरू गहिरो रूपमा देखिन्छ ।

*ममिता थापा,* मध्यनेपाल न.पा. कि ३८ वर्षीय महिला, विगत सात सालदेखि श्रीमान मलेसियामा छन् । पहिले घरका सबै महत्वपूर्ण निर्णयमा उनी सँधै पर्थिन्न । चाहे छोराछोरीको विद्यालय चयन हास् वा खेतीपातिको योजना, सबैमा श्रीमान र उनका सासुससुराले निर्णय गर्थे । तर श्रीमान विदेशीए पछि, उनले निर्णय गर्नु पर्ने बाध्यता आयो । सुरुमा डर लाग्थ्यो कतिपय निर्णय लिन गडबढ पनि भयो तर पछिल्लो चार वर्षमा उनले आफ्नो अनुभव र आत्माविश्वासबाट निर्णय लिन थालेकी छन् । अहिले विद्यालय छनोट देखि लिएर सहकारीमा लगानी गर्ने, घर मर्मत गर्ने र छोरीको पढाईको योजना बनाउने काममा उनी स्वयं अगाडी हुन्छिन् ।

*कुमारी वि. क,* एक ४० वर्षीय महिला, गाँउको आमा समुहकी सचिव बनेकी छन् । श्रीमान कतार गएका चार वर्षपछि उनी सामाजीक रूपमा सक्रिय हुन थालिन् । सुरुमा टाढा बस्न रुचाउने उनी अहिले गाँउकै महिला सभा, सरसफाइ अभियान, तालिम तथा योजना बैठकमा नियमित सहभागी हुन्छिन् । उनले भनिन् “पहिले त मैले आफ्नो घरपरिवार बाहेक कोही सोच्दिनथैं, अहिले त गाँउको विकासमा पनि मेरो भूमिका छ भन्ने बुझेकी छु ।” उनले आफैंले गाँउपालिकाको साना योजना प्रक्रियामा भाग लिएर ासामुलायिक टचांकी निमार्णको प्रस्ताव पास गरेकी छन् ।

जमुना घलेले भने परिवारभित्रको निर्णय प्रक्रियामा परिवर्तन आएको बताउछिन् । श्रीमान विदेश गएपछि परिवारको सबै हिसावकिताब, खेतीको निर्णय, र सहकारीको आर्थिक लेनदेन उनीकै भरमा छ । उनले छोराको स्कूल सर्नु पर्ने निर्णयमा आफ्नै बुझाइ प्रयोग गरिन र अहिले आफ्नो निर्णयप्रति गर्व गर्छिन् । पहिले उनका सासुसुरा निर्णय लिने व्यक्ति थिए, अहिले भने उनीहरू समेत परामर्श माग्न थाल्छन् । उनले भने "अहिले म मात्रै आमाबुबा होइन, घरको मुखिया पनि बनेको छु ।"

बालकुमारी ठकुरी, जो परम्परागत रूपमा चुपचाप बस्ने स्वभावको थिइन् । श्रीमान विदेश गएको तीन वर्षपछि विद्यालय व्यवस्थापन समितिमा सदस्य बनेकी छन् । अब विद्यालयको नीति बनाउने, शिक्षक छनोट गर्ने, विद्यार्थी सहायता कार्यक्रममा भाग लिनु जस्ता कार्यमा उनी अग्रसर छन् । उनले भनिन् "पहिला मलाई बोल्न पनि लाज लाग्थ्यो, तर अहिले बैठकमा आफ्ना कुरा खुलस्त राख्छु ।" गाँउलेहरू पनि उनका कुरा सुन्न रुचाउछन् ।

सारादा श्रेष्ठको अनुभव त्यत्तिकै रोचक छ । उनले श्रीमान गएपछि घरको सम्पूर्ण आर्थिक व्यहोरा व्यवस्थापन गर्न थाले पछि आफूमा ठूलो परिर्वतन महशुस गरिन् । बैंक खाता सञ्चालन, ऋण व्यवस्थापन, खेतीमा लगानी, सहकारीमा शेयर खरिद जस्ता कार्यमा उनी सक्षम बनिन् । अहिले उनको निर्णय क्षमताको कदर परिवारमै मात्र होइन, समुदायमा पनि हुन्छ । उनले केहि समय सामुहिक तरकारी खेतीको नेतृत्व गरेकी थिइन् जसले उसलाई सामाजिक नेतृत्वको अनुभव पनि दिलायो ।

कृष्णकला मगर, जो अघिसम्म घरको महिला भनेर मात्रै चिनिन्थिन् अहिले वडा नागरिक मंचकी सक्रिय सदस्य हुन् । उनले गाँउको विकास परियोजनाहरूमा सरोकार राख्न थालेकी छन् । उनले महिलाहरूको आवाज उठाउने, बजेट पारदर्शिता माग गर्ने र सेवा प्रवाहमा सुधारको माग गर्ने जस्ता विषयमा जोड दिन थालेकी छन् । उनी भन्छिन् "पहिला लाग्थ्यो, यी कुरा त पुरुषको हो, तर आज जब लाग्छ म पनि समाज परिर्वतनको हिस्सा बन्न सक्छु ।"

यी महिलाहरूको अनुभवले प्रष्ट पार्छद कि वैदेशिक रोजगारीले केवल भौतिक अभाव मात्रै हौइन, सामाजिक भूमिका र निर्णय क्षमतामा पनि उल्लेखनीय परिर्वतन ल्याएको छ । महिलाहरू अब निर्णयको केन्द्रमा आइपुगेका छन् जहाँ उनीहरूले आफ्ना परिवार र समाजको दिशा निर्धारण गर्न थालेका छन् । सामाजिक सहभागिता, आत्माविश्वास सीपको

विकाससँगै उनीहरूले परम्परागत लैंगिक भूमिकालाई चुनौति दिदैं सामाजिक रूपान्तरणको ढोका खोल्न थालेका छन् ।

## ५.४ आत्माविश्वास र चेतनामा वृद्धि

श्रीमानहरू वैदेशिक रोजगारीमा गएपछि लमजुङ जिल्लाका महिलाहरूको पारिवारीक, सामाजिक र व्यक्तित्व जीवनमा गहिरो परिवर्तन आएको देखिन्छ । प्रारम्भमा धेरै महिलाहरू एक्लोपन, असहजता र चिन्ताले ग्रस्त थिए, तर समयसँगै उनीहरूले आफु भित्रको सामर्थ्य चिन्न थाले । उनीहरूको आत्माविश्वास र चेतनाको स्तर उल्लेखनीय रूपमा बढेको पाइन्छ । पाँचजना महिलाहरूको अनुभवले देखाउछ कि वैदेशिक रोजगारीको अप्रत्क्ष प्रभावले उनीहरूलाई सामाजिक संवाद, नेतृत्व, अभिव्यक्ति तथा अधिकारप्रति सजक बनाएको छ ।

*सरिता कुमाल,* ३५ वर्षीय महिला, श्रीमान मलेसियामा गएका दुई वर्षपछि गाँउको महिला समुहको सक्रिय सदस्य बन्नन पुगिन् । सुरुवातमा समुहका कार्यक्रमहरूमा बोल्न समेत डराउने उनी अहिले समुह बैठकमा विचार राख्ने, स्थानीय निकायसँग छलफल गर्न सक्ने बनिसकेकी छन् । उनी भन्छिन् “पहिला आफै डराउँथे, अब त अरुलाई हिम्मत दिने काम गर्छु । ”

*माया थापा,* जसका श्रीमान कतारमा छन् पहिले परम्परगत सोचमा बाँधिएकी महिला थिइन । तर वैदशिक आम्दानीबाट आँशिक आर्थिक स्वतन्त्रता पाएपछि उनी स्थानीय विद्यालय व्यवस्थापन समितिमा सदस्य भइन् । उनले विद्यालयस्तर स्तरीयता बढाउन पहल गरेकी छन् । पहिला यो क्षेत्र मेरो हैन भन्ने लाग्थ्यो, अहिले चाहिँ मैले पनि भूमिका खेल्न सक्छु भन्ने विश्वास आएको छ, उनले भनिन् ।

*जनु गुरुङको* अनुभव अझ फरक छ । श्रीमान कोरियाम गएपछि सामाजिक गतिविधीमा चासो दिन थालेकी उनी अहिले स्थानीय रेडियो कार्यक्रमहरूमा महिला सशक्तिकरणको बारेमा बोल्ने गर्छिन् । उनी भन्छिन् “शब्दमा बोल्न डर लाग्थ्यो पहिले, तर आज म आफ्ना भावना माइक मार्फत सार्वजनिक गर्न सक्ने भएकी छु ।”

*कृष्णकुमारी तामाङ,* जसका श्रीमान दुबईमा छन्, महिला समूहको नेतृत्व सम्हाल्दै आएकी छन् । पहिले अर्काले निर्णय लिने, अरुले बोल्ने हेरेर बस्ने उनी अहिले गाँउको कृषिमा

नवप्रवर्तन ल्याउने विषयमा सुझाव दिन्छिन् । उनले आफ्नै समुह मार्फत तालिम ल्याएर अन्य महिलाहरूलाई सचेत गराउने प्रयास गरेकी छन् । “जीवनमा आत्माबल हँदा रहेछ भने केही पनि असम्भव हुदैंन”, उनी भन्छिन् ।

*बिमला राना मगर* पहिले सामाजिक कार्यक्रममा सहभागिता जनाउन पनि डराउने महिला थिइन् । तर वैदेशिक कमाइको सदुपयोग गर्दै जब उनले घरको जिम्मेवारी एक्लै सम्हाल्न तब आफ्ना अकल्पनिय आत्माबल देख्न पाइन् । अहिले उनी आमा समुहको सचिवको भूमिामा रहेकी छन् र लैङ्गिक समनताबारे छलफलमा भाग लिन्छिन् ।

*प्रतिमामाया दाहाल,* ४५ वर्षीय महिला, श्रीमान मलेसिया गएको चार वर्षपछि उनले गाँउको आमा समुहमा विविध काम गर्न थालिन । पहिले समाजको डरले चुप लाग्ने उनी अहिले हिंसा विरुद्धको अभियानमा सहभागी छन् । उनले भनिन् अहिले आफैलाई विश्वास लाग्छ कि म पनि परिवर्तनको हिस्सा बन्न सक्छु ।

यी महिलाहरूको अनुभवले देखाउँछ कि वैदेशिक रोजगारीमा श्रीमानहरूको अनुपस्थितीले उनीहरूलाई आत्मानिर्भर, निर्णायक र सचेत नागरिक बन्न मद्धत गरेको छ । उनीहरूको आत्माविश्वास, अभिव्यक्ति क्षमता र सामाजिक चेतनामा आएको रूपान्तरणले केवल व्यक्तिगत सशक्तिकरण होइन, स्थानीय सामाजीक ढाँचामा समेत सकारात्मक प्रभाव पारेको छ । यो रूपान्तरण आकास्मिक नभएर उनीहरूले समयसँगै पाएको जिम्मेवारी, अवसर र अनुभवबाट आएको स्पष्ट हुन्छ ।

## ५.५ शिक्षा र स्वास्थ्यमा सुधार

वैदेशिक रोजगारीबाट प्राप्त आयले लमजुङ जिल्लाका महिलाहरूको परिवारमा शिक्षा र स्वास्थ्यप्रति लगानी गर्ने प्रवृति बढाएको पाइन्छ । पहिले आर्थिक अभावका कारण विद्यालय छोड्नु परेका बालबालिकाहरू हाल निजी विद्यालयमा पढिरहेका छन् । महिलाहरू आफै पनि स्वास्थ्य प्रति सचेत र नियमित चेकजाँच गर्न थालेका छन् । यो प्रवृतिले दीर्घकालीन रूपमा महिला सशक्तिकरणमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

*चिजा गौतम* ३३ वर्षीय महिला, उसका श्रीमान चार वर्षदेखि दक्षिण कोरियामा कार्यरत छन्, पहिले छोराको पढाइमा ध्यान दिन नसक्ने अवस्था रहेको बताउँछिन् । तर विदेशबाट

पठाएको पैसाले छोरालाई गुणस्तरीय विद्यालयमा भर्ना गराइन् । साथै उनी आफैले नियमित रूपमा स्वास्थ्य परिक्षण गराउन थालेकी छन् । उनले भनिन् "पहिले स्वास्थ्यका कुरा दास्रो प्राथामिकता हुन्थ्यो, अहिले समयमै उपचार गराउन सिकेकी छु । "

*शारादा अधिकारी,* जसका श्रीमान मलेसियामा छन् , पहिले गाँउकै सामुदायिक विद्यालयमा छोराछोरी पढाउँथिन । वैदेशिक आम्दानी पछि उनले छोरीलाई सदरमुकाममा बोडिङ स्कूलमा पटाइन् । अहिले छोरी विज्ञान संकायमा अध्ययनरत छिन् । साथै शारादा स्वयंले सुरक्षित मातृत्व सम्बन्धी तालिमहरूमा भाग लिन थालेकी छन् । "साक्षरताको महत्व नबुझ्ेकी म आज बालिकाको पढाइमै जीवनको उद्देश्य देख्छु ," उनी भन्छिन् ।

*कमला मगर,* उसमा श्रीमान साउदीमा छन् विगतमा आफ्ना बच्चाहरूको उपचारमा ढिलासुस्ती गर्दा चिन्तित हुने गर्थिन । अहिले उनले घरमा आधारभूत प्राथामिक उपचारका सामाग्री राखेकी छन् र स्वास्थ्य संस्थामा जाने कुरामा ढिलाइ गर्दिन् । छोरीको महिलावारी शिक्षा र सरसफाइप्रति पनि उनी सजक भएकी छन् । "पहिले यस्ता कुरा लुकाउने गरिन्थ्यो, अहिले खुलस्त कुरा गर्न आँट आएको छ " उनले भनिन् ।

*मञ्जु थापा,* जसका श्रीमान कतारमा छन् , पहिले गाँउकै विद्यालयमा छोरालाई पढाइरहेकी थिइन् । अहिले छोरालाई इन्टरनेट मार्फत अतिरिक्त कक्षा लिन सहयोग गरेकी छिन् । साथै उनले स्वास्थ्य बिमा पनि गराएकी छिन् । "बचतसँगै शिक्षामा खर्च गर्नु विवेक हो भन्ने बुझ्न थालेकी छु " उनी भन्छिन् ।

*पबित्रा शाही,* ४५ वर्षीय महिला श्रीमान वैदेशिक रोजगारमा जानुअघि स्वास्थ्य जाँचमा लाज मान्थिन् । अहिले उनी आफ्ना परिवारलाई समेत स्वास्थ्य सचेतनाको विषयमा जानकारी दिन्छिन् । छोरीलाई किशोरी स्वास्थ्य कार्यक्रममा भाग लिन प्रेरित गरेकी छन् । "जीवनमा स्वास्थ्य र शिक्षा नै आधार रहेछ भन्ने कुरा अहिले मात्र बुझ्ेकी छु ," उनी भन्छिन् ।

यी महिलाहरूको जीवनकथाले देखाउँछ कि वैदेशिक रोजगारीको अप्रत्यक्ष प्रभावले शिक्षा र स्वास्थ्यप्रति दृष्टिकोणमा सकारात्मक रूपान्तरण ल्याएको छ । श्रीमानहरूको अनुपस्थितीले महिलाहरूलाई केवल घरमै सीमित बनाएको छैन्, बरु निर्णय क्षमतामा वृद्धि गरी, छोराछोरीको शिक्षाको गुणस्तर बढाउन र आफ्नो तथा परिवारको स्वास्थ्यप्रति सचेत हुन

प्रेरित गरेको छ । यो परिवर्तन केवल आर्थिक हैसियतको परिणाम मात्र नभई चेतना र आत्मानिर्भता वृद्धिको स्पष्ट प्रमाण हो ।

## ५.६ वैदेशिक रोजगारवाट प्राप्त आम्दानी र उपयोग

वैदेशिक रोजगारीमा जानुको मुख्य उदेश्य भनेको आम्दानी वढाउनन् हो । आर्थिक अवस्थामा वृद्धि भएपछि मानिसको साँस्कृतिक चालचलनमा पनि कहि न कहि परिवर्तन आएकै हुन्छ । समग्रमा यसले समाजलाई नै वदलीरहेको हुन्छ । आर्थिक अवस्थामा सुधार आएपछि मानिसको सामाजिक सम्वन्धहरूमा पनि प्रभाव परिरहेको देख्न सकिन्छ । साथै यसले गर्दा समाजको परिवर्तन पनि द्रुतगतिमा भईरहेको देख्न सकिन्छ । शिक्षा, स्वास्थ्य तथा सञ्चारमा मानिसको पहुँच वढ्दै गएको देखिन्छ । सरकारी विधालयमा आफ्नो छोराछोरीलाई पढाउनुको सट्टा नीजि विधालयमा पढाउने सरकारी अस्पतालको साटो नीजि अस्पतालमा उपचारको लागि जाने चलन वढीरहेको छ । राम्रा राम्रा सञ्चारका उपकरण खरिद गर्ने साथै महँगा र आधुनीक घरहरूको निर्माण गर्ने पनि चलन विकास भईरहेको छ । यसकारणले गर्दा वैदेशिक रोजगारीको कारणवाट प्राप्त वार्षिक आम्दानीले समाजमा महत्वपुर्ण परिवर्तन देख्न सकिन्छ । वैदेशिक रोजगारवाट प्राप्त वार्षिक आम्दानीको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १६

वैदेशिक रोजगारवाट प्राप्त वार्षिक आम्दानीको विवरण

| क.स. | विवरण | जम्मा | प्रतिशतक |
|---|---|---|---|
| १ | १ देखि ५ लाख | २६ | ५२ |
| २ | ५ देखि १० लाख | १० | २० |
| ३ | १० देखि १५ लाख | ४ | ८ |
| ४ | १५ लाख देखि माथि | ४ | ८ |
| ५ | आम्दानी नभएको | ६ | १२ |
| जम्मा | | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

माथिको तालिमकामा वार्षिक रूपमा १ देखि ५ लाख सम्मको आम्दानी गर्ने को सँख्या सवैभन्दा वढी अर्थात ५२ प्रतिशत रहेको छ भने २० प्रतिशतले वार्षिक रूपमा ५ देखि १० लाख सम्मको आम्दानी गर्दछन । त्यस्तै १० देखि १५ लाख वार्षिक आम्दानीगर्नेको सँख्या कुल ८ प्रतिशत र १५ लाख भन्दा वढी वार्षिक रूपमा आम्दानी गर्नेको सँख्या कुल ८ प्रतिशत रहेको देख्न सकिन्छ ।

देशको आर्थिक कमजोर आर्थिक अवस्थाको कमजोर र वैदेशिक रोजगारका निम्ति मुग्लान जाने प्रचलन आजको अवस्थामा आईपुग्दा वैदेशिक रोजगारमा जाने प्रत्येक नेपालीको घरमा औसतमा एक देखि दुई जना अनिवार्य जस्तै पाइन्छ । त्यसैले उक्त क्षेत्रमा वैदेशिक रोजगारको प्रभावले बहुआयामिक क्षेत्रमा पारेको प्रभावलाई समग्रमा तलको तालिका द्वारा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका नं. १७

वैदेशिक रोजगारमा गएका परिवारमा आएको परिवर्तनका विवरण

| क.स. | विवरण क | जम्मा घरपरिवार | परिवर्तन आएको परिवार सख्यां | प्रतिशत |
|---|---|---|---|---|
| १ | पेशा | ५० | १० | २० |
| २ | विवाह सम्वन्ध | ५० | २० | ४० |
| ३ | आर्थिक अवस्था | ५० | ४० | ८० |
| ४ | शिक्षा | ५० | ३० | ६० |
| ५ | स्वास्थ्य उपचार | ५० | २० | ४० |
| ६ | प्रविधिको प्रयोग | ५० | ३० | ६० |
| ७ | वचतको अवस्था | ५० | ३० | ६० |
| ८ | घरको वनौट | ५० | १० | २० |
| ९ | सामाजिक सम्वन्ध | ५० | ३६ | ७२ |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

माथिको तालिकामा वैदेशिक रोजगारले ल्याएको सामाजिक तथा आर्थिक परिवर्तनलाई प्रस्तुत गरिएको छ । वैदेशिक रोजगारमा सम्लग्न भएपछि यस अध्ययन क्षेत्र मा आएको

परिवर्तनलाई हेर्दा पेशामा ५० घर परिवार मध्ये १० घरपरिवारका सदस्यले परम्परागत रूपमा रहेको कृषि पेशाको साटोमा व्यवसाय तिर लागेको र कृषिलाई पनि केही हदसम्म व्यवसायिक रूपमा गर्न खोजेको देखिन्छ । विवाह सम्वन्धमा आएको परिवर्तनलाई हेर्दा पुराना प्रचलनमा रहेको विवाह पद्धतिको साटो प्रेम विवाहमा घेरै सम्लग्न भएको पाईयो । वैवाहिक दम्पतिमा पनि वैदेशिक रोजगारीको कारण घरवारमा समस्या परि विवाह वन्धन टुटेको पाईयो । आर्थिक रूपमा सवल भएपछि विवाहको लागि पनि आफै निर्णय क्षमता राख्ने गरेको पाइयो ।

वैदेशिक रोजगारमा संलग्नहरूको आर्थिक अवस्था पहिलाको तुलनामा निकै राम्रो रहेको पाइयो जसले गर्दा घरको निर्माणमा फेरवदल गरि केही रूपमा भएपनि पक्कि घर वनाएको पाईयो जसमा २० प्रतिशतले घर निर्माणमा जोड दिएको पाइयो । शिक्षाको अवस्थालाई हेर्दा आफ्ना वालवच्चालाई सकेसम्म नीजि विधालय पढाउनलाई चासो दिएको पाइयो भने आफ्ना सन्तानको शिक्षामा विशेष ध्यान दिएको पाइयो । उपचार पद्धतिमा पनि पहिलाको तुलनामा केहि परिवर्तन आएको पाइयो । स्वास्थ्य अपचारको लागि अस्पताल सम्म पुग्ने गरेको पाइयो । पहिला खर्चको अभावले गर्दा पनि अस्पताल सम्म जान असहज हुनाले सकेसम्म धामीको जाने र त्यसपछि मेडिकल जाने गरेका थिए । वैदेशिक रोजगारमा जाने परिवारको सदस्यले मोवाइल विदेश वाट पठाउने गरेकाले पनि प्रविधिमा विकास भएको पाइयो । वचतको अवस्था राम्रो भएपछि सामाजिक रूपमा पनि आफुलाई अरुले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइयो भने सामाजिक सम्वन्ध, पारिवारीक सम्वन्ध र छिमेकी सँगको सम्वन्धमा क्रमिक रूपमा सुधार आएको पाइयो ।

देशभित्र रोजगारका सम्भावना हुँदा हुँदै पनि विविध कारणले गर्दा वैदेशिक रोजगारीमा धेरै भन्दा घेरै युवा युवतीको आकर्षण वढीरहेको छ । कसैले घरको आर्थिक अवस्था अत्यन्तै कमजोर भएर कसैले भईरहेको अवस्थालाई केही सुधार गर्नका लागि वैदेशिक रोजगारको वाटो अँगालेको देखिन्छ । घर परिवार सञ्चालन गर्दा विभिन्न कारणले लागेको ऋण तिर्नको लागि पनि कति परिवारका सदस्यहरू विदेशमा श्रमको लागि गएको देखिन्छ । वैदेशिक रोजगारीवाट प्राप्त रकम सम्वन्धित परिवारले कसरी उपभोग गरिरहेका छन् भन्ने कुरा देखाउन तलको तालिका हेर्न जरुरी देखिन्छ । वैदेशिक रोजगारवाट प्राप्त रकमलाई कसरी र कुन शीर्षकमा प्रयोग गरिरहेका छन् भन्ने कुरा तलको तालिकावाट देखाउन खोजिएको छ ।

तालिका नं. १८

वैदेशिकमा रोजगारवाट भएको आम्दानीको उपयोगिताको विवरण

| क.स. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | ऋण चुक्ता | २० | ४० |
| २ | जग्गा खरिद | १० | २० |
| ३ | घर निर्माण | १० | २० |
| ४ | व्यवसाय | ६ | १२ |
| ५ | अन्य | ४ | ८ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८१

माथिको तालिकामा उल्लेख भएअनुसार अध्ययन क्षेत्रका परिवारले प्राप्त गरेका वैदेशिक मुद्रावाट विभिन्न क्षेत्रमा काम गरेको देखिन्छ । खासगरि वैदेशिक रोजगारीमा जानेक्रममा लागेको खर्च तथा घरपरिवार चलाउने क्रममा भएको खर्च र ऋण भएका परिवारको ऋण तिर्नका लागि प्रयोग भएको देखिन्छ । माथिको तालिकामा देखाईए अनुसार व्यापार व्यवसाय सञ्चालन गर्ने देखि लिएर जग्गा जमिन खरिद गर्ने सम्मको काम गरेको देखिन्छ । सवैभन्दा वढी ४० प्रतिशत घरपरिवारले ऋण तिर्नका लागि वैदेशिक रकमलाई प्रयोग गरेको देखिन्छ । त्यस्तै ऋण तिरेर सकेका तथा ऋण नभएका २० प्रतिशत परिवारले जग्गा जमिन पनि खरिद गरेको देखिन्छ । २० प्रतिशतनै परिवारले नयाँ घरको निर्माण गरेको देखिन्छ । १२ प्रतिशत परिवारले भने व्यवसाय जन्य कार्य गरेको पाउन सकिन्छ भने ८ प्रतिशतले अन्य अन्तरगत अरुलाई ऋण दिने वैकमा वचत गरेको पाउन सकिन्छ ।

## ५.७ मुख्य प्राप्ति तथा समग्रतामा परिवर्तन

यस क्षेत्र अन्तरर्गतको न.पा. मा रहेका ८ ओटा जाति तथा जनजातिको वसोवास रहेको छ । व्राम्हण, क्षेत्री जातिको मुख्य वसोवास रहेको यस क्षेत्रमा तमाङ, कामी, राई, दमाई, सार्कि तथा अन्य जातको वसोवास रहेको छ ।

यस अध्ययन क्षेत्रमा रहेको महिला तथा पुरुषको जनसँख्याको अनुपातलाई प्रस्तुत गरेको छ । यस गा.पा. मा पुरुष भन्दा महिलको जनसंख्या वढी रहेको देखिन्छ । नेपालको कुल

जनसंख्या पनि महिलाको जनसंख्या वढी रहेको छ । यस वडामा कुल जनसंख्या ४१४७ रहेको जसमा १८७६ जना पुरुषको र २२७१ जना महिलाको संख्या रहेको छ भने देशको महिला र पुरुषको अनुपातलाई हेर्दा देशको अवस्था सँग मिल्दो जुल्दो देखिन्छ । अध्ययन क्षेत्रको ५० घरपरिवारको मानिसहरूको मुख्य पेशाको रूपमा कृषि पेशालाई अँगालेको देखिन्छ । उक्त तालिका अनुसार ४८ प्रतिशत भन्दा वढी घर परिवारको मुख्य आय आर्जनको पेशा कृषि रहेको देखिन्छ । त्यस्तै व्यापार व्यवसायमा सम्लग्न परिवारको सँख्या १२ प्रतिशत छ भने नोकरीमा सम्लग्न परिवारको सँख्या १६ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा सम्लग्न हुनु अघिको परिवारको आय आर्जनका यी विभिन्न स्रोतहरू रहेका थिए भन्ने यस तालिका वाट देख्न सकिन्छ । कुल घरधुरी मध्ये बहुसंख्यक घर कृषि पेशामा रहेको पाइयो । उक्त पेशाले पनि वर्षभरी खान नपुग्ने तथा आफ्ना अन्य आवश्यकताहरू पुरा गर्नका लागि वैदेशिक रोजगारमा गएको अवस्था देखियो । तालिकामा कृषि वाहेक देखिएका अन्य परिवारको पेशा भएपनि कृषिलाई सवैले अँगालेका तथा केहिले क्रमशः वैदेशिक रोजगारमा संलग्न सदस्यहरूले पठाएको पैसाले व्यापार गरेको देखियो अर्थात वैदेशिक रोजगारले व्यक्तिको पारिवारिक पेशामा क्रमश परिवर्तन गरेको कुरा देखियो । जसले हिजोको समाजमा रहेको परम्परागत पेशालाई अहिले क्रमिक रूपमा परिवर्तन गर्दै गएको वा समाजमा हिजोको दिनमा एउटै पेशा (कृषि) अंगाल्ने परिवारले अहिले आएर यसको वैकल्पिक पेशा (व्यापार) अंगाल्न थालेको देखियो । यसैगरी नोकरीमा संलग्न भएको पारिवारीक संरचना एकात्मक देखियो यसरीहेर्दा वैदेशिक रोजगारले परम्परागत पेशामा विस्तारै विस्तारै परिवर्तन ल्याउन थालेको देखिन्छ ।अध्ययन क्षेत्रमा रहेका अधिकाँस घरहरू अर्धपक्की तथा ढुगा माटो तथा काठवाट निर्मित भएका छन् । यसरी वैदेशिक रोजगारीका कारण आम्दानीमा वृद्धि भई घरको वनौटमा पनि आधुनिकता आएको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न व्यक्तिको विदेश जानुअघिको पेशागत विवरणलाई दिएको तथ्याङ्कलाई हेर्दा उत्तरदाता मध्ये वैदेशिक रोजगारमा सम्लग्न हुनुभन्दा पहिला ४० प्रतिशत युवाहरू अध्ययनमा सँलग्न भएको पाईयो । अध्ययनलाई विचमा छाडेर सुनौलो भविश्यका लागि धेरै व्यत्तिहरू वैदेशिक रोजगारमा सम्लग्न भएको पाईयो । कृषि पेशामा सम्लग्न २० प्रतिशत युवाहरूको सँलग्नता रहेको पाईयो । मजदुरीमा सम्लग्न २० प्रतिशत, वेरोजगार ८ प्रतिशत र अन्य १२ प्रतिशत रहेको छ अन्य भन्नाले कुनै पेशा नभएका र पेशाको पहिचान नभएको

भन्ने वुझिन्छ । यसरी हेर्दा अध्ययनमा सम्लग्न युवाहरू नै सवैभन्दा वढी वैदेशिक रोजगारमा सँलग्न भएको पाउन सकिन्छ ।

वैदेशिक रोजगारमा रहेका व्यक्तिको उमेर समुहलाई उल्लेख उल्लेख गरिएको तथ्यलाई हेर्दा ५ उमेर समुहमा विभाजन गरि अध्ययन गर्न खोजिएको छ । सामान्यतया १८ वर्षपछि वैदेशिक रोजगारीमा सँलग्न हुन सकिने भएपनि यस अध्ययनमा २० वर्षभन्दा माथिका उत्तरदातालाई समावेश गरिएको छ । सवैभन्दा वढी युवाहरू २५ देखि ३० वर्ष उमेर समुहका २४ प्रतिशत रहेका छन् । उमेर समुह ३५ देखि ४० का व्यक्ति २४ प्रतिशत र ३० देखि ३५ वर्षको समुह र ४० वर्ष देखि माथिको २० प्रतिशत रहेका छन् । यसरी हेर्दा उर्जाशिल समय वैदेशिक रोजगारको लागि खर्चेको अवस्था रहेको छ । वैदेशिक रोजगारमा युवाजनशक्ति जाँदा त्यसको असर परिवार र सामाजिक रूपमा सकारात्मक भन्दा धेरै नकारात्मक पर्ने देखिन्छ आर्थिक दृष्टिकोणले वैदेशिक रोजगारलाई सकारात्मक रूपमा लिएता पनि सामाजिक रूपमा यसको असर नकारात्मक हुनजान्छ ।

वैदेशिक रोजगारमा सँलग्न व्यत्तिहरूको शैक्षिक अवस्थालाई हेर्दा ४८ प्रतिशत युवाहरू माध्यामिक स्तरको पढाई पुरा गरेको देखिन्छन् भने २० प्रतिशत साक्षर मात्र रहेका प्रावि तह अध्ययन गर्ने १२ प्रतिशत रहेका उमावि तह १२ प्रतिशत र विश्वविधालय तहका ८ प्रतिशत रहेको देखिन्छ । वैदेशिक रोजगारमा जानेको सँख्या अधिक मात्रमा कम शिक्षा हासिल गरेको देखिन्छ । कम शिक्षा हासिल गरेको व्यक्ति वैदेशिक रोजगारमा संलग्न हुँदा प्राय तल्लो स्तरको काममा सहभागी रहने हुन्छ यसरी तल्लोस्तरको काममा सहभागी भएर आउँदा सिपको विकास नहुने र सिकेको कामको प्रयोग नेपालमा नहुने हुदा पुन विदेशमानै सो कामको लागि जानुपर्ने अवस्था रहेको देखिन्छ भने अर्कोतिर आर्थिक रूपमा पनि कम आम्दानी हुने काममा सहभागिहुनु पर्ने अवस्था रहेको छ जसले आर्थिक रूपमा पनि खासै परिवर्तन गर्न नसकेको अवस्था पाउन सकिन्छ । शिक्षित जनशक्ति वैदेशिक रोजगारमा जाँदा कम शिक्षा आर्जन गरेको जनशक्ति भन्दा आम्दानीको हिसावले र सिपको हिसावले पनि राम्रो अवस्था रहेको पाउन सकिन्छ ।

अध्ययनक्षेत्रका वासिन्दाले खाद्यवाली सवैभन्दा वढी उत्पादन गर्ने गरेको देखिन्छ । खाद्यवाली अन्तरगत धान, मकै, कोदो, गहुँ आदि पर्दछ । त्यस्तै ८ प्रतिशत घरपरिवारले नगदेवाली र १४ प्रतिशत घरपरिवारले तरकारी वाली र त्यसवाट केही आय आर्जन गर्ने गरेको उक्त

तथ्याङ्कले प्रस्तुत गर्दछ । वैदेशिक रोजगारले गर्दा कृषि पेशामा कहि कतै कमी आएको भएपनि कृषि पेशामा लाग्नको लागि पनि कोही उत्प्रेरित भएको तथ्यले देखाउँदछ । खाद्यवाली वालीमा सवैभन्दा वढी संलग्न रहेको सम्वन्धित तथ्यले अझैपनि परम्परागत तरिकालेनै खाद्यवाली लगाउनुले जीवनस्तर अझै तल नै पर्नु को प्रमुख कारण हो ।

वैदेशिक रोजगारमा संलग्न घरपरिवारले उत्पादन गरेका विभिन्न खाद्यवस्तुलाई के कसरी प्रयोग गरिएको रहेछ भन्ने कुरा देखाउन खोजिएको छ । यस खाले गतिविधिले पनि घरको आर्थिक अवस्थालाई मजवुद वनाउने साथै वैदेशिक रोजगार वाट प्राप्त रकमलाई वचाउन सहयोग गर्दछ । माथिको तालिकामा उल्लेख भएअनुसार २८ प्रतिशत घरपरिवारले उत्पादन गरेको अन्नवाली विक्रिको लागि प्रयोग गर्न पुग्ने त्यस्तै ४० प्रतिशतले अन्नवाली साथै नगदेवाली घरपरीवारको लागिमात्र पुग्ने गरेको वताईको माथिको तथ्यवाट वुझ्न सकिन्छ । ३२ प्रतिशत घरपरिवारको आफैंले उत्पादन गरेको खाद्यवस्तुले आफैलाई पनि नपुग्ने देखिन्छ । यस तथ्यलाई हेर्दा खाद्यवस्तुको अभावको कारणले पनि वैदेशिक रोजगारमा जानेको सँख्या उच्च रहेको देखिन्छ ।

वैदेशिक रोजगारीले सिपको विकास गरेर आउने उत्तरदाताहरू ६८ प्रतिशत रहेका छन् । नयाँ कुनै सिप नसिक्नेहरू ३२ प्रतिशत रहेका तथ्याङ्कले देखाउँछ । यसरी हेर्दा विदेशमा सिकेको सिप नेपालमा प्रयोग गर्न सकेको खण्डमा यसले स्वरोजगारलाई पनि टेवा दिन सक्ने देखिन्छ । कतिपय सहभागीहरू सामान्य कामदारको रूपमा विदेश जाने गरेकोले गर्दा सीपमुलक काममा संलग्न हुन नपाएको कुरा वताए भने केही सहभागीले सीप (बेकरी, कुक, मेसिनरी काम) आर्जन गरी अवका दिनमा त्यो सिपलाई नेपालमा प्रयोगमा ल्याउने वताए । यसैगरी केही सहभागीले पुनः वैदेशिक रोजगारमा संलग्न हुदा उक्त सीपको कारणले बढि लाभ हुने कुरा वताए । यसरी वैदेशिक रोजगारमा सिकेको सीप नेपालमा उपयोग गर्न सके वा उपयोग गर्ने वातावरण सृजना हुनसके आफु र आफ्नो परिवारको जीविका राम्रैसँग सञ्चालन गर्न सकिने कुरा सहभागीबाट बुझियो ।

त्यस्तै, सवैभन्दा वढी ३२ प्रतिशत व्यक्तिहरू श्रम वजारको लागि मलेशियामा गएको पाउन सकिन्छ । कतारमामा २४ प्रतिशत रहेको साउदी अरवमा १६ प्रतिशत रहेको पाउन सकिन्छ भने युएई मा १२ प्रतिशत र कुवेतमा ८ प्रतिशत रहेको पाउन सकिन्छ । अन्य देश अन्तरगत युरोप लगायतका अन्य सम्पन्न देश पर्दछन् । यो अध्ययन, अध्ययन क्षेत्रमा गएर

गरिकएको स्थलगत अध्ययनको नतिजा हो । अध्ययन क्षेत्र ग्रामिण ईलाका भएको हुनाले जमिन माथिको स्वामित्व अलि कमनै देखिन्छ । ग्रामिण क्षेत्रको जमिनमा उब्जनी पनि समथर जमिनमा भन्दा कमनै हुने गर्दछ । १० रोपनी भन्दा ज्यादा जमिन हुने परिवारको सँख्या जम्मा १६ प्रतिशत मात्र रहेको देखिन्छ त्यसैगरि ५ रोपनी भन्दा कम जमिन हुने परिवारको सँख्या २० प्रतिशत भन्दा कम देखिन्छ । यस क्षेत्रको जमिनमा प्रायः एक बालि मात्र लाग्ने र अन्य बालिहरूका लागि आकाशे खेतीमा भर पर्नु परेको अवस्था तथा परम्परागत खेती प्रणालीका आधारमा खेती गरिने भएकाले उत्पादन पनि त्यति नहुने बताए । जसले गर्दा अहिलेका युवाहरूमा खेती पाती प्रतिको धारणामा परिवर्तन आई वैकल्पिक पेशाका रूपमा वैदेशिक रोजगार लगाएत अन्य पेशा अंगालेको कुरा बताए ।

गरिवीको कारण विदेश जानेको सँख्या २० प्रतिशत रहेको पाईयो । नेपालमा वसेर राम्रो रोजगारी नपाईने र पाईहाले पनि पारिश्रमिक अत्यन्तै थौरै हुने कारणले गर्दा विदेश जानेहरू पनि प्रसस्त रहेको पाईन्छ । यसरी घरपरिवारको सल्लाहमा विदेश जानेको सँख्या ३२ प्रतिशत रहेको छ भने साथीभाई गएको देखेर विदेश जानेको सँख्या पनि २८ प्रतिशत रहेको छ । धेरै कमाई गर्न भनि विदेश जानेको सँख्या २० प्रतिशत रहेको उल्लेखित तथ्याङ्कवाट देख्न सकिन्छ ।

वैदेशिक रोजगारमा जानु अघिको ५० घर परिवारको मासिक आम्दानीमा घरमा लाग्ने सवै खर्च कटाएर मासिक रूपमा वचेको पैसालाई प्रस्तुत गरिएको छ । जसमा यस अध्ययन क्षेत्रका घर परिवारको मासिक आम्दानी निम्न रहेको देखिन्छ । यस क्षेत्रमा १ हजार देखि ५ हजार सम्म मासिक आम्दानी गर्ने घरपरिवारको संख्या ३२ प्रतिशत रहेको देखिन्छ । मासिक रूपमा ५ हजार देखि १० हजार रूपैया सम्म आम्दानी गर्ने परिवार संख्या ४८ प्रतिशत रहेको छ । २० प्रतिशत घर परिवारको आय आर्जन मासिक रूपमा १० हजार भन्दा वढी रहेको देखिन्छ । मुख्य पेशा कृषि र केहि परिवारको मात्र व्यवसाय र नोकरी रहेको हुदा पनि मासिक वचतमा कम रहेको दखिएको हुनसक्छ । अध्ययन गरिएका सवै घरहरूको आम्दानी वैदेशिक रोजगारमा जानुभन्दा पहिला ज्यादै कम भएको पाइयो । जसले गर्दा आफ्नो जीवनलाई सजिलो र राम्रोसंग संचालन गर्नका लागि परिवारका सदस्यहरू वैदेशिक रोजगारमा संलग्न भएको कुरा वताए । जसले केही हदसम्म आफ्नो आर्थिक स्थितिमा केही सुधार आएको र समाजमा पनि आफ्नो हैसियत केही राम्रो भएको कुरा वताए । अर्थात हिजो

सामान्य चाड पर्व मान्नलाई पनि साहुको घर हात थाप्नु पर्ने परिवार अहिले आएर वैदेशिक रोजगारबाट प्राप्त पैसाले आफ्ना कार्यहरू सजिलोसंग संचालन गरिरहेको र हिजो खानाकै लागि समस्या सृजना हुने परिवारमा अहिले आएर लाउन खानको समस्या नरहेको कुरा धेरै सहभागीहरूले बताए । यसरी केहि हदसम्म भए पनि वैदेशिक रोजगारीले सामाजिक सम्बन्ध परिवर्तन गर्न वा तोडन सफल भएको देखिन्छ ।

अध्ययनको उत्तरदाताहरू मध्येमा धेरै परिवारको आर्थिक अवस्था सुधार अन्तरगत पैसा वचत गर्न थालिएको पाईयो । आफ्ना सन्तानको लागि शिक्षाको लागि खर्चमा वृद्धि देख्न सकिन्छ । त्यसैले उत्तरदाता घरपरिवार मध्ये ८० प्रतिशत घरपरिवारको आर्थिक अवस्थामा सुधार आएको तथ्याङ्क मा देख्न सकिन्छ । २० प्रतिशत घरपरिवारको आम्दानीमा खासै फरक नआएको कुरा तथ्यले वताएको छ । आर्थिक अवस्था सुधार गर्ने आशामा विदेश गएका तर सोचेजस्तो आम्दानी नहुने र दलालको कारण ठगीमा पर्ने जस्ता समस्याले गर्दा आर्थिक अवस्था झन विकराल रूप वन्दै गएको कुरा प्रस्तुत तथ्यले देखाउँछ । वैदेशिक रोजगारमा संलग्न हुदाको ऋण र घरखर्च गर्दा लागेको ऋणको कारण पनि वैदेशिक रोजगारमा जानेको ऋणभएको पाउन सकिन्छ ।

अध्ययन क्षेत्रका परिवारले प्राप्त गरेका वैदेशिक मुद्रावाट विभिन्न क्षेत्रमा काम गरेको देखिन्छ । खासगरि वैदेशिक रोजगारीमा जानेक्रममा लागेको खर्च तथा घरपरिवार चलाउने क्रममा भएको खर्च र ऋण भएका परिवारको ऋण तिर्नका लागि प्रयोग भएको देखिन्छ ।माथिको तालिकामा देखाईए अनुसार व्यापार व्यवसाय सञ्चालन गर्ने देखि लिएर जग्गा जमिन खरिद गर्ने सम्मको काम गरेको देखिन्छ । सवैभन्दा वढी ४० प्रतिशत घरपरिवारले ऋण तिर्नका लागि वैदेशिक रकमलाई प्रयोग गरेको देखिन्छ । त्यस्तै ऋण तिरेर सकेका तथा ऋण नभएका २० प्रतिशत परिवारले जग्गा जमिन पनि खरिद गरेको देखिन्छ । २० प्रतिशतनै परिवारले नयाँ घरको निर्माण गरेको देखिन्छ । १२ प्रतिशत परिवारले भने व्यवसाय जन्य कार्य गरेको पाउन सकिन्छ भने ८ प्रतिशतले अन्य अन्तरगत अरुलाई ऋण दिने वैकमा वचत गरेको पाउन सकिन्छ ।

वार्षिक रूपमा १ देखि ५ लाख सम्मको आम्दानी गर्ने को सँख्या सवैभन्दा वढी अर्थात ५२ प्रतिशत रहेको छ भने २० प्रतिशतले वार्षिक रूपमा ५ देखि १० लाखसम्मको आम्दानी

गर्दछन । त्यस्तै १० देखि १५ लाख वार्षिक आम्दानीगर्नेको सँख्या कुल ८ प्रतिशत र १५ लाख भन्दा वढी वार्षिक रूपमा आम्दानी गर्नेको सँख्या कुल ८ प्रतिशत रहेको देख्न सकिन्छ ।

वैदेशिक रोजगारले ल्याएको सामाजिक तथा आर्थिक परिवर्तनलाई प्रस्तुत गरिएको छ । वैदेशिक रोजगारमा सम्लग्न भएपछि यस अध्ययन क्षेत्र मा आएको परिवर्तनलाई हेर्दा पेशामा ५० घर परिवार मध्ये १० घरपरिवारका सदस्यले परम्परागत रूपमा रहेको कृषि पेशाको साटोमा व्यवसाय तिर लागेको र कृषिलाई पनि केही हदसम्म व्यवसायिक रूपमा गर्न खोजेको देखिन्छ । विवाह सम्वन्धमा आएको परिवर्तनलाई हेर्दा पुराना प्रचलनमा रहेको विवाह पद्धतिको साटो प्रेम विवाहमा घेरै सम्लग्न भएको पाईयो । वैवाहिक दम्पतिमा पनि वैदेशिक रोजगारीको कारण घरवारमा समस्या परि विवाह वन्धन टुटेको पाईयो । आर्थिक रूपमा सवल भएपछि विवाहको लागि पनि आफै निर्णय क्षमता राख्ने गरेको पाइयो । वैदेशिक रोजगारमा संलग्नहरूको आर्थिक अवस्था पहिलाको तुलनामा निकै राम्रो रहेको पाइयो जसले गर्दा घरको निर्माणमा फेरवदल गरि केही रूपमा भएपनि पक्कि घर वनाएको पाईयो जसमा २० प्रतिशतले घरनिर्माणमाजोड दिएको पाइयो । शिक्षाको अवस्थालाई हेर्दा आफ्ना वालवच्चालाई सकेसम्म नीजि विधालय पढाउनलाई चासो दिएको पाइयो भने आफ्ना सन्तानको शिक्षामा विशेष ध्यान दिएको पाइयो । उपचार पद्धतिमा पनि पहिलाको तुलनामा केहि परिवर्तन आएको पाइयो । स्वास्थ्य अपचारको लागि अस्पताल सम्म पुग्ने गरेको पाइयो । पहिला खर्चको अभावले गर्दा पनि अस्पताल सम्म जान असहज हुनाले सकेसम्म धामीको जाने र त्यसपछि मेडिकल जाने गरेका थिए । वैदेशिक रोजगारमा जाने परिवारको सदस्यले मोवाइल विदेश वाट पठाउने गरेकाले पनि प्रविधिमा विकास भएको पाइयो । वचतको अवस्था राम्रो भएपछि सामाजिक रूपमा पनि आफुलाई अरुले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइयो भने सामाजिक सम्वन्ध, पारिवारीक सम्वन्ध र छिमेकी सँगको सम्वन्धमा कमिक रूपमा सुधार आएको पाइयो ।

# अध्याय छ
# सारश र निष्कर्ष

## ६.१ सारांश

लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका अन्तर्गत वडा नं ४ को दुईपिप्लेमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले महिलाहरू अथवा घरपरिवारको जीविकोपार्जनमा आएको परिवर्तन शीर्षकमा आधारित रही यस शोधपत्र तयार गरिएको छ । वडा न १ मा रहेका ८ ओटा जाति तथा जातजातिको वसोवास रहेको छ । व्राम्हण, क्षेत्री जातिको मुख्य वसोवास रहेको यस क्षेत्रमा गुरुङ्ग, ब्राह्मण, क्षेत्री, नेवार, मगर, दुरा, कामी जातको वसोवास रहेको छ । यस वडामा कुल जनसंख्या ४१४७ रहेको जसमा १८७६ जना पुरुषको र २२७१ जना महिलाको संख्या रहेको छ भने देशको महिला र पुरुषको अनुपातलाई हेर्दा देशको अवस्था सँग मिल्दो जुल्दो देखिन्छ । यस अध्ययन क्षेत्रको ५० घरपरिवारको मानिसहरूको मुख्य पेशाको रूपमा कृषि पेशालाई अँगालेको देखिन्छ । उक्त तालिका अनुसार ४८ प्रतिशत भन्दा वढी घर परिवारको मुख्य आय आर्जनको पेशा कृषि रहेको देखिन्छ । त्यस्तै व्यापार व्यवसायमा सम्लग्न परिवारको सँख्या १२ प्रतिशत छ भने नोकरीमा सम्लग्न परिवारको सँख्या १६ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा सम्लग्न हुनु अघिको परिवारको आय आर्जनका यी विभिन्न स्रोतहरू रहेका थिए भन्ने यस तालिका वाट देख्न सकिन्छ । कुल घरधुरी मध्ये बहुसंख्यक घर कृषि पेशामा रहेको पाइयो । उक्त पेशाले पनि वर्षभरी खान नपुग्ने तथा आफ्ना अन्य आवश्यकताहरू पुरा गर्नका लागि वैदेशिक रोजगारमा गएको अवस्था देखियो । तालिकामा कृषि वाहेक देखिएका अन्य परिवारको पेशा भएपनि कृषिलाई सवैले अँगालेका तथा केहिले क्रमशः वैदेशिक रोजगारमा संलग्न सदस्यहरूले पठाएको पैसाले व्यापार गरेको देखियो अर्थात वैदेशिक रोजगारले व्यक्तिको पारिवारिक पेशामा क्रमश परिवर्तन गरेको कुरा देखियो । जसले हिजोको समाजमा रहेको परम्परागत पेशालाई अहिले क्रमिक रूपमा परिवर्तन गर्दै गएको वा समाजमा हिजोको दिनमा एउटै पेशा (कृषि) अंगाल्ने परिवारले अहिले आएर यसको वैकल्पिक पेशा (व्यापार) अंगाल्न थालेको देखियो । यसैगरी नोकरीमा संलग्न भएको पारिवारीक संरचना एकात्मक देखियो यसरीहेर्दा वैदेशिक रोजगारले परम्परागत पेशामा विस्तारै विस्तारै परिवर्तन ल्याउन थालेको देखिन्छ । यहाँ रहेका

अधिकाँस घरहरू अर्धपक्की तथा ढुगा माटो तथा काठवाट निर्मित भएका छन् । ५२ प्रतिशत भन्दा वढी घरहरू ढुगा माटो तथा काठ लगाएर वनाईएको छ । आर्थिक अवस्थामा आएको सुधारको कारणले गर्दा केही घरहरू आधुनिक पनि वनेका देखिन्छन् । ३६ प्रतिशत घरहरू सिमेन्ट प्रयोग गरि वनाएको देखिन्छ । निकै कम तथा १२ प्रतिशत घरहरू मात्र कच्ची रहेका छन् । यसरी वैदेशिक रोजगारीका कारण आम्दानीमा वृद्धि भई घरको वनौटमा पनि आधुनिकता आएको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न व्यक्तिको विदेश जानुअघिको पेशागत विवरणलाई दिएको तथ्याङ्कलाई हेर्दा उत्तरदाता मध्ये वैदेशिक रोजगारमा सम्लग्न हुनुभन्दा पहिला ४० प्रतिशत युवाहरू अध्ययनमा सँलग्न भएको पाईयो । अध्ययनलाई विचमा छाडेर सुनौलो भविश्यका लागि धेरै व्यक्तिहरू वैदेशिक रोजगारमा सम्लग्न भएको पाईयो । कृषि पेशामा सम्लग्न २० प्रतिशत युवाहरूको सँलग्नता रहेको पाईयो । मजदुरीमा सम्लग्न २० प्रतिशत, वेरोजगार ८ प्रतिशत र अन्य १२ प्रतिशत रहेको छ अन्य भन्नाले कुनै पेशा नभएका र पेशाको पहिचान नभएको भन्ने वुझिन्छ । यसरी हेर्दा अध्ययनमा सम्लग्न युवाहरू नै सवैभन्दा वढी वैदेशिक रोजगारमा सँलग्न भएको पाउन सकिन्छ । यस क्षेत्रवाट वैदेशिक रोजगारमा रहेका व्यक्तिको उमेर समुहलाई उल्लेख उल्लेख गरिएको तथ्यलाई हेर्दा ५ उमेर समुहमा विभाजन गरि अध्ययन गर्न खोजिएको छ । सामान्यतया १८ वर्षपछि वैदेशिक रोजगारीमा सँलग्न हुन सकिने भएपनि यस अध्ययनमा २० वर्षभन्दा माथिका उत्तरदातालाई समावेश गरिएको छ । सवैभन्दा वढी युवाहरू २५ देखि ३० वर्ष उमेर समुहका २४ प्रतिशत रहेका छन् । उमेर समुह ३५ देखि ४० का व्यक्ति २४ प्रतिशत र ३० देखि ३५ वर्षको समुह र ४० वर्ष देखि माथिको २० प्रतिशत रहेका छन् । यसरी हेर्दा उर्जाशिल समय वैदेशिक रोजगारको लागि खर्चेको अवस्था रहेको छ । वैदेशिक रोजगारमा युवाजनशक्ति जाँदा त्यसको असर परिवार र सामाजिक रूपमा सकारात्मक भन्दा धेरै नकारात्मक पर्ने देखिन्छ आर्थिक दृष्टिकोणले वैदेशिक रोजगारलाई सकारात्मक रूपमा लिएता पनि सामाजिक रूपमा यसको असर नकारात्मक हुनजान्छ । यस वडा वाट वैदेशिक रोजगारमा सँलग्न व्यक्तिहरूको शैक्षिक अवस्थालाई हेर्दा ४८ प्रतिशत युवाहरू माध्यामिक स्तरको पढाई पुरा गरेको देखिन्छन् भने २० प्रतिशत साक्षर मात्र रहेका प्रावि तह अध्ययन गर्ने १२ प्रतिशत रहेका उमावि तह १२ प्रतिशत र विश्वविधालय तहका ८ प्रतिशत रहेको देखिन्छ । वैदेशिक रोजगारमा जानेको सँख्या अधिक मात्रमा कम शिक्षा हासिल गरेको देखिन्छ । कम शिक्षा हासिल गरेको व्यक्ति वैदेशिक रोजगारमा संलग्न हुँदा प्राय तल्लो

स्तरको काममा सहभागी रहने हुन्छ यसरी तल्लोस्तरको काममा सहभागी भएर आउँदा सिपको विकास नहुने र सिकेको कामको प्रयोग नेपालमा नहुने हुदा पुन विदेशमानै सो कामको लागि जानुपर्ने अवस्था रहेको देखिन्छ भने अर्कोतिर आर्थिक रूपमा पनि कम आम्दानी हुने काममा सहभागिहुनु पर्ने अवस्था रहेको छ जसले आर्थिक रूपमा पनि खासै परिवर्तन गर्न नसकेको अवस्था पाउन सकिन्छ । शिक्षित जनशक्ति वैदेशिक रोजगारमा जाँदा कम शिक्षा आर्जन गरेको जनशक्ति भन्दा आम्दानीको हिसावले र सिपको हिसावले पनि राम्रो अवस्था रहेको पाउन सकिन्छ । यस क्षेत्रका वासिन्दाले खाद्यवाली सवैभन्दा वढी उत्पादन गर्ने गरेको देखिन्छ । खाद्यवाली अन्तरगत धान, मकै, कोदो, गहुँ आदि पर्दछ । त्यस्तै ८ प्रतिशत घरपरिवारले नगदेवाली र १४ प्रतिशत घरपरिवारले तरकारी वाली र त्यसवाट केही आय आर्जन गर्ने गरेको उक्त तथ्याङ्कले प्रस्तुत गर्दछ । वैदेशिक रोजगारले गर्दा कृषि पेशामा कहि कतै कमी आएको भएपनि कृषि पेशामा लाग्नको लागि पनि कोही उत्प्रेरित भएको तथ्यले देखाउँदछ । खाद्यवाली वालीमा सवैभन्दा वढी संलग्न रहेको सम्वन्धित तथ्यले अझैपनि परम्परागत तरिकालेनै खाद्यवाली लगाउनुले जीवनस्तर अझै तल नै पर्नु को प्रमुख कारण हो । वैदेशिक रोजगारमा संलग्न घरपरिवारले उत्पादन गरेका विभिन्न खाद्यवस्तुलाई के कसरी प्रयोग गरिएको रहेछ भन्ने कुरा देखाउन खोजिएको छ । यस खाले गतिविधिले पनि घरको आर्थिक अवस्थालाई मजवुद वनाउने साथै वैदेशिक रोजगार वाट प्राप्त रकमलाई वचाउन सहयोग गर्दछ । माथिको तालिकामा उल्लेख भएअनुसार २८ प्रतिशत घरपरिवारले उत्पादन गरेको अन्नवाली विक्रिको लागि प्रयोग गर्न पुग्ने त्यस्तै ४० प्रतिशतले अन्नवाली साथै नगदेवाली घरपरीवारको लागिमात्र पुग्ने गरेको वताईको माथिको तथ्यवाट वुझ्न सकिन्छ । ३२ प्रतिशत घरपरिवारको आफैंले उत्पादन गरेको खाद्यवस्तुले आफैलाई पनि नपुग्ने देखिन्छ । यस तथ्यलाई हेर्दा खाद्यवस्तुको अभावको कारणले पनि वैदेशिक रोजगारमा जानेको सँख्या उच्च रहेको देखिन्छ । घरपरिवारको सल्लाहमा विदेश जानेको सँख्या ३० प्रतिशत रहेको छ भने साथीभाई गएको देखेर विदेश जानेको सँख्या पनि ३० प्रतिशत रहेको छ । धेरै कमाई गर्न भनि विदेश जानेको सँख्या २० प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा सम्लग्न हुनुभन्दा पहिला ४० प्रतिशत युवाहरू अध्ययनमा सँलग्न भएको पाईयो । अध्ययनलाई विचमा छाडेर सुनौलो भविश्यका लागि धेरै व्यत्तिहरू वैदेशिक रोजगारमा सम्लग्न भएको पाईयो । कृषि पेशामा सम्लग्न २० प्रतिशत युवाहरूको सँलग्नता रहेको पाईयो । मजदुरीमा सम्लग्न २० प्रतिशत, वेरोजगार १०

प्रतिशत र अन्य १० प्रतिशत रहेको छ अन्य भन्नाले कुनै पेशा नभएका र पेशाको पहिचान नभएको भन्ने वुझिन्छ । यसरी हेर्दा अध्ययनमा सम्लग्न युवाहरू नै सवैभन्दा वढी वैदेशिक रोजगारमा सँलग्न भएको पाउन सकिन्छ । वैदेशिक रोजगारमा सवैभन्दा वढी युवाहरू २५ देखि ३० वर्ष उमेर समुहका २८ प्रतिशत रहेका छन् । उमेर समुह ३५ देखि ४० का व्यक्ति २२ प्रतिशत र ३० देखि ३५ वर्षको समुह र ४० वर्ष देखि माथिको २० प्रतिशत रहेका छन् । यसरी हेर्दा उर्जाशिल समय वैदेशिक रोजगारको लागि खर्चेको अवस्था रहेको छ । ५० प्रतिशत युवाहरू माध्यामिक स्तरको पढाई पुरा गरेको देखिन्छन् भने २० प्रतिशत साक्षर मात्र रहेका प्रावि तह अध्ययन गर्ने १२ प्रतिशत रहेका उमावि तह १० प्रतिशत र विश्वविधालय तहका ८ प्रतिशत रहेको देखिन्छ । वैदेशिक रोजगारमा जानेको सँख्या अधिक मात्रमा कम शिक्षा हासिल गरेको देखिन्छ ।

सवैभन्दा वढी ४० प्रतिशत घरपरिवारले ऋण तिर्नका लागि वैदेशिक रकमलाई प्रयोग गरेको देखिन्छ । त्यस्तै ऋण तिरेर सकेका तथा ऋण नभएका २० प्रतिशत परिवारले जग्गा जमिन पनि खरिद गरेको देखिन्छ । २० प्रतिशतनै परिवारले नयाँ घरको निर्माण गरेको देखिन्छ । वार्षिक रूपमा १ देखि ५ लाख सम्मको आम्दानी गर्ने को सँख्या सवैभन्दा वढशी अर्थात ५० प्रतिशत रहेको छ भने ३० प्रतिशतले वार्षिक रूपमा ५ देखि १० लाखसम्मको आम्दानी गर्दछन त्यस्तै १० देखि १५ लाख वार्षिक आम्दानीगर्नेको सँख्या कुल १२ प्रतिशत र १५ लाख भन्दा वढी वार्षिक रूपमा आम्दानी गर्नेको सँख्या कुल ८ प्रतिशत रहेको देख्न सकिन्छ । तथ्याङ्कलाई हेर्दा सिपको विकास गरेर आउने उत्तरदाताहरू ७० प्रतिशत रहेका छन् भने नयाँ कुनै सिप नसिक्नेहरू ३० प्रतिशत रहेका तथ्याङ्कले देखाउँछ ।

वैदेशिक रोजगारमा सम्लग्न भएपछि यस अभ्ययन क्षेत्रमामा आएको परिवर्तनलाई हेर्दा पेशामा ५० घर परिवार मध्ये १० घरपरिवारका सदस्यले परम्परागत रूपमा रहेको कृषि पेशाको साटोमा व्यवसाय तिर लागेको र कृषिलाई पनि केही हदसम्म व्यवसायिक रूपमा गर्न खोजेको देखिन्छ । विवाह सम्वन्धमा आएको परिवर्तनलाई हेर्दा पुराना प्रचलनमा रहेको विवाह पद्धतिको साटो प्रेम विवाहमा घेरै सम्लग्न भएको पाईयो भने वैवाहिक दम्पतिमा पनि वैदेशिक रोजगारीको कारण घरवारमा समस्या परि विवाह वन्धन टुटेको पाईयो । भने आर्थिक रूपमा सवल भएपछि विवाहको लागि पनि आफै निर्णय क्षमता राख्ने गरेको पाइयो । वैदेशिक रोजगारमा संलग्नहरूको आर्थिक अवस्था पहिलाको तुलनामा निकै राम्रो रहेको

पाइयो जसले गर्दा घरको निर्माणमा फेरवदल गरि केही रूपमा भएपनि पक्कि घर वनाएको पाईयो जसमा २० प्रतिशतले घरनिर्माणमा जोड दिएको पाइयो । शिक्षाको अवस्थालाई हेर्दा आफ्ना वालवच्चालाई सकेसम्म नीजि विधालय पढाउनलाई चासो दिएको पाइयो भने आफ्ना सन्तानको शिक्षामा विशेष ध्यान दिएको पाइयो । उपचार पद्धतिमा पनि पहिलाको तुलनामा केहि परिवर्तन आएको पाइयो । स्वास्थ्य अपचारको लागि अस्पताल सम्म पुग्ने गरेको पाइयो । पहिला खर्चको अभावले गर्दा पनि अस्पताल सम्म जान असहज हुनाले सकेसम्म धामीको जाने र त्यसपछि मेडिकल जाने गरेका थिए । वैदेशिक रोजगारमा जाने परिवारको सदस्यले मोवाइल विदेश वाट पठाउने गरेकाले पनि प्रविधिमा विकास भएको पाइयो । वचतको अवस्था राम्रो भएपछि सामाजिक रूपमा पनि आफुलाई अरुले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइयो भने सामाजिक सम्वन्ध, पारिवारीक सम्वन्ध र छिमेकी सँगको सम्वन्धमा क्रमिक रूपमा सुधार आएको पाइयो ।

## ६.२ निष्कर्ष

लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका अन्तर्गत वडा नं ४ को दुईपिप्लेलाई लिईएको थियो । यसले सो क्षेत्रमा वैदेशिक रोजगारवाट प्राप्त विप्रेषणले समाजमा ल्याएको परिवर्तनलाई प्रकाश पारेको छ । यस क्षेत्रको परिवारवाट वैदेशिक रोजगारमा जाने परिवारमा आएको सामाजिक परिवर्तनलाई यस अध्ययनमा समावेश गरिएको छ । देशभित्र रोजगारको राम्रो अवसर नपाएका कारणले धेरै युवाहरू वैदेशिक रोजगारीमा जान वाध्य भएको देखिन्छन् । आर्थिक अवस्थामा भएको कमजोरीका कारणले पनि धेरै मानिसहरू यस्ता खालका रोजगारीमा सम्लग्न भएको देख्न सकिन्छ छरछिमेर र साथीभाईको वहकावमा लागेर साथै धेरै कमाई गर्ने प्रलोभनमा परेर पनि यस्ता खालको रोजगारीमा सम्लग्न भएका व्यक्ति यस अध्ययनको क्रममा सम्लग्न भएको देखिन्छ । पढाईलाई विचैमा छाडेर पनि कतिपय युवाहरू विदेशमा श्रम वेच्न गएको यस अध्ययनको क्रममा पाईयो । कृषि पेशावाट मनग्य आम्दानी नहुने र देशमा राज्यको तर्फवाट कुनै काम नहुने कारणले धेरै मानिसहरू वैदेशिक रोजगारीमा गएको देखिन्छ । अनुसन्धानको क्रममा वैदेशिक रोजगारीवाट प्राप्त रेमिट्यान्सको कारणले गर्दा उक्त परिवारहरूको सामाजिक सम्वन्धहरूमा नयाँपन आएको देख्न सकिन्छ । शिक्षा,स्वास्थ्य उपचार पद्धती खानपान लवाईखवाई आदिमा आमुल परिवर्तन आएको देख्न सकिन्छ । यसरी हेर्दा नेपालमा रोजगारीका अवसरहरू सजिलै सँग प्राप्त गर्न

नसकिने र स्वरोजगारको लागि उपयुक्त वातावरण नभएको हुनाले नेपाली युवाहरू रोजगारीका लागि विदेश जान वाध्य भएको यस अनुसन्धान वाट देख्न सकिन्छ । वैदेशिक रोजगारीमा गएपछिको अवस्थालाई हेर्दा शिक्षा, स्वास्थ्य, वैवाहीक उमेर, वैवाहिक सम्वन्ध,पेशा, प्रविधिको प्रयोगमा सुधार आएको देखिन्छ भने जसले गर्दा वैवाहिक सम्वन्धमा भने केही सम्वन्धले असर गरेको देखिन्छ । आर्थिक अवस्थामा सुधार आएका कारण विवाह पद्धति र सामाजिक संस्कारहरूलाई खर्चिलो वनाएको पाउन सकिन्छ । वचतको विकासको कारणले गर्दा समाजमा अरुसरह व्यवहार गर्ने सक्ने अवस्था भएका कारण समान रूपले व्यवहार गर्ने प्रचलनको विकास भएको पाउन सकिन्छ । वैदेशिक रोजगारका कारण आर्थिक रूपमा प्रगती सँगै सामाजिक सम्वन्धहरूमा पनि परिवर्तनहरू देख्न सकिन्छ ।

# सन्दर्भ सामाग्री


Adhikari, J. (2065). *Changing livelihoods: Essay's on Nepal's Development since 1990.* 1'st edition Martin chautari Kathmandu.

Bhandari, P.B. (2013). Rural livelihood change? Household capital, community resourses and livelihood transitions. *Journal of rural studies*.

NLSS. (2024). *Nepal Living Standard Survey-IV 2022-2023.* Nepal Statistics Office Kathmandu.

Ritzer G. (1992), *Socioological Theory*, New York Mac - Grew Hill International.

Thapa, N, et al. (2019). Status of migration and socio reproductive impacts and their families left behind in Nepal. *Migration and Development*, 8(3), 1-24.

www.mole.gov.np

www.fepb.gov.np,

www.dofe.gov.np

के.सी., नवराज (२०७९), *नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगारले खेल्न सक्ने भूमिका, वैदेशिक रोजगारका विविध पक्षहरू*, प्याराडाइज इन्टरनेशनल प्रा.लि. नयाँ बानेश्वर, काठमाडौं ।

खत्री, पुर्ण व.(२०७३), *श्रम तथा रोजगार एक अध्ययन* काठमाडौः श्रम तथा रोजगार वुलेटिन अंक १२ ।

गौतम, मित्रलाल (२०७८), *वैदेशिक रोजगार र यसको प्रभावः एक अध्ययन,* शोधपत्र समाजशास्त्र/मानवशास्त्र, पाटनमा प्रस्तुत शोधपत्र ।

घिमिरे, गणेश (२०७३), *श्रमको निम्ती वसाइसराइमा सार्क संगठनको भुमिका* ,अंक १२,श्रम तथा रोजगार वुलेटिन काठमाडौः श्रम तथा रोजगार मन्त्रालय ।

डाँगी, युवराज (२०८०), *वैदेशिक रोजगार र यसको प्रभाव, एक अध्ययन,* शोधपत्र समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

दाहाल, गणेश (२०७८), *वैदेशिक रोजगारका विविध पक्षहरू,* प्याराडाईज इन्टरनेशनल प्रा.लि.नयाँबानेश्वर।

नेपालको स्थिति प्रतिवेदन (२०१४/१५),*वैदेशिक रोजगारको लागि श्रम आप्रवासन,* काठमाडौंःनेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय ।

नेपालमा गरिबी (२०६८), *प्रारम्भिक नतिजा, केन्द्रीय तथ्याङ्क विभाग,* थापाथली, काठमाडौं ।

*नेपाल सरकार वैदेशिक रोजगार ऐन,* २०४२, २०६४ कानुनी किताब व्यवस्था समिति, ववरमहल, काठमाडौ ।

प्रसाई, खगेन्द्र (२०७८), *वैदेशिक रोजगारी सम्वन्धि सामाजिक प्रभाव विश्लेषण अध्ययन,* फाउन्डेसन फर क्रिटीकल डिस्कोर्ष नेपाल ।

पण्डित, सूर्यकुमार (२०७७), *नेपालमा वैदेशिक रोजगार,* काठमाडौंः वैदेशिक रोजगार पत्रकार संघ ।

पोखरेल, नारायणदत्त (२०७७), *वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभावः* एकअध्ययन, शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

प्रतिवेदन (२०६९), *श्रम तथा रोजरार मन्त्रालयको मलेशियामा नेपालमा वैदेशिक रोजगार तथा नेपाली कामदारको अनुगमन,* काठमाडौंः वैदेशिक रोजगार विभाग ।

विष्ट, वल्लभ (२०७३), *वैदेशिक रोजगारीमा नेपाली युवाहरूको आकर्षण,* श्रम वुलेटिन ( २०७३ अंक १२) काठमाडौंः श्रम तथा रोजगार मन्त्रालय ।

राष्ट्रिय जनगणना (२०६८), प्रारम्भिक नतिजा, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठ

राष्ट्रिय जनगणना (२०७८), प्रारम्भिक नतिजा, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं ।

*श्रम तथा रोजगार वुलेटिन* (२०७३/७४), *अंक १२,* काठमाडौः श्रम तथा रोजगार मन्त्रालय ।

*श्रम तथा रोजगार वुलेटिन* (२०८०), *अंक १८,* काठमाडौः श्रम तथा रोजगार मन्त्रालय ।

राई, जीवनकुमार (२०७३), *वैदेशिक रोजगार र नेपालको पुननीर्माण,* काठमाडौः श्रम तथा रोजगार वुलेटिन अंक १२ ।

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, *राष्ट्रिय रोजगार नीति,* (२०७१), सिंहदरवार काठमाण्डौ ।

न.पा. प्रोफाईल (२०८१) खोटाङ्ग जिल्ला अर्न्तगत दित्तेल रूपाकोट न.पा. वडा नं १ ।

**वैदेशिक रोजगारी महिलाहरूको जीविकोपार्जनमा आएको परिवर्तन शीर्षक को शोधपत्र तयारीको लागि तयार गरिएको प्रश्नावलीका नमूना**

## अनुसूची - १

## वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवारका लागि तयार गरिएको प्रश्नावली

उत्तरदाताको नाम (घरमूली) :–

परिवार संख्या :– मिति :–

धर्म :–

गा.पा. ⁄ न.पा. :– वडा नं. :–

| क.सं. | घरपरिवारको नामावली | घरमुलीसँगको नाता | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|---|
| | | | | | |

**आर्थिक क्षेत्रः**

१. तपाइको मुख्य पेशा के हो ?

(क)कृषि (ख)व्यापार (ग)नोकरी (घ)मजदुरी ।

२. यो पेशामा कहिलेदेखि संलग्न हुनुभएको हो ?

..........................................................................................................

३. तपाइको जग्गा जमिन छ कि छैन ?

(क)छ (ख)छैन ।

(i) यदि छ भने तपाईसँग जग्गा जमिन कति छ ?

(क) १ देखि ५ रोपनी (ख) ५देखि १० रोपनी

(ग) १० रोपनी भन्दा माथि

४. यति जग्गाको उब्जनीले खान पुग्छ त ?

(क)पुग्छ (ख)पुग्दैन

(i) यदि पुग्दैन भने वर्षमा कति महिना पुग्दैन ?

(क) १२ महिना (ख) ६ महिना (ग) ३ महिना

(ii). त्यसोभए तपाईले कसरी जीवन यापन गरिरहनु भएको छ ?

(क) ज्याला मजदुरी गरेर (ख)व्यापार-व्यवसाय गरेर

ग)अरुको जमिन अधियाँ लिएर (घ)अरुको जमिन ठेक्का लिएर

(ङ)अन्य ……………………

५. तपाइले आफ्नो जमिन अरुलाई कमाउन दिनुभएको छ ?

(क)छ (ख)छैन ।

६. तपाइको कुन प्रकारको जग्गा जमिन रहेको छ ?

(क)पानी लाग्ने (ख)पानी नलाग्ने (ग) बन बुट्यान

(i) तपाइले जग्गामा खाधान्न के-के उत्पादन गर्नहुन्छ ?

(क) खाधान्न (ख) तरकारी (ग) नगदेवाली (घ)अन्य ।

७. घरको लागि मात्र उत्पादन गर्नहुन्छ कि बेच्नको लागि ?

(क) घरको लागी मात्र (ख) केही बेच्छु (ग) घरलाई नै पुग्दैन

(i) वैदेशिक रोजगार अघि तपाइको परिवारको मासिक आम्दानी कति हुन्छ ?

(क) १ देखि ५ हजार (ख) ५ हजार देखी १० हजार

(ग) १० हजार देखि माथि

८. तपाई यस पेशाप्रति सन्तुष्ट हुनुहुन्छ ?

(क)सन्तुष्ट छु (ख) सन्तुष्ट छैन

९. यदि सन्तुष्ट भए किन हुनुहुन्छ ?

……………………………………………………………………………………………

१०. यदि सन्तुष्ट नभए किन हुनुहुन्न ?

……………………………………………………………………………………………

११. घरको किसिमः– (अवलोकनबाट)

| पक्की | ढुङ्गा माटो | कच्ची |
|---|---|---|
| | | |

१२. तपाइको घरमा सञ्चारको साधन के-के छ ?

(क)रेडियो (ख)टेलिभिजन (ग)मोवाइल (घ)कम्प्यूटर (ङ)अन्य ।

१४. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि परिवारमा तलको परिवर्तन के-के देखा परेका छन्ः–

(i) आर्थिक परिवर्तनमा के-के परेको छ ?

(क)पेशा (ख)आम्दानी (ग)उत्पादन (घ)उपभोग

(ङ)खर्च (च)अन्य ।

(ii) सामाजिक सम्बन्धमा (क्षेत्र) के-के परिवर्तन परेको छ ?

(क)शिक्षा (ख)जातजाति (ग)धर्म (घ)अन्य

१५. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि कमाएको पैसाले के गर्नुभयो ?

(क)ऋण तिरे (ख)घर बनाए (ग)जग्गा किने (घ)व्यापार गरे (ङ)अन्य ।

१६. वैदेशिक रोजगारले तपाईको परिवारको आर्थिक आम्दानीमा के सुधार ल्याएको छ ?

(क)आम्दानीमा वृद्धि (ख)आम्दानीमा वृद्धि नभएको

**सामाजिक क्षेत्रः**

१. तपाइको कति जना छोराछोरी वैदेशिक रोजगारमा गएका छन् ?

| छोराछोरी | संख्या | देश |
|---|---|---|
| छोरा | | |
| छोरी | | |

२. तपाइको छोरीलाई कस्तो स्कुलमा पढाउनु भएको छ ?

(क) सरकारी स्कुल (ख) निजी स्कुल

(i) तपाइको छोरालाई कस्तो स्कुलमा पढाउनु भएको छ ?

(क) सरकारी स्कुल (ख) निजी स्कुल

३. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि छोराछोरीको शैक्षिक अवस्थामा परिवर्तन आएको छ ?

(क)छ (ख)छैन (ग) उस्तै छ

(i) यदि परिवर्तन आएको छ भने के परिवर्तन आएको छ ?

..........................................................................................................

(ii) यदि परिवर्तन आएको छैन भने किन आएको छैन ?

..........................................................................................................

४. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि गर्दै आउनु भएको सामाजिक कार्यमा (विकास निर्माण) परिवर्तन गर्नु भएको छ ?

(क)छ (ख)छैन (ग) उस्तै छ

(i) यदि छ भने के कुरामा परिवर्तन गर्नुभएको छ ?

..........................................................................................................

(ii) यदि छैन भने के कुरामा परिवर्तन गर्नुभएको छैन् ?

..........................................................................................................

५. तपाई समाजमा हुने सामाजिक क्रियाकलाप (विकास निर्माण) मा सहभागी हुनुहुन्छ ?

(क)हुन्छु (ख)हुँदिन ।

(i) यदि हुनुहुन्छ भने के-के मा संलग्न हुनुहुन्छ ?

..........................................................................................................

६. वैदेशिक रोजगारले तपाइको परिवारको सामाजिक सम्बन्धमा के कस्तो परिवर्तन ल्याएको छ ?

(क) ल्याएको छ (ख) ल्याएको छैन ।

(i) यदि ल्याएको छ भने कुन-कुन कुरामा परिवर्तन ल्याएको छ ?

..........................................................................................................

(ii) यदि ल्याएको छैन भने किन परिवर्तन ल्याएको छैन् ?

..........................................................................................................

## अनुसूची – २

## वैदेशक रोजगारबाट फर्किएका व्यक्तिका लागि तयार पारिएको प्रश्नावली

उत्तरदाताको नाम :–

परिवार संख्या :– मिति :–

धर्म :–

गा.पा./न.पा.: वडा नं. :–

| क्र.सं. | घरपरिवारको नामावली | घरमुलीसँगको नाता | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|---|
| | | | | | |

१. तपाईको वैदेशिक रोजगारमा जानु अघि मुख्य पेशा के थियो ?

(क)कृषि (ख)अध्ययन (ग)मजदुरी (ङ)वेरोजगार (च)अन्य ।

२. तपाइको यस पेशाले वार्षिक आम्दानी कति हुन्थ्यो ?

३. तपाइको आम्दानिले खर्च पुग्थ्यो ?

५. तपाइले वैदेशिक रोजगारमा जाने प्रेरणा कसरी पाउनु भयो ?

(क)घरपरिवारको सल्लाहले (ख)गरिबीको कारणले

(ग)साथिभाई गएको देखेर (घ)धेरै कमाइ गर्नका लागि ।

६. वैदेशिक रोजगारमा जानुपर्ने मुख्य कारण के हो ?

.........................................................................................................

७. वैदेशिक रोजगारमा जानको लागि तयारी समय कति लाग्यो ?

.........................................................................................................

८. वैदेशिक रोजगारमा तपाई कसमार्फत जानुभएको हो ?

(क) मेनपावर मार्फत (ख) एजेन्ट मार्फत (ग) आफै

९. वैदेशिक रोजगारमा जानको लागि लागत (खर्च) कति लाग्यो ?

१०. खर्च कसरी जुटाउनु भयो ?

.........................................................................................

११. तपाईले वैदेशिक रोजगारबाट कुनै भाषा सिकेर आउनु भएको हो ?

(क)हो (ख)होइन ।

(i) यदि हो भने कुन भाषा सिकेर आउनुभयो ?

.................................................................

१२. तपाईको वैदेशिक रोजगारबाट कुनै सीप विकास भएको छ ?

(क) सिपको विकास भएको (ख) सिपको विकास नभएको

(i) यदि हो भने कुन सीप सिकेर आउनु भयो ?

(ii) त्यो सीप नेपालमा काम लाग्यो ?

(क)लाग्यो (ख)लागेन ।

१३. पहिला कुन देश गएर आउनु भएको हो ?

(क)मलेसिया (ख)साउदी अरब (ग)कतार (घ) यु ए ई

(ङ) कुवेत च)अन्य ।

१४. कुन कामका लागि जानु भएको हो ?

(क)सुरक्षा गार्ड (ख)ड्राइभर (ग)मजदुरी (घ)अन्य ।

१५. तपाइको वैदेशिक रोजगारमा वार्षिक आम्दानी कति हुन्थ्यो ?

क) १ देखि ५ लाख ख) ५ देखि १० लाख ग) १० देखि १५ घ) आम्दानी नभएको

१६. वैदेशिक रोजगारमा गएपछि तपाइको परिवारको स्थितिमा परिवर्तन आएको छ ?

(क)परिवर्तन आएको छ (ख)परिवर्तन आएको छैन ।

(i) यदि परिवर्तन भएको भए के परिवर्तन आएको छ ? बताउनुहोस् ।

१७. वैदेशिक रोजगारमा कति समय बिताउनु भयो ?

१८. तपाई वैदेशिक रोजगारबाट किन फर्कनु भएको हो ?

(क) पूनः जाने विचारले छुट्टि लिएर (ख) काम सकिएर

(ग) काम गाह्रो भएर (घ) तलब-सुबिधा आकर्षण नभएर ।

१९. वैदेशिक रोजगारबाट कमाएको पैसाले के गर्नुभयो ?

(क)ऋण चुक्ता (ख)जग्गा खरिद (ग)घर निर्माण

(घ) व्यवसाय ङ)अन्य ।

२०. वैदेशिक रोजगारबाट फर्किएपछि हाल के गर्दै हुनुहुन्छ ?

(क) कृषि (ख) व्यापार (ग) नोकरी (घ)मजदुरी

(ङ) बेरोजगार (च)अन्य ।

२१. वैदेशिक रोजगारमा पूनः जान चाहनुहुन्छ ?

(क) पूनः जान चाहन्छु (ख)चाहन्न (ग)स्वदेशमा रोजगार पाए जान्न

(घ) केहि सोचेको छैन ।

२२. स्वदेशको भन्दा विदेशको कमाइ बढि भयो ?

(क)आम्दानी बढि भयो (ख)आम्दानी उस्तै भयो

(ग)आम्दानी झन घट्यो

२३. वैदेशिक रोजगारले तपाइको परिवारको आर्थिक स्थितिमा परिवर्तन आएको छ ?

(क)सुधार आएको छ (ख)उस्तै छ (ग)झन खराब भएको छ ।

(i) यदि सुधार आएको छ भने के-के भएको छ ?

२४. वैदेशिक रोजगारपछि तपाइलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ ?

(क)परिवर्तन आएको छ (ख)परिवर्तन आएको छैन ।

(i) यदि छ भने के-के परिवर्तन आएको छ ?

२५. तपाई सामाजिक कार्य (विकास निर्माण) मा कत्तिको सहभागि हुनुहुन्छ ?

(क)हुन्छु (ख)हुँदिन ।

(i) यदि हुनुहुन्छ भने के-के मा सहभागी हुनुहुन्छ ?

२६. तपाई पहिलादेखि कै विकास निर्माणको कार्यमा सहभागि हुँदै आउनु भएको हो ?

(क)हो (ख)भर्खरै (ग) होइन ।

(i) यदि भर्खरै सहभागी हुनु भएको भए के कारणले सहभागी हुन भएको हो ?

२७. वैदेशिक रोजगारभन्दा अगाडी तपाइको परिवारलाई समाजमा कसरी हेरिन्थ्यो ?

२८. वैदेशिक रोजगारमा संलग्नपछि तपाइको परिवारलाई कसरी हेर्ने गरिएको छ ?

२९. तपाइले वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अघि सामाजिक कार्य (विकास निर्माण) गर्ने खर्च कसरी जुटाउनुहुन्थ्यो ?

(क)ऋण लिएर (ख)आफ्नो बचतले (ग)अन्य ।

(i) अहिले ति सामाजिक कार्य गर्ने खर्च कसरी जुटाइ रहनु भएको छ ?

(क)आफ्नो कमाइले (ख)विदेशको कमाइले (ग)बचत रकमबाट (घ)अन्य ।

३०. तपाई अहिले सरसापट दिनसक्ने हुनु भएको छ ?

(क)छ (ख) छैन ।

(i) यदि दिनसक्ने हुनुभएको भए के कारणले भएको हो ?

धन्यवाद !